सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ भदौ २०८२, सोमबार (8 Sep 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पहिलोपटक सडकमा उत्रिँदै 'जेन–जी'

सत्ताबाट खोसिएको सामाजिक सञ्जाल फिर्ता, भ्रष्टाचारको अन्त्य र सुशासनको माग गर्दै हजारौँ युवा सडकमा उत्रिँदै

■ नक्खु कारागारबाट रवि लामिछानेले ऐक्यबद्धता जनाउँदै भने-

यो देशको इतिहास तपाईंहरूकै हातबाट लेखिँदै छ



प्रिय जेन-जी, सत्ता र शक्तिको नसामा चुर, अनि घमण्ड र प्रतिशोधको आनन्दमा मग्न शासकहरूलाई थाहा छैन, तपाईंहरूको विवेक र आवेगसँग यो देशको इतिहास बदल्ने शक्ति छ। भोलिको दिन इतिहासको नयाँ सुरुवातको दिन हो। घुसपैठ हुन सक्छ सचेत हुनुहोस्, उत्तेजित बनाउन सक्छन् विवेक प्रयोग गर्नुहोस्। तपाईंको आफ्नो इतिहास र यो देशको इतिहास पनि तपाईंकै हातबाट लेखिँदै छ। नक्खु जेलको कालकोठरीबाट म तपाईंहरूप्रति शुभेच्छा, सद्भाव र ऐक्यबद्धता प्रकट गर्दछु।

■ बालेनले भने- **मेरो भरपूर समर्थन छ**



भोलि (सोमबार)को ज्याली स्पष्ट स्वस्फूर्त रूपमा जेन-जीको हो, उहाँहरू भनेको २८ वर्षमुनि हुनुहुन्छ, जसका लागि म पनि बुढो देखिन्छु। मलाई पनि उहाँहरूको इच्छा, उद्देश्य, सोच बुझ्न मन छ। भोलि यो स्वस्फूर्त ज्यालीमा कुनै पार्टी, नेता, कार्यकर्ता, सांसद, बहुला, अभियन्ताहरू आफ्नो स्वार्थ पूरा गर्न बाठो नबन्नुहोला, म उमेर हदबन्दीको कारण जान मिल्दैन, तर उहाँहरूको कुरा बुझ्नु जरुरी छ, मेरो भरपूर समर्थन छ। प्रिय जेन-जी भन्नुस्- तपाईंहरूले कस्तो देश देख्न चाहनुहुन्छ ?

■ पूर्वप्रधानमन्त्री प्रचण्ड, कांग्रेस नेता शेखर कोइरालादेखि कलाकारसम्मको शुभेच्छा

■ उपस्थितिबारे प्रहरी नै अलमलमा, गतिविधि विश्लेषण गरेर सुरक्षा संयन्त्र परिचालन गर्ने रणनीति

शिवहरि घिमिरे / नयाँ पत्रिका

सत्ता र शासकले युवाको नवप्रवर्तक सोचलाई जहिल्यै खेलाँची ठान्छ, आफूमाथि प्रश्न उठाउँदा दमनमा उत्रिन्छ। राणा शासकले गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमाजस्ता युवाको हत्या गऱ्यो, तर ती होनहार युवाको 'प्रजातान्त्रिक सोच' थप संस्थागत भयो। त्यही जगमा अहिलेको गणतान्त्रिक नेपाल छ। तर, नागरिकका आवाज थुन्ने, भ्रष्टाचार र बेथितिमा रमाउने शैली सत्ताको नेतृत्वमा देखिएपछि त्यसवेलाका गंगालालकै उमेरका युवा पुस्ता आज खबरदारीका लागि सडकमा ओर्लिँदै छ। र, यो पुस्ता हो, सन् १९९७ देखि २०१२ सम्म जन्मिएको 'जेन-जी'।

» पृष्ठ २ मा क्रमशः



■ **यस्तो छ प्रदर्शनको तालिका** : बिहान ९ बजे माइतीघरमा भेला। सुरक्षाकर्मीलाई फूल दिएर सुरु गर्ने। दुई घण्टा माइतीघरमा ज्याली र प्रदर्शन। माइतीघरदेखि सर्भिस लेन प्रयोग गर्दै नयाँ बानेश्वरसम्म पुग्ने। त्यहाँ कोणसभा गर्ने र कार्यक्रम सक्ने।

■ **उपत्यकाबाहिर**- झापा, विराटनगर, वीरगन्ज, बुटवल, पोखरा, चितवनलगायत ठुला सहरमा पनि जेन-जी प्रदर्शनमा उत्रिँदै

सम्पादकीय टिप्पणी

सत्ताले सडकमा उत्रिन विवश बनाएको जेन–जी

१३ देखि २८ वर्ष उमेर समूहको अर्थात् 'जेन-जी' पुस्ता स्वस्फूर्त रूपमा आज सडकमा उत्रिँदै छ। संविधानप्रदत्त नागरिकको हक नै कुण्ठित गर्ने शासकहरूको दुष्प्रयास तथा सत्ता र शक्तिको आडमा हुँदै आएको भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा यो पुस्ताले उठाएको जबर्जस्त आवाज स्वागतयोग्य छ। कम्तीमा सामाजिक सञ्जालमा सीमित सत्ताको मनोमानीविरुद्धको आक्रोशलाई सडकमा उतार्न सरकारले नै विवश बनाएको हो।

जेन-जी पुस्तासहितका नागरिकले शासकका गतिविधिलाई नियमित खबरदारी गरिरहेका थिए। सामाजिक सञ्जाल त्यसको सबैभन्दा बलियो माध्यम थियो। तर, रचनात्मक आलोचनासमेत सुन्नै नसक्ने अहंकार पलाइसकेको सरकारले संविधानले नै ग्यारेन्टी गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचनाको हकमाथि नै कुठाराघात गर्ने गरी सामाजिक सञ्जाल नै बन्द गऱ्यो। बेरोजगारीले आक्रान्त भएर अन्तर्राष्ट्रिय विमानस्थलमा आँसु चुहाउँदै देश छाड्न विवश लाखौँ युवाका दर्दनाक पीडा छुट्टै छन्। देशमै भएका सयौँ युवा सामाजिक सञ्जालकै माध्यमबाट स्वरोजगार पनि भएका थिए। तर, सत्ताको हर्कतले उनीहरूको आवाज थुन्ने मात्रै होइन, मुखको माड पनि खोस्यो। त्यसका विरुद्ध पनि जेन-जी पुस्ताले धावा बोलेको छ। नागरिकलाई रैती ठानिरहेका शासकविरुद्ध जेन-जी पुस्ताको यो विद्रोह संयमित र शालीन बनोस्।

■ सञ्जालबाटै सुरु भएका विश्वका केही चर्चित आन्दोलन

ट्युनिसिया, लिबिया, इजिप्ट र यमनका शासकको सत्ता नै ढल्यो



अरब वसन्त (ट्युनिसिया, लिबिया, इजिप्ट, यमन र सिरिया) : २०१०–०१२

श्रवण उप्रेती / नयाँ पत्रिका

सन् २०१० को दशकको प्रारम्भमा अरब देशहरूमा एकपछि अर्को गरी आन्दोलनको लहर उठ्यो। संयुक्त रूपमा 'अरब वसन्त' भनिने यस लहरको बलमा अत्यन्त शक्तिशाली ठानिएको तानाशाही शासक गर्ल्यामगुर्लुम ढल्न पुग्यो। यति प्रभावशाली आन्दोलनको जग सामाजिक सञ्जालको आक्रोशबाट सुरु भएको थियो।

ट्युनिसियाका सरकारी अधिकारीले खोसिदिएको आफ्नो ठेला फिर्ता लिन गएका २६ वर्षीय मोहम्मद बुअजिजीलाई जब अधिकारीले अपमान गरेर फर्काइदिए, उनले घर फर्किनुको साटो सरकारी कार्यालयमा आगो लगाएर आत्मदाह गरे। बुअजिजीले भोगेको अपमान र निराशा सामाजिक सञ्जालमा 'भाइरल' भयो। दशकौँदेखि दबिएको आक्रोश आगोसरि फैलियो।

ट्युनिसियाबाट सुरु भएको आन्दोलनले सबैभन्दा पहिले सोही देशका राष्ट्रपति जिने अल अबिदिने बेन अलीको २४ वर्ष लामो शासन अन्त्य गऱ्यो। त्यसपछि छिमेकी लिबियामा फैलिएको क्रान्तिको ज्वारमा मुअम्मर गद्दाफीको ४२ वर्षीय शासन पनि

» पृष्ठ २ मा क्रमशः

९० हजार निजामती कर्मचारीमा भेटिएनन् सर्वोत्कृष्ट

छनोट प्रक्रिया पारदर्शी नहुँदा सर्वोत्कृष्ट कर्मचारी भेट्टाउन मुस्किल



०६१ देखि निजामती सेवा दिवस मनाउन थालिएकामा २१ वर्षमा चारजना कर्मचारीले मात्र सर्वोत्कृष्ट निजामती पुरस्कार पाएका छन्। ०७३ मा सर्वोत्कृष्ट निजामती पुरस्कार तत्कालीन सचिव शान्तराज सुवेदी (हाल अवकाश) ले पाएका थिए। त्यसयता यो शीर्षकमा कसैले पनि पुरस्कार पाएको छैन।

(विस्तृत पृष्ठ ३)

भ्रष्टाचारबारे 'जेन-जी' पुस्ताले बुझ्नैपर्ने पक्ष



अग्रलेख

● रुजित काफ्ले

'जेन-जी' पुस्ताको आन्दोलन सफल हुन्छ वा हुँदैन, त्यो फरक पाटो भए पनि यो पुस्ताको अभियान जायज र समयसापेक्ष छ

(पृष्ठ ४)

ट्रम्पले अमेरिकी ढोका बन्द गर्दा भारतका विकल्प



लेख

● अदिति बहादुरी

भारी शुल्क लगाउने अमेरिकाको पछिल्लो कदमले भारतको आधाभन्दा बढी निर्यातलाई पार्नेछ खतरा

(पृष्ठ ५)

एक वर्षमा सामाजिक सञ्जालबाट नेपालीले भित्र्याए साढे तीन अर्ब

सञ्जाल बन्दको निर्णयपछि आम्दानी ठप्प



गत आवमा ७८ करोड ९० लाख बाहिरियो, यस्तो कारोबारबाट नेपाललाई दुई अर्ब ७४ करोड १३ लाख नाफा

(विस्तृत पृष्ठ ६)

NIMB AUTO LOAN @6.29% p.a.

इपिएस प्रणाली कमजोर पार्दै मेनपावरमार्फत कोरियामा कामदार पठाउने श्रममन्त्री भण्डारीको तयारी



● 'ई-सेभेन' भिसामार्फत नेपाली श्रमिक पठाउन जारी कार्यविधि पटकपटक संशोधन, मागपत्र नआउँदै श्रमिकसँग पैसा असुली गर्दै मेनपावर

● मेनपावरबाट कोरिया पठाउने प्रक्रिया रोक्न अख्तियारको पत्र

अजित अधिकारी / नयाँ पत्रिका

वैदेशिक रोजगार व्यवसायीको स्वार्थअनुकूल दक्षिण कोरियामा 'ई-सेभेन' भिसामार्फत नेपाली श्रमिक पठाउन जारी कार्यविधि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पटकपटक संशोधन गरेको छ। यसले पारदर्शी र श्रमिकमैत्री मानिएको इपिएस प्रणाली धरापमा पर्ने मात्र होइन, मेनपावर कम्पनीहरूले धेरै पैसा असुल्ने र श्रमिकहरू ठगिने जोखिम बढेको छ।

हाल दुई देशको सरकारीस्तरमा भएको सम्झौता (जिटुजी) अनुसार दक्षिण कोरियामा पारदर्शी रूपमा श्रमिक पठाउने व्यवस्था रहे पनि श्रममन्त्री शरत्सिंह भण्डारीले कार्यविधि संशोधन गरेर निजी मेनपावर कम्पनीलाई 'ई-सेभेन' भिसामार्फत श्रमिक पठाउने बाटो खोलिदिएका छन्। मन्त्री भण्डारीले गत ९ र १३ असार मा लगातार कार्यविधि संशोधन गरेका छन्। यसमा ठुलो नीतिगत चलखेलको आरोप लागेको छ।

आफूअनुकूल कार्यविधि आएसँगै केही ठुला मेनपावर

» पृष्ठ २ मा क्रमशः



ओलीलाई फेरि पनि अध्यक्ष बन्न बाटो खुला

'कुनै पनि कमिटीको कार्यकारी पदमा ७० वर्षे उमेरहदको सीमा र दुई कार्यकाल मात्र कार्यकारी पदमा उम्मेदवार बन्न पाउने' दुवै व्यवस्था हटाएपछि ७४ वर्षीय केपी ओलीलाई फेरि पनि एमाले अध्यक्ष बन्न सक्ने बाटो खुला



शुरोजंग पाण्डे / नयाँ पत्रिका

दोस्रो कार्यकालका लागि पार्टी नेतृत्व सम्मालिरहेका ७४ वर्षीय केपी ओलीले फेरि पनि एमाले अध्यक्ष बन्न सक्ने गरी पार्टी विधान पारित गराएका छन्। आइतबार सकिएको एमालेको दोस्रो विधान महाधिवेशनले ७० वर्षे उमेरहद र कार्यकारी पदको कार्यकालको पूर्ववत् व्यवस्था हटाएपछि ओलीलाई पुनः अध्यक्ष बन्ने बाटो खुला भएको हो। पूर्वराष्ट्रपति विद्या भण्डारीलाई रोक्न ओलीले उनको सदस्यता नवीकरण नै रोकेका छन्।

» पृष्ठ २ मा क्रमशः

अब के गर्छ विद्या समूह ?



अध्यक्ष केपी ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरणको विषय नउठाउन निर्देशन दिए पनि महाधिवेशनमा उल्लेख्य प्रतिनिधि त्यही मुद्दामा उभिएपछि विद्या समूह उत्साहित बनेको छ। महाधिवेशन हलमा प्रतिनिधिहरूले प्रकट गरेको उल्लेख्य मतसँगै अध्यक्ष ओलीले पूर्वराष्ट्रपति विद्यासँग पुनः अलगै संवाद गरेर पार्टीका बैठकबाटै सदस्यतासम्बन्धी मुद्दा हल गर्ने प्रतिबद्धता जनाएका छन्। यससँगै विद्या पक्षधर नेताहरू ओलीलाई शंकाको लाभ दिँदै संगठित रूपमा राष्ट्रिय महाधिवेशनको तयारीमा जुट्ने योजनामा छन्।



● **विनोद ढकाल**, विद्या पक्षका नेता

पूर्वराष्ट्रपतिको सदस्यताका विषयमा हलमा प्रतिनिधिले सुझाव राखेका छन्। ती चासो र सरोकार सम्बोधन हुने गरी उहाँसँग संवाद र छलफल गरी केन्द्रीय कमिटी र सचिवालयको बैठकबाटै टुंगो लगाउने पार्टी अध्यक्षको प्रतिबद्धता आएको छ। यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं। उहाँ प्रतिबद्धताअनुसार अगाडि बढ्दा एमालेलाई एकताबद्ध रूपमा लैजान सकिन्छ। सार्वभौम प्रतिनिधिहरूको सुझाव समेटेर अगाडि बढ्नुको विकल्प पनि छैन।



● **प्रा. कृष्ण पोखरेल**, विश्लेषक

विद्यासहित उनको पक्षमा खुल्ने नेता-कार्यकर्तालाई ओलीले पार्टीमा उचित स्थान र भूमिका पक्कै दिँदैनन्। यी सबै बुझेरै उनी पक्षधर नेता-कार्यकर्ता अगाडि बढेको हुनुपर्छ। अहिले जति प्रतिनिधि भण्डारीको पक्षमा खुले, त्यो उल्लेख्य पंक्ति नै मान्नुपर्छ। अब राष्ट्रिय महाधिवेशनका लागि नयाँ प्रतिनिधि चुनिने हो। त्यसैले ओलीले चाहँदैमा, माथिबाट सिटी फुक्दैमा तल प्रतिनिधि छानिने होइनन्। युवा र अखिलमा जसरी चुनाव भएरै प्रतिनिधि आउने हो। त्यसैले विद्या पक्षका लागि राष्ट्रिय महाधिवेशन एउटा ठुलो अवसर छ।

पहिलोपटक 'जेन–जी'...

पृष्ठ १ बाट क्रमशः

१३-२८ वर्ष उमेरभित्रको जेन-जी प्रविधिको उच्चतम प्रयोग गर्दै त्यहीँबाट 'करिअर' तय गर्दै छ। विश्वव्यापी यो ट्रेन्डबाट नेपालका जेन-जी अलग छैनन्। उनीहरूले राज्यप्रतिका असन्तुष्टि पनि विभिन्न सामाजिक सञ्जालमार्फत अभिव्यक्त गर्दै आएका थिए। राज्य सञ्चालकमाथि खबरदारी गर्दै आएका थिए। जब केपी ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालका प्लाटफर्म नै बन्द गरिदियो, तब यो पुस्ता सञ्जालबाट सडकमा ओर्लिने निर्णयमा पुगेको छ। सोमबार उनीहरूको 'भ्रष्टाचारविरुद्ध कार्यक्रम' छ, माइतीघरमा।

दुई युवा जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेर सिडिओ छवि रिजालसँग 'सोमबार बिहान ११ बजे माइतीघर मण्डलामा स्वतन्त्र नेपाली युवाहरूको आयोजनामा भ्रष्टाचारविरुद्ध कार्यक्रम गर्न लागेकाले शान्ति सुरक्षाको व्यवस्था मिलाइदिनू' भन्दै अनुमति मागेका थिए। कार्यक्रमको संयोजक रहेका ती दुई युवा हुन्, सबल गौतम र पुरुषोत्तम यादव। जेन-जीबिच सुरुमा एकले अर्कोलाई आह्वान गर्दै सामाजिक सञ्जाल तथा विभिन्न प्लाटफर्ममार्फत सुरु भएको यो अभियानमा अहिले हजारौं युवाले ऐक्यबद्धता जनाएका छन्। नेक्स जेन नेपाललगायत विभिन्न ग्रुपबाट यो अभियानका लागि युवाहरू गोलबद्ध भइरहेका छन्। कैयौं अभिभावकले नै आफ्ना छोराछोरीलाई उक्त अभियानमा सहभागी हुन सार्वजनिक रूपमै सन्देश जारी गरेका छन्।

'दुई युवा शान्तिपूर्ण प्रदर्शन गर्ने कार्यक्रमको पत्र लिएर अनुमति लिन आइतबार दिउँसो कार्यालयमा आउनुभएको थियो। प्रशासनले कार्यक्रम गर्न अनुमति दिएको छ,' सिडिओ रिजालले भने, 'शान्तिसुरक्षाका सवालमा योजना तय गर्न सुरक्षा संयन्त्रलाई निर्देशन पनि भइसकेको छ।'

जेन-जीले प्रदर्शनलाई रचनात्मक बनाउन खोजेका छन्। सुरुमै प्रहरीलाई फूल दिने कार्यक्रम छ। सम्भव भएसम्म काठमाडौंको माइतीघर मण्डलामा उपस्थित हुन आह्वान गरेकामा, नभए जहाँ सम्भव हुन्छ त्यही सहरमा भेला भएर अभियान सफल पार्न अपिल गरेका छन्। फेसबुकमा नेक्स जेन नेपाल नामको ग्रुप नै बनाएर 'जेन-जी मुभमेन्ट'मा सहभागी हुन आह्वान गरिएको छ। 'भ्रष्टाचारलगायत देशमा व्याप्त सम्पूर्ण बेथितिविरुद्ध राष्ट्रियस्तरको कार्यक्रम आयोजना हुँदै छ, यस कार्यक्रममार्फत जात, धर्म, वर्ग, पार्टीभन्दा माथि उठी राष्ट्रिय एकताका आधारमा भ्रष्टाचार र बेथितिविरुद्धको आवाज बुलन्द गरिनेछ,' उक्त फेसबुक ग्रुपमा राखिएको विज्ञप्तिमा उल्लेख छ, 'भ्रष्टाचारविरुद्धको संघर्ष केवल युवाहरूको मात्र नभई सम्पूर्ण नेपाली जनताको साझा अभियान हो, एकता, सत्य र न्याय नै नयाँ नेपालको मार्गदर्शक सिद्धान्त हुन्, यस ऐतिहासिक अभियानमा सम्पूर्ण युवाहरू तथा आमनागरिकहरूको सक्रिय उपस्थितिका लागि हार्दिक अपिल गर्दछौं।'

जेन-जी युवा सत्तामा हुनेहरूको रवैयाबाट हैरान छन्। राज्यको तालाचाबी बोकेकाहरूले भ्रष्टाचार गरेका र सुशासनको धज्जी उडाएका त थिए नै, हुँदाहुँदै नागरिकको मुखसमेत थुन्न थालेपछि उनीहरू आक्रोशित बनेका हुन्।

'अहिले सामाजिक सञ्जाल बन्द छ, यसमा हाम्रो बढी आपत्ति हो। भ्रष्टाचार र माथिल्लो पदमा राजनीतिक नियुक्ति हुनुहुँदैन भन्ने मुद्दा पनि हामीले उठाएका छौं,' जेन-जीको एउटा समूहको अगुवाइ गरिरहेकी रक्षा बम भन्छिन्, 'समूह-समूह मिलेर युवाहरू एकै ठाउँमा जुट्न लागेका छौं।'

काठमाडौंका ज्ञान मार्कले पनि सोमबारको प्रदर्शनमा हरेक युवा स्वस्फूर्त सहभागी हुन लागेको बताए। 'यो आन्दोलनमा हरेक व्यक्ति आफैँमा अगुवा हो, यो विशेषगरी आगोको झिल्का हो, बिस्तारै बढ्दै जान्छ,' उनले भने, 'एकजनाले यस्तो गरौं न भनेर टिकटकबाट आह्वान गर्नुभएको थियो, बिस्तारै यो बढ्दै गयो, अझ सामाजिक सञ्जाल बन्द गरेपछि यसको तयारी तीव्र रूपमा भयो, थपिँदै-थपिँदै देशैभरका युवाहरू प्रदर्शनमा सहभागी हुँदै हुनुहुन्छ, म पनि त्यसैको एउटा प्रतिनिधि हुँ।' उनले भ्रष्टाचार, दण्डहीनता, ढिलासुस्ती, हैरानीविरुद्ध सडकमा आउन लागेको बताए। पछिल्लो समय केही युवाले नेपालमै बसेर सामाजिक सञ्जालबाटै कमाउने गरेकोमा त्यसलाई बन्द गरेर उनीहरूको रोजीरोटी खोसिएको पनि उनको गुनासो छ। जेन-जी प्रदर्शनका अर्का अगुवाकर्ता आदित्य मिश्रले निकै शान्त र शिष्ट शैलीमा युवाहरूले सडकबाटै आफ्ना माग राख्ने बताए। 'हामी शान्तिपूर्वक युवाका माग राख्छौं, रचनात्मक रूपमा प्रस्तुत हुन्छौं। कसैले गाउनुहुन्छ, कसैले नारा लगाउनुहुन्छ,' उनले भने, 'प्रदर्शनमा धेरैजसो विद्यार्थी पनि आउँदै हुनुहुन्छ, समूह-समूहमा मिलेर आउँदै हुनुहुन्छ, सबैका कारणले यो कार्यक्रम व्यवस्थित बन्ने हो।'

प्रदर्शनको तयारी गरिरहेका अर्का युवा भूषण आचार्यले सोमबार २० हजारभन्दा धेरै जेन-जी सडकमा उत्रिने अनुमान गरिएको बताए। उक्त प्रदर्शनले युवाको जोस, जाँगर र आशा के हो भनेर देखाउने उनको भनाइ छ। 'हामी संख्या त ठ्याक्कै यति नै भन्न सक्दैनौं, तर अनुमानित २० हजारभन्दा बढी नै युवाहरू आउनुहुन्छ,' उनले भने। काठमाडौंबाहेक पोखरा, चितवन, वीरगन्ज, भैरहवा, विराटनगर र झापामा पनि बिहान ९ बजेदेखि नै प्रदर्शन हुने उनले बताए।

महँगो पर्न सक्छ जेन-जीमाथिको हेपाइ

हरेक पुस्ताको जीवनशैली, सोच्ने तरिका र दृष्टिकोण कुनै न कुनै रूपमा भिन्न हुन्छ। तर, पुरानो पुस्ताका कतिपयले जेन-जीलाई सामाजिक सञ्जालमा मात्रै कराउने, देशप्रति चिन्ता नभएको, कृत्रिमतामा रमाइरहेको भनेर हेप्ने गरेका छन्। यो पुस्ता देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, आविष्कारलगायत क्षेत्रका सवालमा कति संवेदनशील छ भन्ने एउटा सन्देश हुन सक्छ सोमबारको प्रदर्शन। किनभने पहिलोपटक संगठित भएर सडकमा आउँदै छ जेन-जी।

त्रिभुवन विश्वविद्यालयका मानविकी तथा सामाजिक शास्त्र विभागका प्राध्यापक दीपेश घिमिरे जेन-जी मुख्यतः भ्रष्टाचार र भ्रष्टाचारले सिर्जित असमानतामा असन्तुष्ट रहेको विश्लेषण गर्छन्। 'यो पुस्ताले अझै पनि असमानता सहिरहेको छ। आजको युवाको अवस्था अन्योल छ, तर सार्वजनिक ओहोदामा पुगेका व्यक्ति र उनका छोराछोरीले राज्यको पद



दीपेश घिमिरे

ओगट्दै विलासी जीवन बिताइरहेका छन्, आमनागरिकको दैनिकी कष्टपूर्ण छ,' उनले भने, 'त्यस्तै, यो पुस्तालाई भगौडाको संज्ञा दिइएको छ, देशको बारेमा मतलब छैन भनिएको छ। जेन-जी नेपाल बस्नै चाहँदैन भन्ने भाष्य खडा गरिएको छ। तर, उनीहरू राज्यप्रति जिम्मेवार र बलियो खम्बा हुन्। त्यसैको सन्देश दिन उनीहरू सडकमा उत्रिँदै छन्। यो पुस्तालाई राज्यले हेर्ने नजर र गर्ने व्यवहार ठिक भएन।'

जेन-जीले 'नेपो बेबी अभियान' पनि चलाउँदै आएका छन्। यो अभियानमार्फत राजनीतिक परिवारवाद, करको दुरुपयोग र नेताको सन्तानको विलासी जीवनशैलीमाथि प्रश्न उठाइएको छ।

एमालेबाहेक अधिकांश ठुला दल तथा नेताको समर्थन, कलाकारको पनि साथ

सामाजिक सञ्जाल बन्द गर्ने केपी ओली सरकारको कदमविरुद्ध नै जेन-जीले प्रदर्शन गर्न लागेकाले एमाले यसप्रति असन्तुष्ट छ। एमालेका केही नेताले त जेन-जीमाथि आपत्तिजनक अभिव्यक्ति नै दिएका छन्। प्रमुख सत्तारूढ कांग्रेसको संस्थापन पक्ष यसबारे मौन छ। अन्य ठुला दल र नेता तथा कलाकारहरूले भने जेन-जीको प्रदर्शनमा ऐक्यबद्धता जनाएका छन्।

प्रमुख प्रतिपक्षी दल माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले युवाहरूको प्रदर्शन स्वाभाविक रहेको भन्दै बल प्रयोग नगर्न सरकारलाई चेतावनी दिएका छन्। भ्रष्टाचारविरुद्ध माओवादी आन्दोलन जारी रहेको पनि उनले बताएका छन्। 'सामाजिक सञ्जालमाथि रोक लगाउने सरकारको कदम गलत छ। सरकारले गरिरहेको भ्रष्टाचार र सामाजिक सञ्जाल अवरोधविरुद्ध युवाहरूले गर्न लागेको प्रदर्शन स्वाभाविक छ,' उनले फेसबुकमा लेखेका छन्, 'प्रदर्शनमाथि सरकारले बल प्रयोग गर्ने धृष्टता नगरोस्। भ्रष्टाचारविरुद्ध हाम्रो आन्दोलन जारी रहेको स्पष्ट छ।'

नक्खु कारागारमा थुनामा रहेका रास्वपा सभापति रवि लामिछानेले पनि निजी सचिवालयमार्फत जेन-जीको कार्यक्रमप्रति ऐक्यबद्धता जनाउँदै 'भोलिको दिन इतिहासको नयाँ सुरुवात हुने' बताएका छन्। 'प्रिय जेन-जी, भोलिबाट तपाईंहरू सडकमा ओर्लिँदै हुनुहुन्छ। तपाईंहरूमध्ये धेरैको जीवनमा यो पहिलो सडक प्रदर्शन हुनुपर्छ। शासकहरूले तपाईंहरूलाई विधि र विवेक त दिएनन् नै, आफ्ना खुसी र दुःख, सफलता र असफलता बाँड्ने सामाजिक सञ्जालको सानो कुना पनि खोसे,' उनले भनेका छन्, 'सत्ता र शक्तिको नसामा चुर, अनि घमन्ड र प्रतिशोधको आनन्दमा मग्न यिनीहरूलाई थाहा छैन, तपाईंहरूको विवेक र आवेगसँग यो देशको इतिहास बदल्ने शक्ति छ। भोलिको दिन इतिहासको नयाँ सुरुवातको दिन हो।' लामिछानेले प्रदर्शनमा घुसपैठ हुन सक्ने र उत्तेजित पार्न सक्ने भन्दै विवेक प्रयोग गर्न तथा सचेत हुन पनि सुझाएका छन्। 'घुसपैठ हुन सक्छ, सचेत हुनुहोस्, उत्तेजित बनाउन सक्छन् विवेक प्रयोग गर्नुहोस्। तपाईंको आफ्नो इतिहास र यो देशको इतिहास पनि तपाईंकै हातबाट लेखिँदै छ,' उनले भनेका छन्, 'नक्खु जेलको कालकोठरीबाट म तपाईंहरूप्रति शुभेच्छा, सद्भाव र ऐक्यबद्धता प्रकट गर्दछु।'

कांग्रेस नेता शेखर कोइरालाले जेन-जी युवा सरकारविरुद्ध सडकमा उत्रनु सरकारमा बसेका र उनीहरूबिचको सोचाइको अन्तरका कारण भएको बताएका छन्। उनले जेन-जीको आवाज सुनेर परिवर्तनका लागि तयार हुनुपर्ने पनि बताएका छन्। कोइरालाले सामाजिक सञ्जालमा लेखेका छन्, 'उनीहरूको आवाज सुन्ने हिम्मत गरौं र आफूलाई परिवर्तन गरौं। नत्र पछि पछुताउनुको विकल्प पनि बाँकी रहन्न।'

काठमाडौंका मेयर बालेन्द्र (बालेन) शाहले पनि जेन-जीको ऱ्यालीमा समर्थन जनाएका छन्। उज्यालो नेपालका अभियन्ता कुलमान घिसिङले पनि जेन-जीको प्रदर्शनलाई समर्थन जनाएका छन्। 'सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको विरोधमा जेन-जी पुस्ताले भोलि निकाल्ने जुलुसमा उज्यालो नेपाल अभियानको तर्फबाट ऐक्यबद्धता व्यक्त गर्दछौं,' उनले भने, 'उज्यालो नेपाल बत्तीको मात्र नभएर सुशासन, चुस्तदुरुस्त सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय, आर्थिक समृद्धि हासिल गर्न देशभित्रको समग्र आर्थिक क्रान्तिका लागि थालिएको परिवर्तनको अभियान हो।'

त्यस्तै, चर्चित कलाकारहरू पनि जेन-जी प्रदर्शनको समर्थनमा उभिएका छन्। युवा पुस्तामा लोकप्रिय नायक अनमोल केसीले फेसबुकमा लेखेका छन्, 'हामी नेपाली नागरिक चुप लागेर बस्दैनौं, सामाजिक सञ्जाल रोकेर सिर्जनशीलता, स्वतन्त्र अभिव्यक्ति र हाम्रो आवाजलाई दबाउन खोजिन्छ भने हामी अझ ठुलो आवाजमा उठ्छौं। हाम्रो अधिकार कोही रोक्न सक्दैन, हाम्रो आवाज दबिँदैन।' गायक प्रकाश सपुतले २५ र २६ वर्षका (जेन-जी) भाइहरू क्रमशः सुनील र सचिनलाई आन्दोलनमा सहभागी हुन सार्वजनिक अपिल गरेका छन्। उनले फेसबुकमा लेखेका छन्, '...भोलि तिमीहरू जानू, तिमीहरू केही बोल्नैपर्दैन, तिमीहरूको अनुहारमा प्रस्ट देखिने अन्योल भविष्यको चिन्ताले नै धेरै थोक बोलिसकेको हुनेछ। आँखामा प्रश्न लिएर समूहमा चुपचाप उभिनु पनि आन्दोलन हो, तिम्रो पुस्ताको नयाँ स्वरूपको आन्दोलन हेर्न म निकै उत्साहित छु...।'

अभिनेता दयाहाङ राईले जेन-जी समूहले सार्वजनिक गरेको सूचना फेसबुकमा सेयर गरेका छन्। गायिका रचना रिमालले जेन-जीको खबरदारीलाई महाअभियान भन्दै सहभागी हुन अपिल गरेकी छिन्। आफू देशबाहिर रहेकाले अभियानमा सहभागी हुन नसकेको उनले सामाजिक सञ्जालमार्फत जनाएकी छिन्। गीतकार लोकराज अधिकारीले छोरीलाई आन्दोलनमा पठाउने भन्दै सामाजिक सञ्जालमा तस्बिर सेयर गरेका छन्। जेन-जीले प्रदर्शन घोषणा गरेपछि चर्चित सांगीतिक ब्यान्ड नेपथ्यले 'गाउँगाउँबाट उठ...' गीतको क्लिप आफ्नो फेसबुक पेजमा राखेर प्रदर्शनलाई सांकेतिक समर्थन गरेको छ।

नेताका छोराछोरीबारे जेन-जीको 'नेपो बेबी अभियान'

राजनीतिक परिवारवाद र नेताको सन्तानको विलासी जीवनशैलीमाथि प्रश्न उठाउँदै जेन-जीले 'नेपो बेबी अभियान' पनि चलाइरहेको छ। बा-आमा तथा आफ्ना व्यक्ति सत्तामा पुग्दा छोराछोरीले समेत गलत कार्य गरेको, शक्तिको दुरुपयोग गरेको र युवालाई देशमा बस्न निरुत्साहित पारेको जेन-जी पुस्ताको आरोप छ। शीर्ष नेताका छोराछोरीले विभिन्न व्यापारिक लाभ लिएको र गैर कानुनी सम्पत्ति आर्जन गरेको आरोप लाग्दै आइरहेको छ।

'नेताका छोराछोरीहरूले दुःख नगरी मोज गरिरहेका छन्, जनताका छोराछोरी रोजगारी खोज्न विदेश जानुपरेको छ, नेता र उनीहरूका सन्तानले पनि दुःख गरेर जिउन सिक्नुपर्छ,' सोमबारको प्रदर्शनमा सहभागी हुने तयारी गरेका एक जेन-जी युवाले भने, 'यो देशमा धेरै असमानता र भारदार प्रथा बढ्दो छ।'

जेन-जीको प्रदर्शनमा गएर लाभ लिने दुर्गा प्रसाईंको दाउ, युवाहरूले भेटेरै नआउन भने

१५ चैतमा दुई युवाको ज्यान जाने गरी भएको तीनकुनेस्थित राजावादी आन्दोलनको नेतृत्व गरेका दुर्गा प्रसाईंले सोमबार जेन-जीको प्रदर्शनमा उपस्थित भएर लाभ लिने दाउ गरेका थिए। तर, उनको उपस्थितिले प्रदर्शन गिजोलिन सक्ने भन्दै युवाहरूले नै उनलाई भेटेरै र फोनसमेत गरेर नआउन भनेका छन्। प्रसाईंले युवाहरूको प्रदर्शन हुने थाहा पाएपछि आफू पनि सहभागी हुने बताएका थिए।

प्रदर्शनमा उपस्थित नहुन युवाले भनेपछि प्रसाईंले फेसबुकबाट शुभकामना दिएका छन्। '...भ्रष्टाचारले सबै उमेरका नागरिकलाई गाँजेको छ। त्यसैले भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्नु, अन्यायविरुद्ध लड्नु र आफ्ना आवाज बुलन्द गर्नु प्रत्येक नागरिकको अधिकार मात्र होइन, कर्तव्य पनि हो,' उनले लेखेका छन्, 'भ्रष्टाचारविरुद्धको हाम्रो आन्दोलन शान्तिपूर्ण रहोस् भन्ने शुभकामना व्यक्त गर्दै, मैले उपस्थित सबैलाई बिदा गरेँ। चैत १५ गतेजस्तो दमन नहोस्, विशेषतः २८ वर्षमुनिका भाइबहिनीमाथि भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।'

सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयप्रति कांग्रेस नेताहरूको प्रश्न

प्रेम गौतम/नयाँ पत्रिका

सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयप्रति प्रमुख सत्तासाझेदार कांग्रेसका नेताहरूले प्रश्न उठाएका छन्। कानुनी प्रबन्ध नगरी निर्देशिकाको भरमा सामाजिक सञ्जाल बन्द गराएर नागरिकको बोल्ने र लेख्ने प्लाटफर्ममा सरकारले हस्तक्षेप गरेको उनीहरूको दाबी छ। आमजनतासँग प्रत्यक्ष जोडिएको महत्त्वपूर्ण विषयमा निर्णय हुँदासमेत पार्टीमा छलफलसमेत नभएकोमा नेताहरूले असन्तुष्टि जनाएका छन्।

कांग्रेस सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा आइतबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा नेताहरूले हठात् सामाजिक सञ्जाल बन्द हुँदा नागरिकले दुःख पाएको धारणा राखेका थिए। महामन्त्री गगन थापाले सामाजिक सञ्जाल बन्दको विषय उठान गरेका थिए। त्यसपछि सहमहामन्त्रीहरू महेन्द्र यादव र महालक्ष्मी उपाध्याय, पूर्वउपसभापतिहरू गोपालमान श्रेष्ठ र विमलेन्द्र निधि, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीलगायतले धारणा राखेका थिए। उनीहरूले निर्देशिकाको भरमा सामाजिक सञ्जाल बन्द गर्न नहुनेमा जोड दिए। व्यावहारिक पाटो पनि हेर्नुपर्ने उनीहरूको सुझाव छ। अदालतले कानुन बनाएर नियमन गर्न भनेको विषय पनि नेताहरूले प्रस्ट पारेका छन्।

महामन्त्री थापाले सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गर्दा पनि सत्तारूढ दल कांग्रेसमा छलफल नभएकोमा असन्तुष्टि जनाए। सरकारले आफूखुसी गर्ने निर्णयको भारी कांग्रेसले बोक्न नहुनेमा उनले जोड दिए। 'सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गर्दा सरकारमा सहभागी हाम्रो दलमा किन छलफल गरिएन ? अहिले सामाजिक सञ्जाल बन्द गरिनु जायज हो ? यसले नागरिकमा कस्तो धारणा बन्दै छ भनेर हामीले हेर्नुपर्दैन ? सरकारले गर्ने जस्तोसुकै निर्णय कांग्रेसले बोकेर हिड्नुपर्ने हो ? थापाको प्रश्न उद्धृत गर्दै एक नेताले भने।

सहमहामन्त्री उपाध्यायले सामाजिक सञ्जाल बन्द गराउने विषयलाई कांग्रेसले गम्भीरतापूर्वक लिएर बोल्नुपर्ने विषयमा छलफल भएको बताइन्। नेता केसीले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाइएकोमा आम रूपमा असन्तुष्टि रहेको भन्दै गलत कुरामा कांग्रेसले हस्तक्षेप गर्नुपर्ने बताए। पूर्वउपसभापति श्रेष्ठले कानुन बनाएर मात्रै सामाजिक सञ्जाल दर्ता प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिँदै कानुन नबन्दासम्म सामाजिक सञ्जाल पूर्ववत् अवस्थामै चल्न दिनुपर्ने बताए। नेता निधिले कानुन नबनेसम्म सामाजिक सञ्जाल बन्द गर्न नहुनेमा जोड दिँदै पुनः सूचीकृतका लागि म्याद थप्नुपर्ने बताए।

मन्त्रीहरूसहित नेताहरूलाई राखेर थप छलफल गर्ने देउवाको प्रतिबद्धता

पदाधिकारीसहितका नेताहरूले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयको विरोध गरेपछि सभापति देउवाले मन्त्रीहरूसहित नेताहरूलाई राखेर थप छलफल गर्ने बताएका थिए। उनले सामाजिक सञ्जाल नियमन गर्ने कुरा भएको बताए। 'सामाजिक सञ्जाल नियमन गर्ने कुरा भएको थियो। यस विषयमा मन्त्रीसहित नेताहरूलाई राखेर छिट्टै छलफल गर्छु,' देउवाको भनाइ उद्धृत गर्दै श्रेष्ठले भने, 'सभापतिले पनि प्रेस तथा अभिव्यक्तिको पक्षमा म पनि छु। त्यसको विरुद्धमा जान सकिँदैन। प्रधानमन्त्रीसँग पनि कुरा गर्छु भन्नुभएको छ।' उनका अनुसार केही दिनमै मन्त्रीहरूसहित फेरि बैठक बस्नेछ।

कांग्रेस बैठकमा सहभागी एक नेताका अनुसार सुरुमा देउवा सामाजिक सञ्जाल नियमन कि नियन्त्रण भन्नेमा 'कन्फ्युजन'मा थिए। उनले 'अदालतको आदेश कार्यान्वयन गरौं' भनेका थिए। 'अदालतले गरेको आदेशलाई कार्यान्वयन गरौं न, सूचीकृत गर्न केको आपत्ति,' देउवाको भनाइ उद्धृत गर्दै ती सदस्यले भने, 'नेताहरूले प्रस्ट कुरा राखेपछि सभापतिले मन्त्री र प्रधानमन्त्रीसँग पनि छलफल गर्ने बताउनुभयो।' आइतबारको बैठकमा कार्यसम्पादन समितिका सदस्य उपप्रधानमन्त्री प्रकाशमान सिंह र गृहमन्त्री रमेश लेखक सहभागी थिएनन्।

सञ्जालबाटै...

पृष्ठ १ बाट क्रमशः

बढारियो। सो लहरको बलका सामु इजिप्टका शासक होस्नी मुबारकको ३१ वर्षे शासन र यमनका अलि अब्दुल्लाह सालेहको २१ वर्षको शासन पनि टिक्न सकेन। केही देशमा विरोध प्रदर्शनबाटै परिवर्तन आए पनि लिबिया र सिरियामा भने गृहयुद्धको रूप लियो। लिबियाको गृहयुद्ध छोटो रह्यो भने सिरियामा १३ वर्ष लम्बियो।

एक युगमा एकपटक आउने परिवर्तनको रूपमा व्याख्या गरिएको अरब बसन्तको उठानमा ट्विटरजस्ता सामाजिक सञ्जाल प्लाटफर्म निकै महत्त्वपूर्ण रहे। सरकारी अधिकारीबाट मोहम्मद बुअजिजीले भोगेको अपमान र हन्डरको कथा फैलाउनदेखि आन्दोलनकारीबिच समन्वय गर्न ट्विटरको व्यापक प्रयोग भएको थियो। यस क्रान्तिमा ट्विटरको भूमिकाको कारण केहीले त यसलाई 'ट्विटर क्रान्ति'सम्म भने। नेतृत्वविहीन उभारमा युवा अभियन्ताले विरोध प्रदर्शनका केन्द्र तय गर्नेदेखि त्यससम्बन्धि जानकारी प्रसार गर्नसम्म ट्वीटरको ठुलो भूमिका निभाएको थियो।

■ अकुपाई वाल स्ट्रिट (अमेरिका) : २०११

'अकुपाई वाल स्ट्रिट' अमेरिकामा धनी-गरिबबिचको बढ्दो असमानताविरुद्ध आवाज उठाउन अमेरिकाको वित्तिय केन्द्र वालस्ट्रिट कब्जा गर्ने प्रतिकात्मक आन्दोलन थियो। यस आन्दोलनका आयोजकले मुख्यत आफ्नो अभियान आम जनतालाई सम्झाउन व्यापक रूपमा मोबाईल र समाजिक संजाल प्रयोग गरेका थिए। यसले आन्दोलनकारी गतिविधि समन्वय गर्न र आन्दोलनप्रति आम समर्थन हासिल गर्न सघाएको थियो। यसले कुनै खालको परिणाम नल्याए पनि अमेरिकाको वौद्धिक तथा प्राज्ञिक क्षेत्रमा भने ठुलो बहस सिर्जना गरेका थियो। अकुपाई वाल स्ट्रिटको दशौं वार्षिकोत्सवमा 'द एट्लान्टिक' 'म्यागजिनले यसको दिर्घकालिन प्रभावबारे लेखेको थियो। 'म्यागजिन'का अनुसार 'सो आन्दोलनले एउटा पुरै पुस्तालाई सडकमा उत्रिएर प्रणालीगत सुधारको माग गर्न प्रेरित गऱ्यो। पहिले राजनीतकि रूपमा अस्वीकार्य ठानिएका उच्च न्युनतम ज्यालको माग र ग्रिन न्यु डिल पनि स्वीकार्य भयो।'

■ युक्रेन क्रान्ति (युक्रेन) : २००४ र २०१४

युक्रेनमा १० वर्षको अन्तरमा दुई वटा आन्दोलन भए। दुवैमा समाजिक संजालको ठुलो भूमिका रह्यो भने दुवैको शिकार एकै जना नेता भिक्टर यानुकोभिच बनेका थिए। सन् २००४ को युक्रेनी क्रान्तिलाई कतिपयले समाजिक संजालको प्रभाव भएको पहिलो क्रान्ति पनि भन्ने गरेका छन्।

सन् २००४ को क्रान्ति राष्ट्रपतीय निर्वाचनमा व्यापक धाँधली भएको रिपोर्टपछि सुरु भएको थियो। रुस समर्थित भिक्टर यानुकोभिच र पश्चिम समर्थित नेता भिक्टर युश्चेन्कोबिचको चुनावमा यानुकोभिचको जित भएको थियो। तर, अधिकाशं घरेलु तथा विदेशी पर्यवेच्छेकले व्यापक धाँधली भएको बताए। त्यसपछि इन्टरनेटमा निर्वाचन परिणाम अनुरूप यानुकोभिचलाई राष्ट्रपति स्वीकार्न नसकिने अभियान चल्यो। मानिसहरू सडकमा उत्रिए। आम विरोधको बलमा देशको सर्वोच्च अदालतले दोस्रो पटक पुन निर्वाचन गराउन निर्देशन दियो। दोस्रो पटकको निर्वाचनमा युश्चेन्को स्पष्ट विजेता बने।

सन् २०१० मा भएको निर्वाचनमा भने युश्चेन्को पराजित भएर यानुकोभिच राष्ट्रपति बने। तर, उनले देशलाई थप रुसको नजिक लगेको आरोपमा चार वर्षभित्रै पुन आन्दोलन उठ्यो। संसदले युरोप नजिक जान ल्याएको सम्झौता राष्ट्रपतिले उल्ट्याए पछि शुरु भएको विरोध समाजिक संजालमार्फत व्यापक बन्यो। विरोध धान्न नसक्ने अवस्था पुगेपछि यानुकोभिच शासन त्यागेर रुस भागे। त्यही समय रुसले रुसी भाषीको सुरक्षाको लागि भन्दै क्राईमिया कब्जामा लियो। हालको युक्रेन संकटको जग त्यही बेला हालिएको विश्वास गरिन्छ।

■ हङकङ प्रदर्शन : २०१९

सन् २०१९ मा हंककङ सरकारले सुपुरदर्गी सम्बन्धि ल्याएको विधयेकको विरोधमा झन्डै एक वर्ष लामो विरोध प्रदर्शन चल्यो। त्यति लामो समय चलेको विकेन्द्रीत र नेतृत्वबिहिन आन्दोलन टिकाउन समाजिक संजाल प्ल्याटफर्महरू टेलिग्राम, युट्युव र एलआईकेजीको भूमिका रह्यो। विरोध प्रदर्शनको समन्वय र सरकारी सेन्सरसिप छल्न ब्लुटुथसम्मको प्रयोग गरियो। त्यस्तै सरकारले सूचना निगरानी गर्न नसक्ने 'इन्क्रिप्टेड' च्यानलको प्रयोग बढेको थियो। यसले आन्दोलन अघि बढाउन र आन्दोलनप्रति चेतना जगाउन सहयोग गऱ्यो। तर, कोभिड महामारीको आगमनले आन्दोलन सिथिल भयो। र, त्यहीबेला मुलभूमि चीनको चासोले आन्दोलन प्रभावित बन्यो। हंककङ सरकार आन्दोलनकारीप्रति कठोर बन्यो। आन्दोनलबाट पहिचान बनाएका अधिकाशं व्यक्ति पक्राउ परे वा पलायन भए। अनि आन्दोलन पनि तुहियो।

(एजेन्सीको सहयोगमा)

इपिएस प्रणाली...

पृष्ठ १ बाट क्रमशः

कम्पनीहरूले कोरिया पठाउने भन्दै श्रमिकसँग पैसा असुल्न थालिसकेका छन्। इपिएस प्रणालीमार्फत नै 'जी-सेभेन' भिसामा कामदार पठाउन सके पारदर्शी र सहुलियत हुने विज्ञहरूको सुझाव थियो। तर, त्यसलाई बेवास्ता गर्दै मन्त्री भण्डारीले मेनपावरबाट श्रमिक पठाउने तयारी गरेपछि यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन थालेको छ।

हाल दक्षिण कोरियामा जिटुजीअनुसार श्रमिक गइरहेका छन्। दक्षिण कोरियामा सरकारी स्तरबाट कामदार पठाउन श्रम मन्त्रालयले इपिएस शाखा भनेर छुट्टै युनिट खडा गरेको छ। तर, श्रममन्त्री भण्डारी भने कामदारको हितप्रतिकूल हुने गरी म्यानपावरलाई यो अधिकार दिन पहिलो कार्यकालबाटै लागिपरेका छन्। मेनपावरमार्फत कोरिया कामदार पठाउँदा एकै कामदारसँग लाखौं असुली हुने जोखिम छ। केही सीमित मेनपावरको प्रभावमा परेर मन्त्री भण्डारीले यस्तो प्रक्रिया अघि बढाएको स्रोत बताउँछ।

०८० मा श्रममन्त्री भएकै वेला उनले 'गणतन्त्र कोरियामा सिपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, ०८०' तयार गरेका थिए। उनले सो कार्यविधि तयार गरेर लागू गर्ने वेला उनको मन्त्री पद नै खुस्किएको थियो। गत वर्ष साउनमा पुनः श्रममन्त्री नियुक्त भएका भण्डारी सोही कार्यविधि लागू गरेर मेनपावरबाट कोरियामा श्रमिक पठाउन उद्यत् छन्।

मन्त्री नियुक्त भएको चार महिनापछि भण्डारीले गत ९ कात्तिकमा कार्यविधि संशोधन गर्दै लागू गर्ने प्रयत्न गरेका थिए। उनले मेनपावरमार्फत श्रमिक कोरिया पठाउने कार्यविधि जारी गरेपछि परराष्ट्र मन्त्रालयले हस्तक्षेप गरेको थियो। स्रोतका अनुसार परराष्ट्रले मेनपावरमार्फत कोरिया लैजाने श्रमिकको भिसा प्रमाणीकरण नगर्ने जानकारी श्रम मन्त्रालयलाई दिएको थियो। 'भिसा प्रमाणीकरण नै नगर्ने परराष्ट्र मन्त्रालयको जानकारीपछि कार्यविधि लागू हुन सकेन,' स्रोतले भन्यो।

तर, मेनपावरको स्वार्थपूर्ति गर्न तल्लीन मन्त्री भण्डारीले गत ९ असारमा कार्यविधि संशोधन गर्दै कोरियास्थित दूतावासले १५ दिनभित्र भिसा प्रमाणीकरण नगरे काठमाडौंस्थित वैदेशिक रोजगार विभागले नै श्रम स्वीकृति र भिसा प्रमाणीकरण गर्न सक्ने व्यवस्था राखेका थिए। उनले कार्यविधि सच्याएर यस्तो व्यवस्था राखेको विषय परराष्ट्र मन्त्रालय हुँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेको थियो। विभागले भिसा प्रमाणीकरण गर्ने अधिकार लिएको विषय अख्तियारमा समेत पुगेको थियो। त्यसपछि मन्त्री भण्डारीले चार दिनपछि १३ असारमा पुनः कार्यविधि संशोधन गरेर भिसा प्रमाणीकरणसम्बन्धी व्यवस्था नै हटाएका छन्।

मन्त्रालयका सूचना अधिकारी हुमनाथ अधिकारीले प्रचलित कानुनी व्यवस्थाअनुसार श्रमिक जसरी विदेश गइरहेका छन्, त्यसरी नै ई-सेभेन भिसामार्फत जान सक्ने गरी कार्यविधि बनाएको बताए। 'वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत प्राप्त संस्थाले कोरिया कामदार पठाउने विषयमा कार्यविधि जारी भएको छ। यसमा भिसासम्बन्धी व्यवस्था अहिले भइरहेको कानुनी अभ्यासअनुसार नै गर्ने भन्ने छ,' उनले भने। मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले विगतमा देखिएका समस्या हल गरेर कार्यविधि जारी भएको, तर कामदार पठाइनसकेको बताए। 'विगतमा कार्यविधि जारी हुँदा परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली नियोगहरूले समन्वय नभएको भन्ने कुरा भयो। त्यसैले अहिले संशोधन गरिएको छ,' उनले भने, 'सियोलस्थित नेपाली दूतावासलाई वैदेशिक रोजगार विभागको फेमिस प्रणालीमा आबद्ध गराइएको छ भने दूतावासका कर्मचारीहरूलाई पनि भिसा प्रक्रियामा सामेल गराइएको छ।'

श्रममन्त्री भण्डारीले गुपचुप कार्यविधि बनाएर मेनपावरमार्फत श्रमिक कर्मचारी पठाउन लागेको सार्वजनिक भएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रोकेका थिए। उनले ई-सेभेन भिसालाई पनि इपिएस प्रणालीभित्रै राखेर जिटुजी माध्यमबाटै श्रमिक पठाउने व्यवस्था गर्न निर्देशन दिएका थिए। 'दक्षिण कोरियाली मुलुकमा हाल एपिएस प्रणालीबाट मात्र नेपाली श्रमिक पठाउने व्यवस्था भएकोमा ई-सेभेन भिसालाई समेत सोही प्रणालीमा आबद्ध गराउन कोरिया सरकारसँग भएका श्रम सम्झौता नवीकरणको कार्य प्रारम्भ गर्नुहोला,' तत्कालीन प्रधानमन्त्री प्रचण्डको १६बुँदे निर्देशनमा थियो। प्रचण्डले रोकेको सोही कार्यविधि मन्त्री भण्डारीले फेरि अघि बढाएका हुन्।

भण्डारी पदमुक्त भएपछि श्रममन्त्री बनेका डोलप्रसाद (डिपी) अर्यालले मेनपावरबाट श्रमिक पठाउने कार्यविधि स्थगन गरेका थिए। उनले एउटा कार्यदल बनाएर अध्ययन गर्ने भन्दै ई-सेभेन भिसामार्फत मेनपावरबाट कोरिया लैजाने कार्यविधि आफ्नो कार्यकालभरि लागू हुन दिएका थिएनन्।

सियोलस्थित दूतावासमा आएको छैन मागपत्र

मेनपावरमार्फत नेपाली कामदार ल्याउनका लागि कोरियाका कुनै पनि रोजगारदाता कम्पनीले मागपत्र पेस नगरेको सियोलस्थित नेपाली दूतावासले जनाएको छ। गत १७ भदौमा दूतावासले विज्ञप्ति जारी गर्दै मागपत्र आएको खण्डमा भने आवश्यक प्रक्रिया पूरा गरी प्रमाणीकरण गर्ने जनाएको छ। 'हालसम्म प्रक्रिया पूरा गरेर कुनै पनि मागपत्र प्रमाणीकरणका लागि आवेदन नआएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनरोध छ,' विज्ञप्तिमा भनिएको छ, 'रितपूर्वक मागपत्र प्रमाणीकरणका लागि आवेदन आएको खण्डमा दूतावासले आवश्यक प्रक्रिया अघि बढाउनेछ।' दूतावासले ई-सेभेन भिसामार्फत कामदार ल्याउनका लागि वेबसाइटमार्फत कार्यविधि जारी गर्ने र आवेदन फारामहरू राखेर सहजीकरण गरिरहेको छ।

मेनपावरबाट कोरिया पठाउने प्रक्रिया रोक्न अख्तियारको पत्र

मेनपावरमार्फत कोरियामा श्रमिक पठाउँदा गम्भीर असर पर्न सक्ने भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले इपिएस प्रणालीबाटै कामदार पठाउन श्रम मन्त्रालयलाई निर्देशन दिएको छ। आइतबार पत्र पठाउँदै आयोगले मेनपावरबाट पठाउँदा कामदार ठगिने सम्भावना रहेको भन्दै मन्त्रालयलाई सचेत गराएको हो। मेनपावरबाट कोरियामा कामदार पठाउन चलखेल भइरहेको उजुरीको अध्ययन गरी आयोगले पठाएको पत्रमा 'ई-सेभेन भिसामा सिपयुक्त श्रमिक गणतन्त्र कोरिया पठाउने कार्यलाई समेत ई-नाइन भिसामा पठाउँदा जस्तै सरल, सहज, सुरक्षित, छिटो-छरितो, प्रभावकारी, पारदर्शी, विश्वसनीय र मितव्ययी तरिकाले सरकारी (जिटुजी) माध्यमबाट पठाउने नै व्यवस्था गर्न उपयुक्त हुने' भनिएको छ।

अख्तियारको पत्रमा अहिलेदेखि नै कतिपय बिचौलियाले पैसा असुल्न थालिसकेको विवरण उल्लेख छ। 'प्रस्तावित सिपयुक्त श्रमिकलाई दक्षिण कोरिया पठाउने कार्यविधिबमोजिमका व्यवस्था कार्यान्वयनमा नआउँदै कतिपय बिचौलियाबाट सोझासादा नेपाली युवाहरूसँग दक्षिण कोरिया पठाउन भनी रकम असुल्ने कार्यसमेत भएको भन्ने उजुरीहरू प्राप्त भइरहेकाले त झन् बिटुबी माध्यम (मेनपावर) बाट सिपयुक्त श्रमिकलाई पठाउने व्यवस्था गर्न उपयुक्त नहुने देखिन्छ,' पत्रमा भनिएको छ।

नयाँ पत्रिकालाई प्राप्त अख्तियारको उक्त पत्रमा 'निजी क्षेत्र (मेनपावर)बाट सिपयुक्त श्रमिक कोरिया पठाउने व्यवस्था खुला गरियो भने हाल सञ्चालन भइरहेको इपिएस प्रणालीबाट गइरहेका श्रमिकलाई गम्भिर असर पर्न सक्ने' उल्लेख छ। 'ई-सेभेन भिसामा सिपयुक्त श्रमिक गणतन्त्र कोरिया पठाउने कार्यलाई समेत ई-सेभेन भिसामा पठाउँदाजस्तै सरल, सहज, सुरक्षित, छिटो छरितो, प्रभावकारी, पारदर्शी, विश्वसनीय र मितव्ययी तरिकाले सरकारी (जिटुजी) माध्यमबाट पठाउने नै व्यवस्था गर्न उपयुक्त हुने' अख्तियारको पत्रमा छ।

आयोगले दक्षिण कोरिया जाने कामदारलाई निश्चित कम्पनीको सिम र सेट लिन बाध्य पारिएको घटनामा पनि मन्त्रालयको ध्यानाकर्षण गराएको छ। यो प्रावधान श्रमिकको हितमा नभएकाले सच्याउन भनिएको छ।

ओलीलाई फेरि पनि...

पृष्ठ १ बाट क्रमशः

तीन दिनसम्म ललितपुरको गोदावरीमा चलेको महाधिवेशनले विधानमा रहेको 'कुनै पनि कमिटीको कार्यकारी पदमा ७० वर्षे उमेरहदको सीमा र दुई कार्यकाल मात्र कार्यकारी पदमा उम्मेदवार बन्न पाउने दुवै व्यवस्था' हटाएको छ। योसँगै यसै वर्ष हुने महाधिवेशनबाट तेस्रोपटक नेतृत्वमा आउन ओलीका लागि विधानले नै सुविधा दिएको छ। तेस्रोपटक अध्यक्ष भए मात्र पनि ओलीले ७९ वर्षसम्म पार्टी नेतृत्व सम्हाल्नेछन्। जबकि एमालेभित्र एउटा पंक्ति नेतृत्व हस्तान्तरणको पक्षमा छ।

पूर्वराष्ट्रपति विद्यासहित वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, रामबहादुर थापा 'बादल', युवराज ज्ञवाली, सचिव गोकर्ण विष्ट, स्थायी समिति सदस्य कर्ण थापालगायत उल्लेख्य प्रतिनिधिहरूले पार्टीभित्र आन्तरिक लोकतन्त्रको मुद्दा उठाएर नेतृत्व हस्तान्तरणको मुद्दा मुखर बनाउन खोजेका थिए। उनीहरूले उठाएको पूर्वराष्ट्रपति विद्याको सदस्यता नवीकरणमा रोक, उमेरहदलगायतका मुद्दामा पनि उल्लेख्य प्रतिनिधिहरूले साथ दिएपछि अध्यक्ष ओलीले महाधिवेशन हलमा पार्टीलाई मिलाएर लैजाने प्रतिबद्धता जनाएका छन्।

१० वटा समूहको नेतृत्व गरेका सबै टोलीनेताहरूले पूर्वराष्ट्रपति विद्याको सदस्यता नवीकरण रोक्न नहुने पक्षमा हलमा आएका सुझाव प्रस्तुत गरेपछि अध्यक्ष ओलीले त्यसलाई अस्वीकारको सट्टा सर्वसम्मत प्रतिवेदन पारितका लागि मध्यमार्गी बाटो अपनाए। उनले विद्याको विषय पार्टीको एजेन्डा बनेको भन्दै हलमा आएका सुझावलाई ख्याल गरेर उनीसँग आफूले अलग्गै संवाद गर्ने र त्यस आधारमा केन्द्रीय सचिवालय बैठक र केन्द्रीय कमिटी बैठक राखेर सदस्यतासम्बन्धी पूर्वनिर्णयमाथि छलफल चलाउने प्रतिबद्धता जनाए।

महाधिवेशनमा सुदूरपश्चिम समूहबाट पार्टीका प्रदेश कमिटी अध्यक्ष कृष्णप्रसाद जैसी, कर्णाली प्रदेश समूहबाट प्रदेश अध्यक्ष गुलावजंग शाह, लुम्बिनी प्रदेश समूहबाट प्रदेश अध्यक्ष राधाकृष्ण कँडेल, गण्डकी प्रदेश समूहबाट प्रदेशका का.वा. अध्यक्ष मीनप्रसाद गुरुङ, बागमती प्रदेश समूहबाट प्रदेश अध्यक्ष कैलाश ढुंगेल, मधेश प्रदेश समूहबाट प्रदेश अध्यक्ष चन्द्रेश्वर मण्डल, कोशी प्रदेश समूहबाट प्रदेश अध्यक्ष घनश्याम खतिवडा, केन्द्रीय निकाय, विभाग र केन्द्रीय कार्यालय समूहबाट केन्द्रीय लेखा आयोगका सचिव शिव अधिकारी, सल्लाहकार तथा आयोजक समूहबाट केन्द्रीय सदस्य चूडामणि जंगली र उपत्यका, जनसंगठन, सम्पर्क कमिटी तथा प्रवास कमिटी समूहका तर्फबाट भक्त गुरुङले आ-आफ्ना समूहका तर्फबाट प्रतिवेदन प्रस्तुत गरेका थिए।

अधिकांश टोलीनेताले विद्याको पक्षमा आएका सुझावलाई पनि हलमा प्रस्तुत गरेका थिए। समूहगत प्रस्तुतिपछि अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदनमा उठेका जिज्ञासा, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव शंकर पोखरेलले सांगठनिक प्रतिवेदनमाथिका सुझाव र जिज्ञासाबारे जवाफ दिएका थिए।

त्यसक्रममा ओलीले पार्टीले मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज)को जगमा नेपाली विशेषताको समाजवादको कार्यक्रम अघि सारेको बताए। ओलीले नेपाली विशेषताको समाजवाद जबजको विकल्प नभई जबजको जगमा नै अघि बढ्ने पनि प्रस्ट्याए। उनले जबजको जगमा नेपाली विशेषताको समाजवादमा पुग्ने बाटो 'समृद्ध नेपाल, सुखी नेपाली गन्तव्य' हुने जिकिर गरे।

नेपाली समाजको वर्ग विश्लेषण गर्दै ओलीले भने, 'नेपाली विशेषताको समाजवाद जबजको जगमा अगाडि बढ्न भनिएको हो। त्यसका लागि समृद्ध नेपाल, सुखी नेपालीलाई गन्तव्यका रूपमा अघि सारिएको हो। यसको अर्थ मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जबजलाई छोडेको होइन, सिर्जनात्मक प्रयोग गरिएको हो।'

उनले पार्टी निर्माणको काम गर्दा बिग्रेका मानिसहरूसँग एकता खोज्दै हिँड्नु आवश्यक नरहेको भन्दै सही नीति र विचारलाई जनतामा पुऱ्याएर पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन सकिने विश्वास व्यक्त गरे। उपाध्यक्ष पौडेलले पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जनताको बहुदलीय जनवादबाट एमाले 'डिरेल' भयो भनी भ्रम सिर्जना गर्न प्रायोजित प्रचार गरिएको भन्दै त्यो निन्दनीय भएको बताए।

महासचिव पोखरेलले जबजले दिशानिर्देश गरेबमोजिम पार्टी निर्माणमा लोकतान्त्रीकरणको अगुवाइ पार्टी अध्यक्ष ओलीले गरेको दाबी गर्दै पार्टी निर्माणको केन्द्रविन्दु मिसन २०८४ हुनुपर्ने र आगामी निर्वाचनमा एकल बहुमत दिलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नुपर्ने अभिभारामा जोड दिए।

विधान महाधिवेशनले डा. विजय सुब्बा अध्यक्ष रहेको केन्द्रीय निर्वाचन आयोग सर्वसम्मत निर्वाचित गरेको छ। २५ सदस्यीय निर्वाचन आयोगमा सानुराज पोखरेल उपाध्यक्ष, कुन्साङ लामा सचिव र सदस्यहरूमा समीर नेपाल, टंकप्रसाद उप्रेती, चन्द्रलाल क्याप्छाकी मगर, कृष्णकुमारी गुरुङ, काशीचन्द्र बराल, डा. हरिप्रसाद भण्डारी, सूर्यबहादुर शाही, भूराज राई, भरत पोखरेल, हिराचन्द्र केसी, लोकबहादुर थापा, केशव आचार्य, दमन तामाङ, झविलाल पोखरेल, नर्मदा भण्डारी, विमला विक, अर्चना गहतराज, शर्मिला गुरुङ, नारायणी शर्मा, रचनाराज उपाध्याय, हेमकला गैरे र विनादेवी शाह छन्।

९० हजार निजामती कर्मचारीमा भेटिएनन् सर्वोत्कृष्ट

छनोट प्रक्रिया पारदर्शी नहुँदा १० वर्षदेखि सर्वोत्कृष्ट कर्मचारी भेट्टाउन मुस्किल

● **कालीप्रसाद पराजुली**, प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



निजामती सेवा दिवसकै दिन पुरस्कार घोषणा हुने नियमावलीको व्यवस्था र अभ्यास भए पनि आइतबार घोषणा भने भएन । यसपटक निजामती सेवा दिवसलाई सप्ताहव्यापी मनाउने तयारी छ । यसैअनुसार पुरस्कार घोषणा गर्ने गृहकार्य भइरहेको छ ।

● **काशीराज दाहाल**
अध्यक्ष, प्रशासन सुधार आयोग



श्रीमान्ले श्रीमतीलाई पुरस्कार सिफारिस गर्ने, आफ्नै पितालाई पुरस्कार दिनेजस्ता बेथिति विगतमा देखिए । पुरस्कार वितरणमा नातावाद, कृपावाद, शक्तिको पहुँच र दलीय निकटतालगायत हाबी भएपछि विवादित भएको छ ।



■ पुरस्कार वितरण थितिमाथि अनेकौं प्रश्न

निजामती पुरस्कार वितरणको थितिमाथि विगतदेखि नै अनेकौं प्रश्न उठ्दै आएका छन् । पुरस्कार पाउने कर्मचारीको छनोट वस्तुनिष्ठ र वैज्ञानिक नभएको तथा पाउनुपर्नेले नपाएको र अयोग्यले पाएका भन्दै यसमाथि प्रश्न उठ्दै आएका छन् । पुरस्कार छनोटमा दलगत, नातावाद, कृपावाद र चाकडीप्रथा झाँगिएकामा प्रशासनभित्रै आलोचना हुने गरेको छ । ०६१ देखि निजामती सेवा दिवस मनाउन थालिएकामा २१ वर्षमा चारजना कर्मचारीले मात्र सर्वोत्कृष्ट निजामती पुरस्कार पाएका छन् । ०७३ मा सर्वोत्कृष्ट निजामती पुरस्कार तत्कालीन सचिव शान्तराज सुवेदी (हाल अवकाश) ले पाएका थिए । त्यसयता यो शीर्षकमा कसैले पनि पुरस्कार पाएको छैन । पहिलो सर्वोत्कृष्ट निजामती पुरस्कार ०६८ मा सूर्यप्रसाद गौतम (हाल सचिवबाट अवकाश) ले पाएका थिए । तर, पुरस्कारपछि आफ्नी पत्नीको लोक सेवा आयोग परीक्षाको कापी आफैं जाँच गरेको भन्दै उनी तीव्र विवादमा परेका थिए । प्रशासन सुधार आयोगका अध्यक्ष काशीराज दाहाल वस्तुनिष्ठ मूल्यांकनको कमी तथा कार्यसम्पादन र योगदानको कदर गर्ने परिपाटी नहुँदा पुरस्कार वितरण विवादरहित हुन नसकेको बताउँछन् । 'श्रीमान्ले श्रीमतीलाई पुरस्कार सिफारिस गर्ने, आफ्नै पितालाई पुरस्कार दिनेजस्ता बेथिति विगतमा देखिए,' उनी भन्छन्, 'पुरस्कार वितरणमा नातावाद, कृपावाद, शक्तिको पहुँच र दलीय निकटतालगायत हाबी भएपछि विवादित भएको छ ।' यस्ता बेथितिले पुरस्कारको गरिमा नै घट्न पुगेको उनी बताउँछन् । स्पष्ट मापदण्ड, वस्तुगत-वैज्ञानिक मूल्यांकन पद्धति र तेस्रो पक्ष मूल्यांकनसमेतका आधारमा दिँदा मात्र पुरस्कारले न्याय पाउने र गरिमा बढ्ने उनको मत छ ।

सुवास भट्ट/नयाँ पत्रिका

निजामती सेवा नियमावलीमै हरेक वर्ष सर्वोत्कृष्ट निजामती कर्मचारी पुरस्कार दिनेसम्बन्धी व्यवस्था छ । तर, सरकारले एक दशकदेखि सर्वोत्कृष्ट कर्मचारी भेटेको छैन । ०७३ देखि यो पुरस्कार प्रदान गरिएको छैन । विज्ञहरूका अनुसार छनोट प्रक्रिया पारदर्शी नहुँदा सर्वोत्कृष्ट कर्मचारी भेट्टाउन नसकिएको हो ।

आइतबार सरकारले २२औं निजामती सेवा दिवस, २०८२ समारोह आयोजना गरेको थियो । यही दिवसमा पुरस्कार प्रदान गर्ने अभ्यास छ । तर, आइतबार पुरस्कार घोषणा भएन । निजामती सेवा नियमावली, २०५० को दफा ११६ मा निजामती सेवा दिवसको अवसरमा सरकारले प्रत्येक वर्ष निजामती सेवा पुरस्कार वितरण गर्ने व्यवस्था छ ।

निजामती सेवा नियमावलीमा एकजनालाई सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, १० जनालाई उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जनालाई निजामती सेवा पुरस्कार दिने व्यवस्था छ । यस्तै, सर्वोत्कृष्टलाई दुई लाख, उत्कृष्टहरूलाई जनही एक लाख र निजामती पुरस्कार पाउनेलाई जनही ५० हजारका दरले नगद रकम दिने व्यवस्था नियमावलीमा छ ।

निजामती कर्मचारीहरूको व्यक्तिगत विवरण राख्ने केन्द्रीय निकाय राष्ट्रिय किताबखाना (निजामती) का अनुसार अहिले करिब ९० हजार निजामती कर्मचारी वैयक्तिक सूचना प्रणाली (पिआइएस) मा आबद्ध छन् । तर, यतिका ठुलो संगठनमा सरकारले दशकदेखि सर्वोत्कृष्ट कर्मचारी छनोट गर्न सकेको छैन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले आइतबार पुरस्कार घोषणा नभएको र यसै साता घोषणा हुने दाबी गरे । 'निजामती सेवा दिवसकै दिन पुरस्कार घोषणा हुने नियमावलीको व्यवस्था र अभ्यास भए पनि आइतबार घोषणा भने भएन । यसपटक निजामती सेवा दिवसलाई सप्ताहव्यापी मनाउने तयारी छ । यसैअनुसार पुरस्कार घोषणा गर्ने गृहकार्य भइरहेको छ,' उनले भने । पुरस्कार छनोटसम्बन्धी समितिले काम गरिरहेको र निर्णय भएपछि घोषणा हुने उनको भनाइ छ ।

पुरस्कार सिफारिस गर्न मुख्यसचिवको अध्यक्षतामा कानुन सचिव, नेपाल सरकारले तोकेको अर्का एक सचिव, सेवा अवकाश भएका कुनै एक सचिव सदस्य र सामान्य प्रशासन सचिव सदस्य हुने नियमावलीको व्यवस्थाबमोजिम यसपटक पनि समिति गठन भएको छ । यही समितिले सर्वोत्कृष्ट, उत्कृष्ट र निजामती सेवा पुरस्कारका लागि सरकारलाई सिफारिस गर्ने व्यवस्था छ ।

यसका लागि सर्वोत्कृष्ट निजामती पुरस्कारका लागि निजामती सेवाको स्थायी पदमा १५ वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा शतप्रतिशत अंक प्राप्त गरेको, पछिल्ले १५ वर्षमा कुनै पनि विभागीय सजाय नपाएको, पुरस्कार सिफारिस हुने वर्षमा व्यक्तिगत बेरुजु कायम नगरिएकोलगायतका मापदण्ड छन् । त्यस्तै, उत्कृष्ट निजामती सेवा पुरस्कारका लागि निजामती सेवाको स्थायी पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा शतप्रतिशत अंक प्राप्त गरेको, पछिल्लो १० वर्षमा कुनै पनि विभागीय सजाय नपाएकोलगायतका व्यवस्था छन् । निजामती सेवा पुरस्कारको दाबी गर्ने सर्तहरू पनि नियमावलीमा छन् ।

आइतबार प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबको सभाहलमा निजामती सेवा दिवसको कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले अघिल्लो वर्ष उत्कृष्ट निजामती पुरस्कार प्राप्त गर्ने १० जना र निजामती सेवा पुरस्कार पाउने ३० जना कर्मचारीलाई ताम्रपत्रसहित सम्मान गरे ।

नरभक्षी बाघले बारामा फेरि लियो अर्को ज्यान

तीन महिनामा चारजनाको मृत्यु, बढाइयो सुरक्षा सतर्कता

बारामा **इन्दीप कोइराला**

बाराको जितपुरसिमरा उपमहानगरपालिका- ४ सिमरामा आइतबार बिहान बाघको आक्रमणमा परी ५८ वर्षीय छेवाङ लामाको मृत्यु भएको छ । बिहान करिब ९:३० बजे प्रगतिशील सामुदायिक वनमा च्याउ टिप्न गएका वेला उनीमाथि बाघले हमला गरेको थियो ।

इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रकाश जोशीका अनुसार आक्रमणपछि लामा घटनास्थलमै मृत अवस्थामा भेटिएका थिए । 'च्याउ टिप्ने क्रममा अचानक बाघको आक्रमणमा परेपछि उनी गम्भीर घाइते भए र घटनास्थलमै उनको मृत्यु भयो । घाँस काट्न गएका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको छ,' डिएसपी जोशीले भने, 'मृतकले प्रयोग गरेको साइकलको फोलामा च्याउ पनि रहेको पाइयो । शव घटनास्थलभन्दा केही पर घिसारिएको अवस्थामा भेटियो ।

असारदेखि भदौसम्मको तीन महिनामा मात्र बारामा बाघको आक्रमणमा चारजनाले ज्यान गुमाइसकेका छन् । लगातारको आक्रमणले जितपुरसिमराआसपासका बासिन्दा त्रासमा परेका छन् । यसअघि ३ असारमा बाघको आक्रमणमा ५५ वर्षीय चन्द्रबहादुर ब्लोनको ज्यान गएको थियो । जितपुरसिमरा- २१ का ब्लोन दिउँसो बाख्रा चराउन पर्सा राष्ट्रिय निकुञ्जको वन क्षेत्रमा गएका वेला बाघले आक्रमण गरेको थियो ।

११ भदौमा जितपुरसिमरा- २२ का ४७ वर्षीय कृष्णकुमार शर्मालाई पनि बाघले आक्रमण गऱ्यो । घाँस काट्न गएका उनी निकुञ्जभित्र मृत अवस्थामा भेटिए । त्यसको आठ दिनपछि १८ भदौमा सोही वडाका रमेश कार्कीमाथि बाघले आक्रमण गऱ्यो । ३८ वर्षीय कार्की घाँसदाउरा लिन रनकुमारी सामुदायिक वनमा गएका थिए । केही समयपछि उनको कंकाल मात्र भेटिएको थियो ।

लगातार आक्रमणपछि पर्सा राष्ट्रिय निकुञ्जले तीन दिनअघि दुई हात्ती र सुरक्षाकर्मीलाई जितपुरसिमरा- २१ र २२ का निकुञ्ज तथा सामुदायिक वन क्षेत्रमा परिचालन गरेर बाघको निगरानी सुरु गरेको थियो, अझै नरभक्षी बाघ फेला पार्न सकेको छैन । निकुञ्जका कर्मचारीसँगै डिभिजन वन कार्यालय बारा, चितवनबाट आएका राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता संरक्षण केन्द्रका प्राविधिक टोली पनि सक्रिय छन् । डिभिजन वन कार्यालय बारा प्रमुख राजीव झाका अनुसार हात्ती प्रयोग गरेर बाघलाई डार्टमार्फत बेहोस पार्ने योजना बनाइएको छ । 'स्थानीय बासिन्दा त्रासमुक्त हुन नरभक्षी बाघलाई नियन्त्रणमा लिनैपर्छ,' उनले भने, 'हामीले निगरानी क्षेत्र विस्तार गरेका छौं ।' नेपाल प्रहरी र नेपाली सेनाको संयुक्त टोली पनि प्रभावित क्षेत्रमा तैनाथ गरिएको छ ।

नरभक्षी बाघ नियन्त्रण नभएसम्म प्रभावित क्षेत्रमा जान अस्थायी रोक लगाइएको छ । पूर्वमा निजगढ नगरपालिकाको बकैया खोला, पश्चिममा हेटौंडादेखि वीरगन्जको खडकखण्डसम्म, उत्तरमा मकवानपुरको सिमाना र दक्षिणमा कोल्हबी हुँदै बडरहर्वासम्म वन क्षेत्रमा प्रवेशमा रोक लगाइएको छ । मोटरसाइकलमा एक्लै यात्रा नगरी बस वा ट्रकसँगै मात्र यात्रा गर्न आग्रह गरिएको छ ।

■ च्याउ टिप्न गएका लामा बाघको आक्रमणमा परे

● **डिएसपी वेदप्रकाश जोशी**,
इलाका प्रहरी कार्यालय सिमरा



च्याउ टिप्ने क्रममा अचानक बाघको आक्रमणमा परेपछि उनी (छेवाङ लामा) गम्भीर घाइते भए र घटनास्थलमै उनको मृत्यु भयो । घाँस काट्न गएका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको छ । मृतकले प्रयोग गरेको साइकलको फोलामा च्याउ पनि रहेको पाइयो । शव घटनास्थलभन्दा केही पर घिसारिएको अवस्थामा भेटियो ।

■ बाराको वन क्षेत्रमा प्रवेश निषेध, बाघ नियन्त्रणमा जोड

बाराको जितपुरसिमरा उपमहानगरका विभिन्न वन क्षेत्रमा केही समयदेखि बाघ र अन्य वन्यजन्तुको आक्रमणका कारण नागरिकको मृत्यु बढ्दै गएपछि डिभिजन वन कार्यालय बाराले वन क्षेत्रमा प्रवेश पूर्ण रूपमा निषेध गरेको छ । डिभिजन वन अधिकृत राजीवकुमार झाको संयोजकत्वमा विभिन्न सरोकारवालाको उपस्थितिमा आइतबार बसेको बैठकले वन ऐन, २०७६ को दफा ९ अनुसार राष्ट्रिय वन, जसमा सरकारले व्यवस्थित गरेका वन, सामुदायिक वन तथा साझेदारी वनमा प्रवेश रोक्ने निर्णय गरेको हो ।

निषेध अवधि भदौ मसान्तसम्म कायम रहनेछ । यस अवधिमा वन क्षेत्रमा आवतजावत गर्न, घरपालुवा जनावर लैजान, च्याउ टिप्न जान, काठ, दाउरा, खरघाँस, पात, सोत्तरलगायत वन पैदावार संकलन गर्न र पिकनिक वा भोजभतेरका लागि जान पूर्ण रूपमा निषेध गरिएको छ । डिभिजन वन कार्यालयले वनमा प्रवेश गर्दा बाघ, हात्ती वा अन्य वन्यजन्तुले आक्रमण गर्न सक्ने उच्च सम्भावना रहेको जनाएको छ । केवल अति आवश्यक काम परेमा मात्र कार्यालयको अनुमति लिएर प्रवेश गर्न सकिने व्यवस्था गरिएको छ ।

संक्षेप

भारतीय पर्यटकका लागि छापिएका कार्ड अलपत्र

बाँके/ संघीय सरकारका संयन्त्रले सहयोग नगर्दा भारतीय पर्यटकलाई आकर्षण गर्न नसकिएको लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले बताएका छन् । भारतीय पर्यटकलाई भित्र्याउने उद्देश्यले नेपालगन्जमा आयोजित अन्तर्क्रिया कार्यक्रममा उनले बेहलिया नाका भएर आउने भारतीय पर्यटकको सुविधाका लागि छापिएको पहिँलो कार्ड संघीय सरकारका कर्मचारीले वितरण नगरिदिएको गुनासो गरे । 'भारतीय पर्यटकलाई बेहलिया नाकामा पहिँलो कार्ड दिएपछि पर्यटकीय क्षेत्रसम्म पुग्न र फर्किन सहज भएको थियो, तर नाकामा खटिने संघीय सरकारका प्रहरी र अध्यागमन कार्यालयका कर्मचारीले वितरण गर्न नमान्दा उक्त कार्ड मन्त्रालयमा थन्किएको छ,' उनले भने । न्यौपानेले भारतीय पर्यटकलाई ट्राफिक प्रहरीले दुःख दिने गरेको बताउँदै अनाहकमा दुःख दिने कार्य बन्द नहुँदासम्म भारतीय पर्यटकलाई सहज नहुने धारणा राखे । 'एकपटक आएको पर्यटक दुःख पाएपछि दोस्रोपटक आउँदैन । पटक-पटक आउने बनाउन सहज र सरल बनाउनु जरुरी छ,' उनले भने । उनले पर्यटन प्रवर्धन गर्न लुम्बिनी प्रदेश सरकारले नीति बनाइसकेको बताए । नाङ्ग बाँके अध्यक्ष श्रीराम सिम्देलले भारतीय पर्यटकले नाकामा अनेकथरि झमेला व्यहोर्न परेको बताए ।

छत्रेश्वरीमा ४८ घरमा खानेपानीका धारा जडान

सल्यान/ सल्यानको छत्रेश्वरी गाउँपालिका- ५ सिरुवालीमा २९ लाखभन्दा बढी लागतमा एक घर एक धारा खानेपानी तथा सरसफाइ योजनाअन्तर्गत ४८ घरधुरीमा धारा जडान गरिएको छ । तामाधारा खानेपानी तथा सरसफाइ योजनामार्फत वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आइरहेका स्थानीयलाई घरघरमा पानी आएसँगै समस्याबाट छुटकारा दिलाएको छ । बस्तीदेखि तीन किलोमिटर टाढा ढोरेनीको मूलबाट पानी ल्याएर ४८ घरधुरीमा शुद्ध पानी वितरण गरिएको वडा नम्बर- ५ का अध्यक्ष फौदबहादुर बस्नेतले जानकारी दिए । आँगनमै पानीको धारा झरेपछि सिरुवालीनिवासी ७८ वर्षीया खिमी रावतले विगतमा धेरै दुःख भोग्नुपरेको भन्दै अब सबैलाई सुविधा आएको बताए । 'पानीकै लागि दिनरात भनिएन, छरछिमेकमा झगडा भएन कि, तर धेरै वर्षपछि घरघरमा खानेपानी आएपछि निकै खुसी लागेको छ,' उनले भनिन् । ६७ वर्षीय ईश्वरीप्रसाद रावतले गाउँपालिकाबाट योजना परेपछि आफूहरूले पनि २३-२३ दिन श्रमदान गरेर नगद ४५ सय रुपैयाँसमेत उठाएर योजना सम्पन्न गरेको बताए । उपभोक्ताबाट श्रमदानबापत पाँच लाख ५२ हजार ५३४, नगद एक लाख ९२ हजार तथा गाउँपालिका र सुस्वा परियोजनाबाट २६ लाख ६० हजार ५४१ रुपैयाँ अनुदान गरेर कुल २९ लाख आठ हजार ७५ रुपैयाँ लागतमा इनलाइन क्लोरिनेसन प्रणाली जडान गरिएको खानेपानी योजना सम्पन्न भएको गाउँपालिकाले जनाएको छ ।

भन्सार छलीको कपडा र दुई थान मोटरसाइकलसहित युवक पक्राउ

लहान/ सशस्त्र प्रहरी बलको टोलीले सिराहाको गोलबजारबाट भन्सार छली गरेर भित्र्याइएको करिब तीन लाख रुपैयाँ मूल्यको कपडा, मोटरसाइकलसहित एक युवकलाई पक्राउ गरेको छ । भारतबाट भन्सार छली गरेर अवैध रूपले ल्याइएको लत्ताकपडा र दुई थान मोटरसाइकलसहित सुखीपुर नगरपालिका- ७ सिस्वा घर भएका करिब २२ वर्षीय रामकुमार यादवलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिराहाले जनाएको छ । सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार आइतबार बिहान गोलबजार नगरपालिका- ६ गुम्बाचोकनजिकबाट सशस्त्र प्रहरी बल नम्बर ७ बाट खटिएको गस्ती टोलीले कपडा र मोटरसाइकलसहित यादवलाई पक्राउ गरेको हो । यादवसँगै रहेका अर्का मोटरसाइकलचालक भने कपडा र मोटरसाइकल छोडेर फरार भएकाले खोजी गरिरहेको उनले बताए । उनका अनुसार दुवै मोटरसाइकलमा रहेको दुई लाख ८२ हजार आठ सय रुपैयाँबराबरको कपडा र एउटा भारतीय नम्बर प्लेट र अर्को नम्बर प्लेट नै नरहेको गरी दुई लाख ५० हजार मूल्यबराबरका दुई थान मोटरसाइकल बरामद गरिएको छ । बरामद सामग्रीको मूल्य पाँच लाख ३२ हजार आठ सयबराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

■ अवैध संरचनामा ललितपुर महानगरको डोजर



ललितपुर महानगरपालिका- ५ स्थित लगनखेलमा न्ह्युँदपोखरीछेउमा सरकारी जग्गा अतिक्रमण गरी बनाइएको बुद्धि विकास मण्डलको भवन भत्काउँदै महानगरका कर्मचारी । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

चितवनको इच्छाकामनामा चेपाङले मनाए न्वागीपर्व

मकवानपुर/ सीमान्तकृत चेपाङ (प्रजा) समुदायले 'न्वागीपर्व' चितवनको इच्छाकामना गाउँपालिकामा भव्य रूपमा मनाएका छन् । नयाँ बाली खानुअघि पितृ र भूमिलाई पूजा गर्ने प्राचीन परम्परासहित मनाइने यस पर्व बागमती प्रदेशका चितवन, मकवानपुर र धादिङ तथा गण्डकी प्रदेशको गोरखा, लमजुङ र तनहुँ जिल्लामा समेत धुमधामका साथ मनाइन्छ । अघिल्लो वर्ष धादिङको गजुरी गाउँपालिकामा विशेष पूजाआजासाथ मनाइएको न्वागीपर्व यस वर्ष चितवनको इच्छाकामना गाउँपालिकामा मनाइएको हो । पर्व मनाउन चितवनसहित मकवानपुर, धादिङ, गोरखा र छिमेकी जिल्लाका चेपाङ समुदायका मानिसको उपस्थिति थियो । चेपाङ भाषामा 'न्वागी'लाई 'छोनाम' भनिन्छ । न्वागीमा छर छिमेकी र नातागोता बोलाएर सामूहिक भोज खाने, नाचगान गर्ने र आपसी सुख-दुःख साट्ने परम्परा छ । यस पर्वलाई 'पान्देई घ्यासा' पनि भन्ने गरिन्छ । यस पर्वको मुख्य आकर्षण भनेको मध्यराति झाँक्री (पान्दे)हरूले फलाक्नु पनि हो । बन्द कोठामा रुद्राक्षमाला धारण गरेका झाँक्रीहरू एकपाके ह्यांग्रो ठटाउँदै र रातभर सिमेभुमे फलाकेर पितृ र भूमिलाई खुसी पार्ने चलन छ ।

नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङका अनुसार यस पर्वमा कागुनो, सामा, घैया, गाभा, निबुवा, घिरौलालगायत नयाँ बाली र कन्दमूल पितृलाई चढाइन्छ । पितृलाई नबुझ्काई र भूमिलाई धन्यवाद नदिई नयाँ अन्न खाएमा अनिष्ट हुन्छ भन्ने धार्मिक विश्वास छ । 'त्यसैले न्वागीलाई पितृ र भूमिपूजाको पर्व मानिन्छ,' उनले भने, 'यस अवसरमा भेला भएर ह्यांग्रो बजाउने, टीका लगाउने र आशीर्वाद थाप्ने संस्कार परापूर्वकालदेखि चल्दै आएको छ ।'

■ ५९औं अन्तर्राष्ट्रिय साक्षरता दिवस

१७ वर्षमा पनि हुन सकेन साक्षर नेपाल घोषणा

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले १७ वर्षअघि नै निरक्षरता उन्मूलन गर्ने घोषणा गरेको थियो । तर, सरकारको योजना अहिलेसम्म पनि अधुरै छ । वर्षौंपिच्छे नीति तथा कार्यक्रम र बजेट भाषणमा समेटिए पनि अझै १० जिल्ला साक्षर घोषणा हुनै बाँकी छ । मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा कर्णालीका कालीकोट र डोल्पा जिल्ला साक्षर घोषणा हुन सकेका छैनन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार १३१ वटा स्थानीय तह साक्षर हुन सकेका छैनन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्यांकअनुसार पाँच वर्षभन्दा माथिल्ला उमेर समूहका साक्षरता दर ७६.२ प्रतिशत थियो । १५ देखि ६० वर्षसम्मका उमेर समूहमा साक्षरता दर ८५ प्रतिशत छ । पछिल्लो तीन वर्षयता साक्षरता प्रतिशतमा केही वृद्धि भए पनि केन्द्रले अध्ययन गर्न सकेको छैन । हाल नेपालमा पढ्न-लेख्न जान्ने जनसंख्या दुई करोड तीन लाख ७७ हजार ९८० छ भने साक्षर पाँच वर्षभन्दा माथिल्लो उमेर समूह दुई करोड ६७ लाख २५ हजार २९५ छ ।

सरकारले सुरुमा दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने घोषणासहित आर्थिक वर्ष ०६५/६६ मा यो अभियान सुरु गरेको थियो । अभियान सुरु भएयता १० अर्बभन्दा बढी खर्च भएको छ । साक्षर घोषणा भएका जिल्लामा समेत पोस्ट साक्षर तथा निरन्तर शिक्षाका कार्यक्रम नहुँदा साक्षर व्यक्तिसमेत निरक्षर हुन थालेका छन् । केन्द्रका महानिर्देशक कृष्ण काप्रीले साक्षरतालाई निरन्तरता दिन पर्याप्त बजेट नभएको बताउँदै साक्षरता अभियानमा सुस्तता आएको बताए । 'अहिले साक्षरताका कार्यक्रम के कसरी गर्ने, विगतका कार्यक्रम तथा साक्षरता भएका जिल्लामा कस्तो अवस्था यसबारेमा फलोअप गर्दै छौं,' उनले भने, 'बाँकी रहेका जिल्लालाई पनि छिटो साक्षर बनाउने अभियानमा छौं ।'

सरकारले ०६५/६६ मा अभियान सञ्चालन भएपछि पटक-पटक दुई वर्षमा साक्षर नेपाल बनाउने घोषणा गरेको थियो । तर, हालसम्म साक्षर नेपाल बनाउने सपना पूरा हुन सकेको छैन । पछिल्लो वर्षहरूमा यससँग सम्बन्धित कार्यक्रम नहुँदा साक्षरता अभियानमै अवरोध हुने गरेको छ । हाल देशभर १५ देखि ६० वर्ष उमेर समूहको साक्षरता प्रतिशत ८५ छ । सोमबार अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाइँदै छ ।

विश्वव्यापी रूपमा साक्षरता दर ९५ प्रतिशत पुगेपछि साक्षर भएको मानिन्छ । नेपालले पनि त्यति नै प्रतिशत पूरा गरेपछि साक्षर नेपाल घोषणा गरिनेछ ।

■ समय फेरियो, फेरिएन साक्षरताको शैली

सरकारले ०६५ देखि साक्षरता उन्मूलन अभियान थालेको थियो । त्यसवेला परम्परागत सिकाइ माध्यम र तरिका थिए । अहिलेजस्तो प्रविधि थिएन । अहिले भने सिकाइ र अभ्यासको परिभाषा नै बदलिएको छ । प्रविधि तथा विभिन्न उपकरणहरूको माध्यमबाट पनि मानिसहरू लेख्न-पढ्न जान्ने भइसके । तर, प्रविधिबाट हुने साक्षरतालाई सरकारले साक्षरता मान्दैन । समयअनुसारको साक्षरता अभियान नहुँदा यसको अभियानमा प्रश्नसमेत उठ्न थालेको छ । सरकारको साक्षरताको परिभाषा भने उही पुरानो छ । शिक्षाविद् विद्यानाथ कोइरालाले सरकारको साक्षरता कार्यक्रम र अभियान उल्टो रहेको बताए । 'मौखिक साक्षरतालाई पनि मान्नुपर्छ । अहिले मानिसहरू डिजिटल्ली सचेत भए, यसलाई पनि मापन गराउनुपर्छ, यी माध्यमलाई साक्षरताको प्लेटफर्म बनाउनुपर्छ, तर सरकारले उल्टै सामाजिक सञ्जालमा प्रहार गरिरहेको छ,' उनले भने, 'चित्रकला र अन्य कलात्मक सिकाइलाई साक्षरताको मापन मान्न सकिन्थ्यो, तर त्यसमा चासो दिइएन ।' उनले नवसाक्षरता र निरन्तरतामा पनि ध्यान दिन आवश्यक रहेको बताए ।

■ पटक-पटक साक्षरता कार्यक्रम, तर अभियान अधुरै

साक्षरता घोषणा गर्न सरकारले पटक-पटक योजना ल्यायो, तर हालसम्म पनि अधुरै छ । ०६५/६६ को नीति तथा कार्यक्रममा दुई वर्षभित्र सबै नागरिकलाई साक्षर बनाउने उल्लेख गरिएको थियो । ०६९/७० को बजेट भाषणको ६७ नम्बर बुँदामा साक्षर नेपाल अभियान कार्यक्रम सञ्चालन गर्ने उल्लेख थियो । सोही आधारमा शिक्षा मन्त्रालयले तीन वर्षभित्र देश साक्षर हुने उल्लेख गरेको थियो । ०७१/७२ को नीति तथा कार्यक्रममा फेरि कार्यक्रमले निरन्तरता पायो । ६७ नम्बर बुँदामा भनिएको थियो, 'साक्षर नेपाल अभियान कार्यक्रमका साथ आगामी वर्षलाई निरक्षरता उन्मूलन वर्षका रूपमा मनाइनेछ ।' आर्थिक वर्ष ०७५/७६ को बजेट भाषणको बुँदा नम्बर ४१ मा 'प्रदेश र स्थानीय तहको सहकार्यमा आगामी दुई वर्षभित्रमा साक्षर नेपाल घोषणा गरिनेछ' उल्लेख छ ।

सरकारले आव ०७६/७७ को नीति तथा कार्यक्रमको ९९ नम्बर बुँदामा लेखिएको छ, 'आगामी दुई वर्षभित्र नेपाललाई साक्षर नेपाल घोषणा गरिनेछ ।' सरकारले ०७७/७८ सालको नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा पनि सो आर्थिक वर्षमा साक्षर नेपाल बनाउने उल्लेख गरेको छ । आव ०७८/७९ को को नीति तथा कार्यक्रममा पनि अघिल्लो वर्षकै नीति तथा कार्यक्रम दोहोरियो । नीति तथा कार्यक्रम र बजेटमा दुई वर्षभित्रमा नेपाललाई पूर्ण साक्षरता गर्ने घोषणा भयो ।

आव ०७९/८० मा पनि सरकारले एक वर्षमा नेपाललाई साक्षर देशका रूपमा घोषणा गर्ने लक्ष्य नीति तथा कार्यक्रममा अघि सारेको थियो । तर, घोषणा खेर गयो ।

भ्रष्टाचारबारे 'जेन-जी' पुस्ताले बुझ्नैपर्ने पक्ष

'जेन-जी' पुस्ताको आन्दोलन सफल हुन्छ वा हुँदैन, त्यो फरक पाटो भए पनि यो पुस्ताको अभियान जायज र समयसापेक्ष छ



● रुजित काफ्ले

अग्रलेख

पछिल्ला केही वर्षदेखि नेपाली राजनीतिक विषयमा युवा पुस्ताले चियो र चासो लिनुपर्छ भन्ने बारम्बार गुन्जिने आवाज केवल निर्वाचनमा उठ्ने र चुनाव जित्ने मनोकांक्षाबाट मात्र प्रेरित भएको देखिन्छ। तर, युवा पुस्ताले प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न नभई राजनीतिलाई शुद्धीकरण गर्न आवाज बुलन्द गर्नुपर्छ भन्ने मानसिकताको बिजारोपण भने कमै भएको देखिन्थ्यो। युवा पुस्तामध्ये पनि चलनचल्तीको भाषामा 'जेनेरेसन जेड' अर्थात् 'जेन-जी' पुस्ताले राजनीतिमा खासै रुचि राख्दैन भन्ने आमसर्वसाधारणमा छाप परिरहेको अवस्थामा हालै टिकटकमा सुरु भएको 'नेप्पो बेबिज ट्रेन्ड'ले राजनीतिक रूपमा बलियो पहुँच भएका नेतालगायत विशिष्ट ओहोदामा पुग्न सफल व्यक्तिहरूले अकुत रूपमा भ्रष्टाचार गरी थुपारेको पैसामा उनीहरूका सन्तानले मोज गरी विलासी जीवनयापन गरेको विविध सामाजिक सञ्जालमा हालेका तस्बिर कलेक्सन गर्दै टिकटकमा पोस्टाउँदै उनीहरूलक्षित विभिन्न अभियान चलाइरहेको देखिन्छ। यस अभियानको थालनीमा कसको हात छ, कोबाट सञ्चालित छ भन्ने यकिन हुन नसके पनि ८ सेप्टेम्बर अर्थात् २३ भदौका लागि जेन-जी पुस्ताले देशव्यापी आन्दोलन घोषणा गरेको टिकटकमा थुप्रै पोस्ट देखिएका छन्। यस आन्दोलनबारे सामाजिक सञ्जालमा व्यापक प्रचार भइरहेको छ। यसलाई आमसर्वसाधारणले समेत समर्थन गरिरहेको अवस्थामा विषेश गरी जेन-जी पुस्ताको ध्यानाकर्षणसमेत गरेको देखिन्छ। यस्तै प्रकृतिको मिल्दो अभियान फिलिपिन्स, इन्डोनेसियालगायत देशमा पनि चलिरहेको छ। यस्ता अभियानले सञ्चालन गर्न लागिरहेको आन्दोलन सफल हुन्छ वा हुँदैन त्यो फरक पाटो हो। तर, अहिलेको पुस्ताको यो कदम जायज र समयसापेक्ष छ। नेपालको भविष्य अब कस्तो बन्ने भन्ने जेन-जी पुस्ता र त्यसपछि आउने सन्ततिको हातमा छ। तर, यो पुस्तालाई राजनीतिक विषयबाट भरसक टाढा राख्न नेपालमा ठुला प्रपञ्च रचिँदै आएको छ। आजको पुस्ताले भ्रष्टाचारजस्ता आपराधिक गतिविधिको साक्षी भएका आधारमा मात्र विश्लेषण नगरी सोको आयामसमेत बुझेर कदम चाल्नु आवश्यक देखिन्छ।

हाम्रो पुस्ताले जान्नुपर्ने भ्रष्टाचारका आयाम: आमसर्वसाधारण र जेन-जी पुस्ताले बुझेको साझा भ्रष्टाचारको आयाम खुला भ्रष्टाचार नै हो। नेपालमा खुला भ्रष्टाचार भन्नाले सरकारी कार्यालयमा कर्मचारीले नागरिकको सेवा गर्दा घुस लिने, दलालका माध्यमबाट काम अघि बढाउने वा प्रक्रियागत अनियमितता गर्ने कार्यलाई जनाउँछ। उदाहरणका लागि, मालपोत कार्यालयमा नागरिकले काम छिटो गर्न घुस दिनुपर्ने स्थिति, सडक निर्माण तथा पूर्वाधार मन्त्रालयमा ठेक्का प्रक्रियामा अनियमितता, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सेवाप्रदायकले पैसाको लेनदेन गरेर काम गर्ने घटनालगायत यसअन्तर्गत पर्छन्। तर, जेन-जी पुस्ताले जान्नुपर्ने भ्रष्टाचारका विविध आयाम अन्य छन्, जुन गुपचुप हुन्छन्, सार्वजनिक गरिँदैनन्, ती निम्न छन् :

क) कानुनी संरचनागत आयाम : नेपालको संविधानले संवैधानिक आयोगका रूपमा भाग २१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरी कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन, महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्यायपरिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन, कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउनलगायत कानुनमा उल्लिखित अन्य विषयमा भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्ने वा मुद्दा चलाउने अधिकार आयोगलाई दिइएको छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। संविधानको धारा २८४ मा संवैधानिक परिषद्को व्यवस्था भएबमोजिम सो परिषद्मा प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र प्रतिनिधिसभाको उपसभामुख सदस्य रहने व्यवस्था छ। नेपालमा यी सम्पूर्ण पदले राजनीतिक पहुँचमा प्रत्यक्ष सरोकार राख्छन् र नियुक्ति पनि राजनीतिक मनसायबाटै हुन्छ भन्ने विषय विगतमा गरिएको ५२ पदाधिकारीको नियुक्ति विवादबाट छर्लंग हुन्छ। यसरी राजनीतिक दलको भागबन्डाका आधारमा अख्तियारमा जाने प्रवृत्ति रहेकै कारण सत्तासीन दलहरूको प्रभुत्व रही अख्तियारको कार्यसम्पादन प्रभावकारी हुनसकिरहेको देखिँदैन। कार्यसम्पादन गतिलो हुन्थ्यो भने नेता, उनका सन्ततिलगायतले बिताएका आलिसान जीवन सरकारी सेवा-सुविधाका आधारमा मात्र कसरी चलिरहेको छ भन्ने विषयमा पक्कै अनुसन्धान प्रभावकारी हुन्थ्यो होला। यसकै कारण सायद अहिले अख्तियारले पाएको अधिकारअन्तर्गत पेटी भ्रष्टाचारहरूको मात्रै अनुसन्धान हुने, तर ठुला भ्रष्टाचारमाथि अनुसन्धान गर्न सक्ने अवस्था नरहेको आयुक्तहरू स्वयं बताउँछन्। ठुला आयोजनासम्बन्धी नीति बनाउँदा नै हुने चलखेललाई भ्रष्टाचार मानेर दण्डित गर्ने व्यवस्था प्रचलित ऐनले नगरेको समेत उनीहरू बताउँछन्। यसरी नेपालमा संरचनागत र कानुनी व्यवस्थाका कारण पनि भ्रष्टाचारको मलजल हुने अवस्था सिर्जना भएको देखिन्छ। कानुनी एवं राज्य संरचनाले असल नियत राखी ती व्यवस्था सिर्जना गरे पनि नेपालमा कसरी कानुनको अर्थको अनर्थलगायत कानुनी



छिद्रमाथि खेल्ने भन्ने दाउपेच तीव्र हुने भएकाले कानुनको सफल कार्यान्यवनमा चुनौती देखिने गरेका छन्। तसर्थ, यस्ता विषयमा कानुनी तथा राज्यसंरचना व्यवस्थामा मात्र सीमित गर्ने उद्देश्यले नरम नभई कडा स्वभावको बन्नुपर्ने आवश्यकता देखिन्छ। कानुनी एवं संरचनागत फेरबदलका लागि आगामी निर्वाचनमा जेन-जी पुस्ता र आमसर्वसाधारणले समेत प्रतिनिधिसभा निर्वाचनमा कानुन निर्माण गर्न सक्ने सक्षम एवं गतिला देशको मर्म बुझेका उम्मेदवारलाई निर्वाचित गराउनुपर्ने देखिन्छ। सांसदले टोलको सडक, ढललगायतका भौतिक संरचना निर्माण गरोस् भन्ने आकांक्षासहित भोट हाल्ने पुरातन गलत अभ्यास बन्द गराउनुपर्छ।

ख) भ्रष्टाचारको नीतिगत आयाम : नीतिगत भ्रष्टाचार भन्नाले नीति वा ऐन निर्माणकै क्रममा भ्रष्टाचार हुन या गर्न सक्ने प्रावधान राखेर त्यसकै छिद्रबाट गरिने भ्रष्टाचारलाई बुझिन्छ। राजनीतिज्ञ र कर्मचारीतन्त्र विषेश गरी, यस प्रकृतिका भ्रष्टाचारमा संलग्न हुन्छन्। नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ ले मन्त्रिपरिषद्को 'नीतिगत' निर्णयमा अनुसन्धान गर्न नपाइने व्यवस्था गरेको छ। तर, नीतिगत निर्णय केही सीमित मात्र हुने सत्यलाई उपेक्षा गरी सबै निर्णयलाई नीतिगत मानी अनुसन्धान नगर्ने परम्परा बसेको छ। ललितानिवास जग्गा प्रकरणमा मन्त्रिपरिषद् का निर्णय कानुनविपरीत भए पनि आयोगले मुद्दा दायर नगर्नु यसको ठोस उदाहरण हो। ऐनमा नीतिगत निर्णयको स्पष्ट परिभाषा नदिनु नै कानुनी छिद्र बनेको छ। मूल्य अभिवृद्धि करमा छुट दिने, कर फर्स्योट आयोगलाई असीमित अधिकार दिने, आर्थिक सहायता वितरण, खरिद, ठेक्कापट्टा, जलविद्युत्, सडक, औषधि, उपकरण खरिददेखि जहाजसम्ममा मन्त्रिपरिषद्बाट 'सेटिङ'का आधारमा गरिएका निर्णयले राष्ट्रको सम्पत्तिको दोहन भएको छ। यसरी नीतिगत भ्रष्टाचार किंवदन्तीजस्तै देखिए पनि ठुला आर्थिक स्वार्थ र शक्ति मिलेमतोका कारण अनुसन्धान र कारबाहीबाट बच्ने अवस्था छ, जसले शासन र समाजमा 'सेटिङ' शब्दलाई कुख्यात बनाएको छ। कानुनी संरचना र नियति दुवैको आडमा नीतिगत भ्रष्टाचार अडिएको छ। यस विषयमा समेत आमसर्वसाधारण एवं युवा पुस्ता आवाज उठाउन आवश्यक देखिन्छ। विशेषगरी, न्यायिक उपचार मागको प्रक्रियामा समेत अबको पढेलेखेको पुस्ता अग्रसर हुनुपर्ने देखिन्छ। विगतमा संघीय संसद् विकास कोष खारेजीका लागि नयाँ पुस्ता नै अगाडि बढी न्यायिक उपचार माग गर्दा सर्वोच्च अदालतले खारेजीको फैसला गरेको उदाहरणसमेत देखिन्छ।

> पढेलेखेको 'जेन-जी' पुस्ताले सामाजिक सञ्जालमा मात्र बेथितिविरुद्ध आवाज बुलन्द नगरी बेथितिको कारण खोजी समाधानको रचनात्मक बाटोमा समेत खबरदारी गर्नुपर्छ

ग) कर्पोरेट भ्रष्टाचारको आयाम : नेपालमा कर्पोरेट भ्रष्टाचार भन्नाले ठुला व्यापारिक घराना, कम्पनी वा निगमले आफ्ना स्वार्थका लागि राजनीतिक वा प्रशासनिक शक्तिसँग मिलेमतो गरी गैरकानुनी वा अनैतिक रूपमा गर्ने भ्रष्टाचारजन्य कार्यलाई जनाउँछ। यस किसिमको भ्रष्टाचार प्रायः नाफा बढाउने, कर छुट पाउने वा ठुला ठेक्कापट्टा हात पार्ने उद्देश्यले हुन्छ। नेपालमा कर्पोरेट भ्रष्टाचारका स्वरूपमा नीतिगत सेटिङ प्रमुख मानिन्छ, जहाँ व्यवसायीले नीति-निर्माणमा प्रभाव पारेर आफ्ना लागि अनुकूल प्रावधान राख्न सडकदेखि सदनसम्म राजनीतिको आडमा पहुँच राख्छन्। त्यस्तै जलविद्युत्, सडक, औषधि, उपकरण खरिददेखि ठुला पूर्वाधार निर्माणसम्ममा प्रतिस्पर्धात्मक प्रक्रिया छाडेर 'सेटिङ'का आधारमा ठेक्का पाउने चलनले सार्वजनिक स्रोतको दोहन भएको छ। बैंकिङ, बिमा र टेलिकमजस्ता क्षेत्रमा नियामकमाथि कब्जा गरी अनुकूल नियम बनाउने, करछली र 'मनी लन्डरिङ' गर्ने, इजाजतपत्र वा ऋण सुविधा लिन कमिसन दिनेलिने कार्य पनि कर्पोरेट भ्रष्टाचारकै रूप हुन्। यसरी व्यवसायी र राजनीतिज्ञबिचको लेनदेनले न केवल आर्थिक पारदर्शिता हराउँछ, राष्ट्रको सम्पत्ति केही शक्तिशाली सीमित समूहको हातमा हुन्छ। नेपालमा कर्पोरेट भ्रष्टाचारले सुशासन, प्रतिस्पर्धा र आर्थिक न्यायलाई कमजोर पार्दै विकास प्रक्रियामा गम्भीर अवरोध सिर्जना गरेको छ। नेपालमा भ्रष्टाचारलाई संस्थागत गराउने प्रमुख तत्त्वका रूपमा 'कर्पोरेट करप्सन'समेत पर्छ। यस्ता प्रकृतिका गतिविधिमा संलग्न सबैको पहिचान गर्न अबको युवा पुस्ता सक्षम हुनुपर्ने देखिन्छ।

निष्कर्ष : कानुनले राष्ट्रसेवक पहिचान गरेका मूर्धन्य व्यक्तिहरूको नियतिले समेत भ्रष्टाचार कम वा बढी हुने विषयमा ठुलो भूमिका खेल्न सक्छ। देशलाई कसरी बनाउने वा कुन दिशामा लग्ने भन्ने विषयमा निर्वाचनको समयमा सर्वप्रथम जनताको, निर्वाचनपश्चात् निर्वाचित जनप्रतिनिधिको र राष्ट्रका लागि सेवा गर्ने राष्ट्रसेवक कर्मचारीको समेत महत्त्वपूर्ण हात रहन्छ। विशेष गरी, कर्मचारीतन्त्र र राजनीतिले यस विषयमा प्रमुख भूमिका खेल्दछ। राष्ट्रसेवक कर्मचारीले असल भूमिका निर्वाह गरेको सन्दर्भमा राजनीतिज्ञसमेत सचेत हुनुपर्ने अवस्था रहन्छ। तर, नेपालका हकमा राष्ट्रसेवक कर्मचारीसमेत राजनीतिज्ञको पोल्टाभित्र रहने प्रवृत्तिका कारण यस्ता प्रकृतिको घटनाबाहिर निस्किँदैनन्। राष्ट्रनिर्माणको सन्दर्भमा जनता, राष्ट्रसेवक कर्मचारी र राजनीतिज्ञहरूले कस्तो नियतले आफ्नो कार्यसम्पादन गरिरहेका छन् भन्नेसमेत महत्त्वपूर्ण विषय रहन्छ। नेपालको सन्दर्भमा राजनीतिक रूपमा भ्रष्टाचारको संरक्षण हुने, राष्ट्रसेवक कर्मचारीसमेत राजनीतिकै आडभित्र लुक्ने र सघाउ गर्ने र जनताले प्रश्न नगर्ने र गलत नेतृत्वको चयन गर्ने नियत देखिएको खण्डमा यस्ता गतिविधिले थप प्रश्रय पाउँदै गएको देखिन्छ। आफ्नो कर्तव्यको सही तरिकाले पालना गरेको र गराउन लगाएको भए यस्तो विकराल अवस्था पक्कै सिर्जना हुँदैनथ्यो। राष्ट्रसेवक, जनता र राजनीतिज्ञलाई जवाफदेही बनाउने काम अबको पुस्ताले गर्नुपर्छ। यस्ता गतिविधि निर्मूलन गर्न राजनीतिज्ञलाई प्रश्न गर्ने, राष्ट्रसेवक कर्मचारीलाई प्रक्रियागत कार्य गराउन बाध्य पार्ने र आफ्नो अधिकारप्रति सचेत रहन अबको पुस्ता जानकार रहनुपर्छ। अबको पढेलेखेको जेन-जी पुस्ताले सामाजिक सञ्जालमा मात्र बेथितिविरुद्ध आवाज बुलन्द नगरी बेथितिको कारण खोजी समाधानको रचनात्मक बाटोमा समेत खबरदारी गर्नुपर्छ।

(काफ्ले कानुनका विद्यार्थी हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **कृष्ण पोखरेल**लाई



बाहिरबाट हेर्दा एमालेको विधान महाधिवेशन कस्तो देखियो ?

एमालेको विधान महाधिवेशन अध्यक्ष केपी ओलीको कब्जामा देखियो। विधान महाधिवेशनअघि बस्नुपर्ने केन्द्रीय समिति बैठक बोलाउँदै बोलाइएन। सचिवालय बैठकले स्थायी समिति सदस्य कर्ण थापालाई फरक मत राख्न दिने निर्णय गरे पनि महाधिवेशनमा त्यस्तो मौकै दिइएन। 'सबैले देख्यौ त मेरो तागत, तिमीहरूले के नै गर्न सक्छौ र' भन्ने दम्भ देखियो मूल नेतृत्वमा। पार्टीभित्र लोकतान्त्रीकरणको मसिहा बनेर उदाएका नेताबाट महाधिवेशनमा फरक मतलाई 'इन्टरटेन' गर्नुपर्नेमा उल्टै हत्या गर्ने काम भयो।

सचिवालयको निर्णयविपरीत फरक मत राख्न नदिनुले पार्टी जीवनमा कस्तो प्रभाव पार्ला ?

हरेक क्रियाको प्रतिक्रिया त हुन्छ नै। यसको प्रत्यक्ष उदाहरण विधान महाधिवेशनमा भएका समूहगत छलफलमा पनि देखियो। जतिसुकै निषेध गरे पनि समूहगत छलफलमा पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता र कर्ण थापाको फरक मतको चर्चा त भइछाड्यो। यसले माथिदेखि तलसम्मै तरंग ल्याउने निश्चित छ। यो अभियान त्यत्तिकै सेलाएर जाँदैन। यसले विधान महाधिवेशनपछि पार्टी एकढिक्का भएको सन्देश प्रवाहित गरी पार्टीपंक्तिमा उत्साह थप्नुपर्नेमा उल्टो असर गर्न सक्छ। उता भण्डारीका गतिविधि पनि जारी नै रहन्छन्।


विधान महाधिवेशनले अध्यक्ष केपी ओलीलाई आगामी कार्यकालका लागि निर्विकल्प नेता बनाएको हो ?

यो त सीधै देखियो। विगतमा आफूलाई 'थ्रेट' हुने सम्भावना नदेखुन्जेल पूर्वराष्ट्रपति भण्डारी पार्टीमा फर्किन सक्नुहुन्छ भन्ने अध्यक्ष ओली यतिखेर भण्डारीको आगमन आफ्नै लागि खतरा हुने देखेर उहाँलाई रोक्न हरसम्भव तिकडम लगाइरहनुभएको छ। अहिलेको महाधिवेशनले भण्डारी र उहाँको पक्षमा उठ्ने आवाजलाई दबाएर आफूलाई निर्विकल्प नेता बनाउन ओली सफल हुनभएको छ। तर, यसको नकारात्मक असर पार्टीभित्र लामो समयसम्म रहिरहनेछ। अर्को पक्षलाई खेद्दै गएपछि आगामी निर्वाचनमा 'इनर्जेटिक' भएर आउनुपर्ने पार्टी थप कमजोर हुने निश्चित छ।

प्रेरक प्रसंग

पत्नीको हौसला

चर्चित उपन्यासकार नथानियल हार्थन एउटा कार्यालयमा नोकरी गर्थे। जतिसुकै मिहिनेतसाथ काम गरे पनि उनी त्यसमा सफल हुन भने सकिरहेका थिएनन्। घरको गरिबीले गर्दा पारिवारिक दायित्व पूरा गर्नै पनि उनले नोकरी नगरी सुख थिएन। उनलाई आफू अफिसमा नोकरी गर्नका लागि जन्मेकै होइन जस्तो लागिरहन्थ्यो। उनको काम पनि सन्तोषजनक हुन सकिरहेको थिएन। परिणामस्वरूप एकदिन उनलाई नोकरीबाट निकालियो।



नोकरीबाट निकालिएको पत्र पाएपछि उनी निराश हुँदै घर फर्किए। घर पुगेपछि उनले पत्नी सोफियालाई आफू नोकरीबाट निकालिएको सुनाए। पति जागिरबाट निकालिएको सुन्दा पनि सोफिया दुःखी भइनन्। उल्टै उनी खुसी भइन्। उनले पतिलाई अँगालोमा बेर्दै भनिन्- मेरा प्यारा पतिदेव, तपाईं कति प्रतिभाशाली हुनुहुन्छ भन्ने मलाई मात्र थाहा छ। यथार्थमा तपाईं यस्तो कुनै नोकरी गर्न जन्मेको मान्छे नै होइन। अब तपाईंले कत्ति पनि निराश नभईकन आफ्नो लेखन कार्यमा लाग्नुपर्छ। मलाई विश्वास छ, तपाईं एक सफल लेखक बन्नुहुनेछ।

हार्थनले खुइय गर्दै भने- तिमी त भन्छ्यौ नि ! तर नोकरीको अभावमा चुल्हो कसरी जलाउने ? पत्नी सोफियाले दराज खोलेर पैसाको बिटो निकालेर अगाडि राखिदिइन्। पैसा देखेर हार्थन छक्क परे। उनको मनोदशा बुझेर सोफियाले भनिन्- मेरा प्यारा पतिदेव, यो सबै तपाईंकै कमाइ हो। मैले थोरैथोरै गरी जोगाएको पैसा हो। यसबाट हामी एक वर्ष त दुःख-सुख बाँच्न सक्छौँ। अप्ठ्यारै परेको अवस्थामा म पनि नोकरी खोज्न सक्छु। त्यसैले अब तपाईं आफ्नो पूरा ध्यान र क्षमता लेखनमा लगाउनुहोस्। घर म सम्हाल्छु। पत्नीको प्रोत्साहन पाएपछि हार्थन लेखन कार्यमा समर्पित भए। केही महिनाको अथक परिश्रमपछि उनले अमेरिकी साहित्यको महान् उपन्यास 'द स्कार्लेट लेटर' तयार गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरूलाई कानुन लाग्दैन ?


जेब्राक्रसमै बालिकालाई गाडीले हानेर भागे मन्त्री
प्रधानमन्त्रीले उल्टै पीडित पक्षलाई लगाए 'महाधिवेशन भाँड्ने तत्व'को आक्षेप

सडक पार गर्न लागेकी बालिकालाई ठक्कर दिएर घाइते बनाई भाग्ने मन्त्रीलाई प्रधानमन्त्री केपी ओलीले ढाकछोप गरेर बचाएको र उल्टै मन्त्रीको विरोध गर्ने जनतालाई आफ्ना महाधिवेशन भाँड्ने तत्त्वका रूपमा आरोप लगाएको समाचार पढियो। यो सब प्रधानमन्त्री र उनका दलका नेताहरूको स्खलित राजनीतिको पराकाष्ठा हो।

● **सुनन्दन पालिखे**, सतुंगल, काठमाडौं

बालिकालाई ठक्कर दिएर भाग्ने मन्त्रीको अमानवीयता र त्यसलाई सामान्यीकरण गर्ने प्रधानमन्त्रीको निर्लज्जता, यो केवल कानुनको होइन, मानवताको समेत हत्या हो। उनीहरूको राजनीतिक चरित्रको सबैभन्दा निकृष्ट उदाहरण यही हो।

● **प्रेम पराजुली**

हल्लाको एक्सिडेन्ट हो ! यत्रो त्याग गरेर ल्याएको लोकतन्त्रमा यसो एक-दुईजना जनता मर्दा मन्त्रीलाई कसरी सजाय हुन सक्छ ? सजाय त जनतालाई पो हुने हो त ! आखिर जनताले के त्याग गरेका छन् र यो लोकतन्त्र ल्याउनलाई ? एमाले र कांग्रेसका केही दर्जन नेता मिलेर ल्याएको लोकतन्त्रमा जनताले स्वतन्त्रता खोज्ने ?

● **विष्णु पाण्डे**

प्रधानमन्त्री ओलीले घटनालाई राजनीति गरियो भनेछन् र एमालेको सम्मेलन भाँड्ने सुनियोजित 'प्लान'सम्मका कुरा गरेर आफ्नो असली अनुहार देखाएछन्। जनताको जीउधन यिनका लागि खेलौना बन्दै छ।

● **बालमुकुन्द भण्डारी**

आइसियूमा मन्त्री हुनुपर्ने अनि घटना साधारण हुने थियो ! नेताका लागि बिचरी सानी नानीको त ज्यान नै होइन !

● **सुभाषजंग थापा**

अनि सरकारले सूचीकृत गर्दैन त, यसरी सरकार र मन्त्रीहरूको मनपरितन्त्रको विरोध गर्न थालेपछि ?

● **इन्द्र साउदेन**

नेताहरू जनताप्रति कति उत्तरदायी छन् वा छैनन् भन्ने कुरा बालिकाको दुर्घटनापश्चात् आएको एमाले अध्यक्ष अनि देशकै प्रधानमन्त्रीको वक्तव्यले प्रमाणित गर्छ। एकजना व्यक्तिलाई पचासौं टुक्रा पारेर हत्या गरेको पृष्ठभूमिबाट राजनीतिमा आएकाहरूले गाडीले ठक्कर दिएको घटनालाई सामान्य मात्र भन्नु के ठुलो कुरा हो र ? नेताकी छोरीलाई ठक्कर दिएर बाटोमा पछारिदिएको भए पो बुझ्थे, सन्तानको पीडा !

● **नरेन्द्र कपाली**

गल्ती जनताकै हो, किनभने एमालेका ठुल्ठुला मन्त्रीश्रीहरू सवार हुँदा बाटामा हिँडडुल गर्न हुँदैनथ्यो। बाटो खाली गरिदिनुपर्थ्यो किनकि उहाँहरू समाजवादको बाटामा हुइँकिरहनुभएको हुनाले बाटाको वरिपरि हिँड्ने जोकोहीलाई पनि जिउँदो नछाड्ने उहाँहरूको दैनिकीजस्तै भएको छ। त्यसैले त्यसरी जेब्राक्रसिङमै पछारेर लतारेर भाग्दा पनि बच्ची जिउँदै हुनु उहाँहरूलाई सामान्य लाग्नु स्वाभाविकै हो, होइन र ?

● **रेशम बस्नेत**

मन्त्रीको गाडीले जेब्राक्रसबाट एउटी बालिका क्रसिङ गर्दैगर्दा गाडीले हानेको छ। अनि यो घटना सामान्य हो भन्दै गैरजिम्मेवार ढंगले प्रधानमन्त्री प्रस्तुत हुनुभएको छ। यो तपाईंको पार्टीको मन्त्रीले गर्दा मात्र हो कि आमजनताले गर्दा पनि सामान्य हुने हो। भोलिदेखि ड्राइभरले यात्रुलाई हान्दै हिँड्न थाले भने त्यसलाई पनि सामान्य हो भन्न सक्नुहुन्छ प्रधानमन्त्रीज्यू ?

● **रमोद श्रेष्ठ**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

'मार्च फर अस्ट्रेलिया'को र्‍यालीमा झल्किएको नश्लवाद

अस्ट्रेलियामा भएको पछिल्लो आप्रवासीविरोधी र्‍यालीबाट त्यहाँको समाजभित्र बढेको नश्लवादी र जातीय राष्ट्रवादको अप्रिय सत्य उजागर हुन्छ



देश/विदेश

● लियाम गिलेस्पी

अगस्ट २१ मा आयोजित तथाकथित 'मार्च फर अष्ट्रेलिया'पछि धेरै पर्यवेक्षकले अस्ट्रेलिया गम्भीर मोडमा पुगेको बताइरहेका छन्। आप्रवासीविरुद्ध लक्षित त्यस र्‍यालीले उग्रदक्षिणपन्थी राजनीतिलाई सामान्यीकरण गरेको र राजनीतिक हिंसाको नयाँ युग सुरु भएको संकेत गरेको विश्लेषण भइरहेको छ। घटनाको स्पष्ट नश्लवादी चरित्र र नवनाजीको प्रभावलाई ध्यानमा राख्दा यो व्याख्या पूरै गलत भने होइन। तथापि, 'मार्च फर अस्ट्रेलिया'लाई एकपटकको 'अपवाद'का रूपमा प्रस्तुत गरिनुहुँदैन। र्‍यालीको यो खालको चित्रणले अस्ट्रेलियालीहरूलाई यो अवस्था कसरी आयो भनेर बुझ्न सघाउ पुर्‍याउँदैन। गहिरिएर अध्ययन गरियो भने यस घटनाबाट अस्ट्रेलियाली समाजभित्रको नश्लवादी र जातीय राष्ट्रवादको अप्रिय सत्य उजागर हुन्छ।

'मार्च फर अस्ट्रेलिया'लाई निकट इतिहासका अस्ट्रेलिया र अन्य पश्चिमी देशमा भएका यस्तै घटनासँग तुलना गरेर हेरौं। यो र यसअघिका क्रोनुल्ला दंगा, सन् २०१० को दशकमा घटेको 'इङ्लिस डिफेन्स लिग'का गतिविधि, सन् २०१७ मा अमेरिकाको चार्लोट्सभिलमा भएको 'युनाइट द राइट' र्‍याली, सन् २०२१ को अमेरिकी संसद् भवनमा भएको दंगा र गत वर्षको लन्डन दंगाबिचको समानतालाई ख्याल गरौं। 'मार्च फर अस्ट्रेलिया'मा संलग्न भएका समूह र अन्य दक्षिणपन्थी समूह 'अस्ट्रेलियन डिफेन्स लिग', 'रिक्लेम अस्ट्रेलिया', 'युनाइटेड प्याट्रियट्स फ्रन्ट' (युपिएफ), 'ट्रु ब्लु क्रु' र 'ल्याड्स सोसाइटीज'लगायतबिचको समानता पनि नबिर्सिऔं। त्यस्तै, यी अस्ट्रेलियाली समूहको तिनका विदेशी समकक्षी समूहजस्तै इङ्लिस डिफेन्स लिग, प्राउड ब्वाइज र अन्यबिचको समानतालाई पनि विचार गरौं।

यी समूह प्रायः केही समय सक्रिय हुन्छन् र विघटन गरिन्छन्। पछि समूहमा सरिक मानिस अर्को नामको समूहमा देखापर्छन्। उदाहरणका लागि, पछिल्लो र्‍यालीका चर्चित नवनाजीवादी नेता थोमस सेवेल पछिल्लो केही वर्षमै विभिन्न समूहमा संलग्न देखिन्छन्। उनी कुनै समय युपिएफका सदस्य थिए। पछि रिक्लेम अस्ट्रेलियामा जोडिए। फेरि ल्याड्स सोसाइटी र 'एन्टिपोडियन रेसिस्टेन्ट'का सदस्य रहे। सेवेल एक्लैको संलग्नताको इतिहास हर्दा पनि 'मार्च फर अष्ट्रेलिया' स्वस्फूर्त रूपमा उठेको घटना मान्न सकिँदैन। तर, साथसाथै यसको उदय केवल तथाकथित 'उग्रवादी' समूह र अभिनेताहरूको सन्दर्भमा मात्र व्याख्या गर्न सकिँदैन। यसको धेरै लामो र फराकिलो इतिहास छ।

र्‍यालीपछि अस्ट्रेलियाको सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल 'उग्र दक्षिणपन्थ', 'चरमपन्थी', 'कट्टरपन्थी', 'नवनाजीहरू' र 'फासीवाद'जस्ता शब्द या शब्दावलीले भरिएको देखियो। निश्चित रूपमा ३१ अगस्टको दिन र त्यसअघि वा पछिका घटना धेरै मानिसका लागि स्तब्धकारी रह्यो। र, घटनामा खुलेर नवनाजीहरूको संलग्नता देखियो। तर, 'मार्च फर अस्ट्रेलिया'जस्ता घटनालाई उल्लिखित उग्र समूहले मात्र गराएको घटनाका रूपमा व्याख्या गर्नु गलत हुन्छ। यस्तो व्याख्याले अस्ट्रेलियाको 'मुख्य धार'को समाजको भूमिका ओझेलमा पर्छ।

यही समस्या सार्वजनिक छलफलमा मात्र नभई उग्र दक्षिणपन्थीहरूसम्बन्धि अनुसन्धानमा पनि देखिन थालेको छ। उदाहरणका लागि, उग्र दक्षिणपन्थी शक्तिले सार्वजनिक क्षेत्रमा घुसपैठ बढाएको भन्ने विचार प्राज्ञिक क्षेत्रमा हावी हुँदै गएको छ।



फोटो क्रेडिट : ज्याक फिसर/एबिसी न्युज

'कन्टाजियन थेसिस' भनिने यस प्रक्रियामा समाजको किनारामा रहेका समूहले मुलधारलाई दुषित गर्दै लगेर कब्जा गर्ने अवस्थाको वर्णन गर्छ। 'मार्च फर अस्ट्रेलिया'मा यही भएको एक थरीको तर्क छ, जसअनुसार 'नेस्नलिस्ट सोसलिस्ट नेटवर्क'जस्ता श्वेत सर्वोच्चतावादी समूहले र्‍यालीलाई 'कब्जा' गरे र आफ्नो सदस्य भर्तीको अवसरका रूपमा प्रयोग गरे। निश्चित रूपमा श्वेत सर्वोच्चतावादी र नवनाजीहरूविरुद्ध आवाज उठाइनुपर्छ। तर, तिनको मात्र चर्चा गरेर पछिल्लो र्‍यालीका लागि नश्लीय र जातीय राष्ट्रवादीहरू मात्र जिम्मेबार छन् भन्नु गलत हो। यस्तो व्याख्याले अस्ट्रेलियाको समाजमा व्याप्त नश्लवाद र जातीय राष्ट्रवादको व्यापकतालाई छोप्न सघाउँछ। साथै, यस्तो विचारले उनीहरूको कथित 'वैध' चिन्ता वास्तवमा श्वेत सर्वोच्चतासँग कति मिल्दोजुल्दो छ भनेर पनि व्याख्या गर्दैन।

'मार्च फर अस्ट्रेलिया'लाई दुई ध्रुवबिचको द्वन्द्वका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति पनि देखिएको छ। यस्तो भाषाको प्रयोगले पनि दुई तुलनात्मक पक्षहरूको अस्तित्वको जोड दिन्छ, जो दुवै कथित रूपमा मिलनको मध्य बिन्दूबाट 'विषम' दिशातर्फ टाढिँदै गएको तर्क गर्छ। यसको समाधान दुवैको केन्द्रतर्फको 'फिर्ती' र 'सामाजिक एकता' भएको उदारवादीहरू सुझाउँछन्। यस्तो भाष्यले पनि अस्ट्रेलियामा सामान्यीकृत बन्दै गएको नश्लवाद र जातीय राष्ट्रवादलाई ढाकछोप गर्न सघाउँछ।

अध्ययनहरूले उदार लोकतन्त्रले उग्र दक्षिणपन्थीविरुद्ध संक्रमण बन्नेभन्दा अनुकूल हुने सक्ने अवस्थासमेत देखाएको छ। ती अध्ययनले उग्र दक्षिणपन्थीविरुद्धको संघर्षमा दैनिक जीवनमा प्रयोग हुने नश्लवाद र जातीय राष्ट्रवादको हिसाब राख्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ। राष्ट्रवादले मानिसलाई दुई समूहमा विभाजित गर्छ- आफ्नो पक्ष र बाहिरिया पक्ष। अस्ट्रेलियामा बाहिरियामाथि जोड दिने प्रवृत्ति बढेको छ। र, धेरै ऐतिहासिक तथ्य प्रमाणले यस प्रकरणमा 'मुख्यधार'को अस्ट्रेलियाभित्र कायम नश्लवादको पनि भूमिका रहेको देखाउँछ।

(गिलेस्पी युनिभर्सिटी अफ मेलवर्नमा अपराधशास्त्र अध्यापन गर्छन्)
द कन्भरसेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पले ढोका बन्द गर्दा भारतका यस्ता विकल्प

भारी शुल्क लगाउने अमेरिकाको पछिल्लो कदमले भारतको आधाभन्दा बढी निर्यातलाई पार्नेछ असर

अन्ततः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतलाई धम्की दिँदै आएको ५० प्रतिशत शुल्क गत सातादेखि लागू भयो। यी शुल्कमध्ये २५ प्रतिशत पारस्परिक थिए भने थप २५ प्रतिशत भारतले रुसी तेल खरिद गरेकोमा लगाइएको जरिवाना शुल्क थियो। भारतलाई वासिङटनले युक्रेनमा रुसी युद्धलाई सहयोग गरेको आरोप पनि लगाएको छ। अमेरिकाको पछिल्लो कदमले भारतको आधाभन्दा बढी निर्यातलाई खतरामा पार्छ।


भारतले सम्भावित बदलाको संकेत गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेक इन इन्डिया' पहलका लागि बारम्बार आह्वान गर्दै आएका छन्। अमेरिकी शुल्कले २० लाख रोजगारी जोखिममा पार्न सक्ने विश्लेषकले चेतावनी दिएका छन्। किनभने, यी कर प्रायः श्रम क्षेत्रहरू- कपडा, रत्न, गहनालगायतमा लागू हुन्छन्, यद्यपि औषधि र इलेक्ट्रोनिक्सलाई छुट दिइएको छ। करले भारतीय सामानलाई कम प्रतिस्पर्धी मात्र बनाउनेछैन, बरु भियतनाम, बंगलादेश वा चीनजस्ता अन्य निर्यातकर्तालाई फाइदा पुऱ्याउनेछन्।

युरेसियामा अवसर

औद्योगिक निकायले भारतको निर्यातको विविधीकरणका लागि आह्वान गरेका छन्। यसले भारतलाई परम्परागत रूपमा केन्द्रित नभएका वा बृहत् रूपमा विचार नगरिएका बजारसहित अन्य बजारतर्फ हेर्न उत्प्रेरित गरेको छ। विडम्बनाको कुरा, तीमध्ये प्रमुख बजार रुसी नेतृत्वमा रहेको युरेसियन आर्थिक संघ (इएइयू) हो। यस समूहमा रुस, बेलारुस, आर्मेनिया, किर्गिस्तान र पावरहाउस कजाकिस्तान छन्। भारतले केही समयदेखि ब्लकसँग स्वतन्त्र व्यापार सम्झौता (एफटिए) वार्ता गरिरहेको छ।

गत साता भारतीय विदेशमन्त्री एस जयशंकरले मस्कोको भ्रमण गरे, जहाँ उनले भारत-रुस अन्तर-सरकारी व्यापार, आर्थिक, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहयोग आयोग (आइआरआइजिसी-टेक) को २६औँ चरणको सहअध्यक्षता गरे। आफ्नो उद्घाटन भाषणमा उनले भने, 'आज बैठक चलिरहँदा मलाई एजेन्डाका केही प्रमुख विशेषता हाम्रा अगाडि राख्न अनुमति दिनुहोस्।' उनले शुल्क र गैरशुल्क व्यापार अवरोधलाई सम्बोधन गर्ने, रसदमा अवरोध हटाउने, अन्तर्राष्ट्रिय उत्तर-दक्षिण यातायात करिडोर, उत्तरी समुद्री मार्ग र चेन्नई-भ्लादिभोस्तोक करिडोरमार्फत कनेक्टिभिटीलाई प्रवर्द्धन गर्ने विषयमा चर्चा गरे।

भ्रमणका क्रममा उनले भारत र (इएइयू)ले एफटिएका लागि औपचारिक रूपमा वार्ता सुरु गर्न टम्स अफ रिफ्रेन्स (टिओआर) मा हस्ताक्षर गरे। युरोपेली संघलाई मस्कोको प्रतिक्रियाको रूपमा २०१५ मा गठन गरिएको यो ब्लकको संयुक्त जिडिपी ४६.८ ट्रिलियन छ र यसले १८ करोड मानिसको प्रतिनिधित्व गर्छ। भारत र ब्लकबिचको व्यापार २०२४ मा ४६९ अर्ब पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा सात प्रतिशतले वृद्धि हो।



रुसी बजारमा निर्यात

इएइयूमा भारतको प्राथमिक आर्थिक साझेदार रुस हो, जुन हाल भारतको चौथो ठुलो व्यापारिक साझेदार हो। मुख्यतया नयाँदिल्लीले रुसी तेल खरिद गरेका कारण गत वर्ष दुई देशबिचको व्यापार ६० अर्ब डलर नाघेको छ। त्यस्तै, रुसबाट ५६ अर्ब डलरबराबरको आयात भएको थियो। भारतले यो विशाल व्यापार असन्तुलनलाई सम्बोधन गर्न खोज्दा अवसर खुलेका छन्। युक्रेनमा भएको युद्धले अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण रुस आत्मनिर्भर हुन बाध्य छ। भारतको ग्लोबल ट्रेड एन्ड टेक्नोलोजी काउन्सिलका संस्थापक गौरव गुप्ताका अनुसार नयाँदिल्लीले मेसिनरीदेखि क्रोकरीसम्मका सामान निर्यात गर्न सक्छ, जुन रुसी बजारले खोजेको छ। यसबाहेक, भारतमा रुसलाई जम्मा भइरहेको अर्बौं रुपैयाँले पनि मस्कोलाई निर्यातलाई प्रोत्साहित गर्न बाध्यता पार्छ। यसले भारतको विदेशी मुद्रा बचत गर्दै भारतीय रुपैयाँलाई प्रवर्द्धन गर्न मद्दत गर्नेछ। ब्लकसँगको एफटिएले भारतको निर्यात बजारलाई विविधीकरण गर्न मद्दत गर्नेछ, किनकि रुसमा जाने सामानले ब्लकका अन्य सदस्य-राष्ट्रमा आफ्नो मार्ग फेला पार्न सक्छन्।



● अदिति बहादुरी

लेखक पत्रकार तथा राजनीतिक विश्लेषक हुन्।

खाडी सहयोग परिषदमा अवसर

भारतले ४० वटा अन्य बजारमा ध्यान केन्द्रित गरिरहेका वेला ठुलो महत्त्व राख्ने अन्य दुई ब्लक हुन् जिसिसी (खाडी सहयोग परिषद्) र आसियन (दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको संघ)। जिसिसीसँग परम्परागत रूपमा श्रम, बसाइँसराइ र ऊर्जा सुरक्षामा ध्यान केन्द्रित गरिएको छ। बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र युएई सदस्य रहेको ब्लकसँग अहिले सम्पत्ति कोषहरू छन्, जसले अनुमानित ४.९ ट्रिलियनदेखि पाँच ट्रिलियन डलर सम्पत्ति व्यवस्थापन गर्दछ, जुन २०३० सम्ममा ४७ ट्रिलियनभन्दा बढी हुने अपेक्षा गरिएको छ र विश्वव्यापी तेल भण्डारको ३० प्रतिशत हो। यो प्राकृतिक ग्यासको प्रमुख निर्यातकर्ता पनि हो।

जिसिसी भारतका लागि एक शीर्ष व्यापारिक समूह हो। २०२३-२४ मा यससँगको द्विपक्षीय व्यापार १६१ अर्ब डलर नाघेको छ, जसमा शीर्ष व्यापारिक साझेदार युएई र साउदी अरेबिया हुन्। खाडी सहयोग परिषद् अर्थात जिसिसी भारतको ऊर्जा आपूर्तिका लागि महत्त्वपूर्ण छ, किनकि यसले कच्चा तेलको मागको ६० प्रतिशतभन्दा बढी पूरा गर्छ। जिसिसी अझै पनि भारतको ऊर्जा आपूर्तिको प्रमुख स्रोत हो। भारतले आफ्नो प्राकृतिक ग्यास आवश्यकताको ७० प्रतिशत यहाँबाट आयात गर्छ। यसबाहेक, लगभग ९० लाख भारतीय जिसिसीअन्तर्गतका राज्यमा बसोवास गर्छन् र उनीहरू विदेशी रेमिट्यान्सका प्रमुख स्रोत हुन्। यो रेमिट्यान्स वार्षिक ५० अर्ब डलरभन्दा बढी हुने अनुमान गरिएको छ।

बृहत् आर्थिक एकता

जिसिसीसँग स्वतन्त्र व्यापार सम्झौता (एफटिए)ले ठुलो आर्थिक एकीकरणलाई सक्षम बनाउनेछ, व्यापार अवरोध कम गर्नेछ, असीमित शुल्कलाई सम्बोधन गर्नेछ र श्रम तथा पुँजीको सीमापार ठुलो आवागमनलाई

> खाडी सहयोग परिषद् अर्थात् जिसिसी भारतको ऊर्जा आपूर्तिका लागि महत्त्वपूर्ण छ, किनकि यसले कच्चा तेलको मागको ६० प्रतिशतभन्दा बढी पूरा गर्छ। भारतले आफ्नो प्राकृतिक ग्यास आवश्यकताको ७० प्रतिशत परिषद्बाट आयात गर्छ।

अनुमति दिनेछ। भारतसँग पहिले नै जिसिसीसँग आर्थिक सहयोगको ढाँचा सम्झौता छ, जसले एफटिएका लागि वार्ता सुरु गरेको थियो। एफटिएका लागि औपचारिक वार्ता २०२२ मा पुनः सुरु गरिएको थियो। यस वर्षको जनवरीमा जिसिसीले फेरि वर्षभित्र औपचारिक छलफल सुरु गर्ने मनसाय व्यक्त गऱ्यो। भारतले अब वार्ताको प्रारम्भिक निष्कर्षका लागि गम्भीरतापूर्वक जोड दिनुपर्छ।

भारतसँग पहिले नै युएईसँग सिइपिए (व्यापक आर्थिक साझेदारी सम्झौता) पनि छ, जसले दुई देशबिचको व्यापार दोब्बर बनाएको छ र तिनीहरूबिच व्यापार हुने ८० प्रतिशत सामानमा शुल्क अवरोध घटाएको छ। भारतले ओमान र कतारसँग यस्तै खालको वार्ता गरिरहेको छ र ब्लकसँग डिजिटल र वित्तीय एकीकरण पनि खोजिरहेको छ। उदाहरणका लागि, भारतको युपिआई र रुपे कार्ड प्रणाली युएईमा कार्यरत छन् र ओमानको डिजिटल भुक्तानी प्लेटफर्मसँग एकीकृत भइरहेका छन्। यसले यात्रा र पर्यटनको सहजता साथै खुद्रा व्यापारमा पनि वृद्धि गर्छ, जुन मैले गत वर्ष युएईमा अनुभव गरेका थिए। अन्ततः भारतसँगको एफटिएले जिसिसीलाई आफ्नो अर्थतन्त्रलाई पनि विविधीकरण गर्न सक्षम बनाउनेछ।

- एनडिटिभीबाट


एससिओ विकास बैंकले बदल्न सक्छ विश्वव्यापी वित्तीय व्यवस्था

युक्रेन र गाजामा युद्ध चर्किरहेका वेला विश्वव्यापी वित्तीय संस्था खोल्ने प्रस्तावलाई कम आकलन गर्नुहुँदैन



● पेमान सालेही

राजनीतिक विश्लेषक सालेही वैकल्पिक विश्व व्यवस्थाबारे कलम चलाउँछन्।



> एससिओ बैंक केवल एक वित्तीय उपकरण मात्र हुनेछैन, इरानजस्ता देशका लागि यो एक राजनीतिक कवच पनि हुनेछ। यसअन्तर्गत दिइने ऋणले तेहरानलाई देशभित्र शक्ति प्रदर्शन गर्न र बाह्य प्रतिबन्धले आफूलाई झुकाउन नसक्ने सन्देश प्रवाह गर्न सघाउनेछ।

तियान्जिनमा सम्पन्न 'सांघाई कोअपरेसन अर्गनाइजेसन (एससिओ)'को २५औँ शिखर सम्मेलनमा, चिनियाँ राष्ट्रपति सी जिनपिङले सदस्य राष्ट्रसामु एससिओ विकास बैंकको स्थापनालाई तीव्र बनाउन आग्रह गरे। प्रस्ताव एसियाको वित्तीय परिदृश्यमा एक महत्त्वपूर्ण मोड साबित हुन सक्छ। एससिओ सम्मेलनसम्बन्धी प्रायः समाचार रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलगायत हाई प्रोफाइल नेताको उपस्थितिमा केन्द्रित रह्यो। सीको प्रस्तावले यस एससिओ सदस्य राष्ट्रहरूलाई वित्तीय खेलाडीमा रुपान्तरण गर्ने अवसर हुन सक्छ।

शीतयुद्धकालीन मानसिकता, प्रतिद्वन्द्वी समूह र धम्कीलाई अस्वीकार गर्न समूहलाई आह्वान गरे सीले एससिओका सदस्य राष्ट्रहरूलाई आगामी तीन वर्षमा १.४ अर्ब अमेरिकी डलर ऋण प्रदान गर्ने वाचा गरे। ऋणलाई चिनियाँ दान मात्र नभई अमेरिकी दबाबका सामु एससिओले कम जोखिमपूर्ण वित्तीय उपकरण विकास गरिरहेको संकेतको रूपमा पनि हेर्न सकिन्छ।

एससिओ विकास बैंकको प्रसतावमा ब्रिक्स समूहको 'न्यु डेभलपमेन्ट बैंक' प्रतिध्वनि हुन सक्छ। तथापि, यसले क्षेत्रीयस्तरमा बढी ध्यान दिनेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष वा विश्व बैंकजस्ता पश्चिमको प्रभुत्व भएका संस्थाभन्दा भिन्न रहने यस्तो बैंकले सर्तविना क्रेडिट, पूर्वाधार कोष र विपत् सहायता प्रदान गर्न सक्छ। रुस र इरानलगायत पश्चिमी प्रतिबन्धको सामना गरिरहेका देशका लागि, यो संयन्त्रले वित्तीय जीवनरक्षाको काम गर्न सक्छ।

इरानका लागि, समय थप महत्त्वपूर्ण छ। सेप्टेम्बरको अन्त्यसम्ममा सन् २०१५ को आणविक सम्झौताअन्तर्गत इरानका निलम्बित प्रतिबन्धहरू पुनर्स्थापित हुन सक्छ। यसले फेरि अन्तर्राष्ट्रिय वित्तसँग इरानको विच्छेद हुनेछ। इरानी राष्ट्रपति मसुद पेजेस्कियानले तियान्जिनमा लामो टिप्पणी गरेनन्। तर, इरानमाथि पुनः प्रतिबन्ध लागू भएपछि एससिओ वित्तीय संरचनासँगको एकीकरण तेहरानका लागि अत्यावक हुनेछ। आर्थिक प्रतिबन्धहरूले इरानको ऊर्जा निर्यात मात्र नभई बैंकिङ, ढुवानी बीमा र विश्वव्यापी भुक्तानी प्रणालीमाथिको पहुँचलाई पनि प्रभावित बनाउने सम्भावना छ। यसले इरानको पहिले नै क्षतिग्रस्त अर्थतन्त्रलाई थप असर पुऱ्याउनेछ।

एससिओ विकास बैंक निर्माणको राजनीतिक आयाम पनि कम महत्त्वपूर्ण छैन। एससिओमा इरानको प्रवेशलाई तेहरानमा रणनीतिक विजयको रूपमा प्रस्तुत गरिएको छ। अमेरिका र युरोपको नयाँ दबाबको बाबजुद, सो देशले पूर्वमा सहयोगीहरू बाकी रहेको र उनीहरूसँग सहयोग लिन सकिने संकेत गरेको छ। एससिओ बैंक केवल एक वित्तीय उपकरण मात्र हुनेछैन, इरानजस्ता देशका लागि यो एक राजनीतिक कवच पनि हुनेछ। यस अन्तर्गत दिइने ऋणले तेहरानलाई देशभित्र शक्ति प्रदर्शन गर्न र बाह्य प्रतिबन्धले आफूलाई झुकाउन नसक्ने सन्देशप्रवाह गर्न सघाउनेछ।

इरानमा पनि ठुलो लगानी गर्ने दाउमा चीन छ। बेइजिङले 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)' मार्फत इरानको ऊर्जा र पूर्वाधार क्षेत्रमा ठुलो लगानी गरेको छ। यदि पश्चिमी प्रतिबन्ध कडा पारिए भने चिनियाँ कम्पनीहरूले वित्तीय र कानुनी जोखिमको सामना गर्न सक्छन्। एक समर्पित एससिओ बैंकले चीन-इरान सहयोगलाई एकपक्षीय अमेरिकी कारबाहीबाट संरक्षण प्रदान गर्न सक्छ। अर्थात चिनियाँ लगानी परियोजना 'डलर प्रणाली'भन्दा बाहिरको वित्तीय च्यानल मार्फत अगाडि बढ्न सक्षम हुनेछ।

एससिओ बैंकको प्रभाव इरानमा मात्र सीमित हुनेछैन। सन् २०२२ देखि पश्चिमी प्रतिबन्ध सामना गरिरहेको रुसले पहिले नै चीनसँग वित्तीय सहयोगलाई गहिरो बनाइसकेको छ। यसका लागि रुबल र युआनबिच हुने व्यापार व्यवस्थित भएको छ। मध्य-एसियाली क्षेत्रका देशहरू पश्चिमी प्रतिबन्धबाट बाहिर रहे पनि पश्चिमी पुँजीमाथिको उच्च निर्भरताबाट सतर्क देखिन्छन्। उनीहरूले विविधीकरणलाई रणनीतिक रूपमा हेर्छन्। भारत एससिओको सहभागिताप्रति सतर्कतापूर्वक कदम चाले पनि यसलाई पश्चिमी विकल्पको पूरकको रूपमा तयार पारियो भने एससिओ बैंकले उसलाई पूर्वाधारमाथिको लगानीका लागि अतिरिक्त स्रोत प्रदान गर्न सक्छ।

पुटिनले यो पहललाई स्वागत गर्दै मस्को र बेइजिङ 'विभेदकारी प्रतिबन्धविरुद्ध' एकसाथ उभिने प्रतिक्रिया दिए। साथै उनले यसबाट विश्वव्यापी वित्तीय संस्थाको सुधारमा दबाब पर्ने कुरामा पनि जोड दिए। उनले यसक्रममा एससिओका सदस्यबिच व्यापारका लागि राष्ट्रिय मुद्राको बढ्दो प्रयोगमाथि प्रकाश पार्न बिर्सिएनन्। तैपनि, यसको टिकाउ पक्षमा उठेका प्रश्न सम्बोधन गर्न बाँकी छ। बहुपक्षीय बैंक स्थापना गर्न पुँजी योगदान, शासन र मुद्रा संयन्त्रमा सहमति आवश्यक पर्छ। त्यसोभए, नयाँ बन्ने बैंकमा युआनको प्रभुत्व हुन्छ वा सदस्य राष्ट्रको मुद्राहरूको 'बास्केट' बनाइनेछ? बैंकले जोखिम कसरी व्यवस्थापन गर्नेछ? यो कुरा विशेषतः प्रतिबन्धित अर्थतन्त्रहरूलाई ऋण दिँदा स्वाभाविक रूपमा उठ्नेछ। यी प्राविधिक मुद्दाले बैंक स्थापनातर्फको प्रगतिमा केही ढिलो गर्न सक्छन्।

तैपनि, प्रस्तावको महत्त्वलाई पूर्णतः खारेज गर्नु अपरिपक्व हुनेछ। तियान्जिन शिखर सम्मेलन इतिहासको सबैभन्दा ठुलो एससिओ भेला थियो। यसमा समूहका सदस्य राष्ट्रहरू मात्र होइन, इजिप्टजस्ता पर्यवेक्षक र संवाद साझेदार पनि उपस्थित थिए। युक्रेन र गाजामा युद्ध चलिरहेको र डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिकी भन्सार युद्ध चर्किरहेका वेला वित्तीय संस्था खोल्ने प्रस्तावलाई कम आकलन गर्नुहुँदैन।

नयाँ बहुपक्षीय ऋणदाता(बैंक)को उदयले लगानी प्रवाहलाई पुनः आकार दिन सक्छ। एससिओ बैंकले अहिले नै आइएमएफ वा विश्व बैंकलाई टक्कर नदेला। तर, यसले विश्वव्यापी वित्तीय क्षेत्रलाई बिस्तारै पुनः आकार दिँदै गैरपश्चिमी संस्थाहरूको प्रभाव बढाउन सघाउनेछ। सीले यस पहललाई निष्पक्ष विश्वव्यापी शासन प्रवर्द्धनको एक हिस्साको रूपमा प्रस्तुत गरे। शिखर सम्मेलनको छेउमा, सीले मोदीलाई तनावका बाबजुद एसियाली सहयोगलाई अगाडि बढाउन दुई देश एकसाथ आउनुपर्ने बताए।

ग्लोबल साउथअन्तर्गतका देशका लागि एससिओ बैंकले पूर्वाधार लगानीमा थप समान पहुँच प्रदान गर्न सक्छ। यसको सफलता राजनीतिक प्रतीकात्मकतालाई वित्तीय क्षमतामा अनुवाद गर्ने कुरामा निर्भर हुन्छ। यदि यो सपना साकार भयो भने, एससिओ विकास बैंक केवल अर्को बहुपक्षीय ऋणदाता मात्र हुनेछैन। इरानका लागि, यसको अर्थ प्रतिबन्धबिच बाँच्ने अवसर हुनेछ। चीनका लागि, यसले रणनीतिक लगानीको सुरक्षा गर्न सक्छ। रुस र मध्य एसियाका लागि, यसले विकल्प विविधीकरण गर्न सघाउन सक्छ। र, अन्तर्राष्ट्रिय प्रणालीका लागि, यो वित्तीय बहुध्रुवीयतातर्फ अर्को कदम हुनेछ। यसैले भविष्यमा तियान्जिन शिखर सम्मेलन राजनीतिक भेटघाट र बयानबाजीभन्दा यही विकास बैंकको प्रस्तावका लागि बढी सम्झिने पनि हुन सक्छ। विश्वव्यापी वित्तीय व्यवस्थाका लागि भविष्यमा हुन सक्ने प्रतिस्पर्धामा, एससिओ विकास बैंक डलरको प्रभुत्वबाट स्वतन्त्रतातर्फ एसियाको सबैभन्दा महत्त्वाकांक्षी कदम साबित हुन सक्छ।

साउथ चाइना मर्निङ पोस्टबाट

इतिहासमा आज

सेप्टेम्बर ८



सन् १९४५ : कोरिया प्रायद्वीपलाई तत्कालीन सोभियत संघ र अमेरिकाले विचारका आधारमा उत्तर र दक्षिण कोरियामा विभाजित गरे।

सन् १५०४ : पुनर्जागरणकालको उत्कृष्ट नमुना मानिने प्रतिमा 'स्ट्याचु अफ डेभिड'लाई माइकल एन्जेलोले आजकै दिन अनावरण गरेका थिए।

सन् १५६५ : स्पेनिस खोजकर्ताले फ्लोरिडामा बसोवास सुरु गरे। सेन्ट अगस्टाइन नामक सो बस्ती अमेरिकी भूमिमा युरोपेलीको पहिलो स्थायी बस्ती थियो।

सन् १९२४ : रुसी नेतृ एलेसान्ड्रा कोलोन्टाई नर्वेका लागि सोभियत राजदूत हुँदै विश्वको पहिलो महिला राजदूत बनिन्।

सन् १९५२ : एर्नेस्ट हेमिङ्वेको विश्व चर्चित उपन्यास 'द वर्ल्ड म्यान एन्ड द सी' आजकै दिन प्रकाशित भएको थिए।

सन् १९५५ : अमेरिका, अस्ट्रेलिया, फ्रान्स, बेलायत, न्युजिल्यान्ड, द फिलिपिन्स, पाकिस्तान र थाइल्यान्डले 'द साउथ-इस्ट एसिया ट्रिटी अर्गनाइजेसन(सिटो) गठनका लागि आपसी प्रतिरक्षा सन्धिमा हस्ताक्षर गरे।

सन् १९६० : डिएच लरेन्सको उपन्यास 'लेडी च्याटर्लिज लभर' छापेर अश्लीलता फैलाएको आरोपमा पुस्तक छाप्ने पेन्गुइन बुकमाथि बेलायतमा मुद्दा दायर।

सन् १९७४ : अमेरिकी राष्ट्रपति गेराल्ड फोर्डले उनका पूर्ववर्ती रिचर्ड निक्सनले उनको शासनमा हँदा 'वाटरगेट काण्ड'का क्रममा गरेका हुन सक्ने सबै प्रकारका गल्तीका लागि आममाफी दिए। फोर्ड निक्सन प्रशासनमा उपराष्ट्रपति थिए।

रुसले पहिलोपटक गऱ्यो युक्रेनको सरकारी भवनमा हमला

किभ/ रुसले पहिलोपटक युक्रेनको सरकारी भवनमा हमला गरेको छ। रुसी ड्रोन र क्षेप्यास्त्र आक्रमणपछि युक्रेनको राजधानी किभमा कम्तीमा तीनजनाको मृत्यु हुनुका साथै ४४ जना घाइते भएका छन्। आक्रमणपछि सरकारी कार्यालयसहित दर्जनौँ भवनमा आगजनी भएको अधिकारीहरू बताएका छन्। युक्रेनले आइतबार राति रुसले ८०५ ड्रोन र १३ क्षेप्यास्त्र प्रहार गरेको पुष्टि गरेको छ। यो पूर्णस्तरीय आक्रमणपछिको सबैभन्दा ठुलो हमला हो। आक्रमणमा ठुलो भौतिक क्षति भएको युक्रेनको वायु सेनाका प्रवक्ता युरी इहनाटले बताए। प्रहार गरिएकामध्ये ७५१ वटा ड्रोनलाई खसालिएको वायुसेनाले दाबी गरेको छ। आक्रमणको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निन्दा गरेका छन्। रुसलाई उपयुक्त समयमा उचित जवाफ फर्काउने जेलेन्स्कीले चेतावनी दिएका छन्।

आइतबार बिहान भएको आक्रमणमा एक शिशु, एक युवती र अर्का एक वृद्धाको मृत्यु भएको र सहरको पश्चिम र पूर्वमा रहेका धेरै अग्ला भवनमा आगो लागेका रोयटर्स समाचार एजेन्सीले किभका मेयर भिटाली क्लिटस्कोलाई उद्धृत गर्दै जनाएको छ। किभका सहर प्रशासनका प्रमुख टिमुर तकाचेन्कोले उद्धारकर्ताले एक वर्षको बच्चाको शव भग्नावशेषबाट निकालेको पुष्टि गरे। रातभरको आक्रमणमा नष्ट भएका ड्रोनको भग्नावशेषबाट चारतले अपार्टमेन्ट भवनमा आगो लागेको थियो।

ड्रोनको भग्नावशेषका कारण किभको पश्चिममा रहेको स्वियातोसिन्स्की जिल्लामा रहेको १६ तले र दुईवटा नौतले भवनमा आगलागी भएको थियो। प्रत्यक्षदर्शीहरूले रोयटर्सलाई बताएअनुसार उनीहरूले सहर हल्लाउने शृंखलाबद्ध विस्फोट सुनेका थिए। युक्रेनी समाचार वेबसाइट किभ इन्डिपेन्डेन्टले पनि आक्रमणपछि सहरको डार्निट्स्की जिल्लाको आश्रयस्थलमा एक वृद्ध महिलाको मृत्यु भएको रिपोर्ट गरेको छ, यद्यपि उनको मृत्युको कारण तुरुन्तै स्पष्ट भएको छैन।

राज्य आपत्कालीन सेवाले किभमा कम्तीमा एकजनाको मृत्यु र १८ जना घाइते भएको पुष्टि गरेको छ। आक्रमणपछि युक्रेनको मन्त्रिपरिषद्को छतबाट धुवाँ निस्केको थियो।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २३ भदौ ०८२

■ एक वर्षमा सामाजिक सञ्जालबाट नेपालीले भित्र्याए साढे तीन अर्ब

सञ्जाल बन्दको निर्णयपछि आम्दानी ठप्प

गत आवमा ७८ करोड ९० लाख बाहिरियो, यस्तो कारोबारबाट नेपाललाई दुई अर्ब ७४ करोड १३ लाख नाफा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले प्रतिबन्ध लगाएको सामाजिक सञ्जालबाट गत आर्थिक वर्ष ०८१/८२ मा तीन अर्ब ५३ करोड तीन लाख रुपैयाँबराबरको विदेशी मुद्रा नेपाल भित्रिएको देखिएको छ। नेपालमा सूचीकरण नभएको भन्दै गत बिहीबारदेखि युट्युब, फेसबुक, इन्टाग्राम, ह्वाट्सएपजस्ता २६ सञ्जाल निष्क्रिय पारिएका छन् भने सूचीकरण भएका टिकटक, भाइबर, निम्बुज, विटक र पोपोलाइभजस्ता पाँच सामाजिक सञ्जाल भने सञ्चालनमै छन्।

गत आवमा यस्ता सामाजिक सञ्जालबाट नेपालमा तीन अर्ब ५३ करोड तीन लाख रुपैयाँ भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ। नेपालमा पहिलादेखि नै यस्तो माध्यमबाट विदेशी मुद्रा भित्रिने गरेको थियो। तर, त्यससम्बन्धी तथ्यांक छुट्याएर राखिने गरेको भने थिएन। राष्ट्र बैंकले गत आवदेखि भने यससम्बन्धी तथ्यांकको पनि अभिलेख राख्न सुरु गरेको थियो। राष्ट्र बैंकले भुक्तानी सन्तुलन (बिओपी) को तथ्यांकमा 'अडियो-भिडयो सेवा'अन्तर्गत यसलाई राखेको छ। उक्त शीर्षकमा अधिकांश युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जालबाट आउने रकम रहेको राष्ट्र बैंकका कायममुकायम निर्देशक वीरेन्द्रबहादुर बुढा बताउँछन्। यससम्बन्धी तथ्यांक थप परिष्कृत गर्ने तयारीमा राष्ट्र बैंक रहेको छ।

गत आवमा यसमार्फत ७८ करोड ९० लाख रुपैयाँ बाहिरिएको छ। त्योअनुसार यस्तो कारोबारमा नेपाललाई दुई अर्ब ७४ करोड १३ लाख रुपैयाँ नाफा छ। तोकिएका विभिन्न मापदण्ड पूरा गरेपछि युट्युब च्यानल, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छन्। त्यसपछिसम्बन्धी खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा निश्चित रकम आम्दानी हुन्छ। यसैगरी फेसबुक, टिकटकहरूमा एक प्रयोगकर्ताले अर्को प्रयोगकर्तालाई दिने गिफ्ट तथा स्टारका आधारमा पैसा पनि आउँछ। युट्युबजस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीले विज्ञापन परिचालन गरिरहेका हुन्छन्। त्यो विज्ञापन परिचालन गरिदिएबापत खातावाला उनीहरूले निश्चित रकम दिन्छन्। त्यसरी कमाइने पैसा बैंकिङ च्यानलमार्फत भित्रिन्छ। हरेक महिना यसबापतको रकम खातावालाको बैंक खातामा आउँछ।

पछिल्लो समय नेपालमा युट्युबमा विभिन्न प्रकृतिका भिडियो कन्टेन्ट राख्ने प्रवृत्ति बढ्दै गएको थियो।



■ कुन महिना कति भित्रियो ?

गत आवको साउनमा २३ करोड आठ लाख रुपैयाँ, भदौमा २६ करोड ८९ लाख रुपैयाँ, असोजमा २७ करोड १८ लाख रुपैयाँ, कात्तिकमा २६ करोड १५ लाख रुपैयाँ र मंसिरमा ३० करोड ८० लाख रुपैयाँ रकम नेपाल भित्रिएको छ। यसैगरी पुसमा ३४ करोड ९८ लाख रुपैयाँ, माघमा २९ करोड १९ लाख रुपैयाँ र फागुनमा २५ करोड ४७ लाख रुपैयाँ रकम यसमार्फत भित्रिएको तथ्यांकमा उल्लेख छ। यस्तै, चैतमा २९ करोड ७९ लाख रुपैयाँ, वैशाखमा ३४ करोड ४५ लाख रुपैयाँ, जेठमा ३१ करोड आठ लाख रुपैयाँ र असारमा ३३ करोड ९६ लाख रुपैयाँ सामाजिक सञ्जालबाट नेपाल भित्रिएको छ।



फिल्म, म्युजिक भिडियो, भिडियो अन्तर्वार्ता, समाचारलगायतका कन्टेन्ट पनि युट्युबमा राखिन्छ। त्यसमा एडसेन्समार्फत भिडियोमा देखिएको विज्ञापनमार्फत आम्दानी गर्न सकिन्छ। यसैगरी टिकटक, फेसबुकमा 'लाइभ' बस्ने प्रयोगकर्ता पनि बढ्दै छन्। त्यसरी बसिने लाइभमा अरू प्रयोगकर्ताले गिफ्ट तथा स्टार दिन सक्छन्, त्यसबाट लाइभ बस्ने प्रयोगकर्ताले पैसा कमाउन सक्छ। फेसबुकजस्ता सामाजिक सञ्जालमा राखिने कन्टेन्टका आधारमा समेत पैसा आउने गर्छ। यस्तो अभ्यास नेपालमा पनि बढ्दै गएको थियो। कैयौं प्रयोगकर्ताले यसमार्फत आम्दानी गर्दै आएका थिए। तर, सरकारले सूचीकरण हुन नआएको भन्दै २६ सामाजिक सञ्जाल बन्द गरेपछि यस्ता माध्यममा 'कन्टेन्ट क्रिएटर'को काम गरी आम्दानी गर्नेहरूलाई नकारात्मक असर पर्ने देखिएको छ। यसैगरी सामाजिक सञ्जालबाटै व्यवसायको प्रवर्द्धन गरिरहेका साना, घरेलु तथा मझौला व्यापार तथा उद्यम व्यवसाय पनि प्रभावित हुने देखिएको छ। उसो त सामाजिक सञ्जालबाट पैसा कमाउने प्रवृत्तिलाई प्रोत्साहन-निरुत्साहन दुवै गर्न नहुने विज्ञहरू बताउँछन्। यसलाई यथास्थितिमा छाड्नुपर्ने विज्ञहरू बताउँछन्। अर्थतन्त्रको विकासका लागि मुख्यतः वस्तु तथा सेवा उत्पादनमै जोड दिनुपर्ने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन्।

'यसले केही व्यक्तिको आर्थिक स्थिति बलियो बनाएको त छ। यसलाई नराम्रो भन्न हुन्न। तर, यसलाई प्रोत्साहन र निरुत्साहन पनि गर्न हुन्न। यथास्थितिमा छाड्नुपर्छ,' उनले भने, 'अर्थतन्त्रको विकासका लागि उत्पादन प्रणालीमै जोडिनुपर्छ। सबैले लाइभ बसेर नै पैसा कमाउन थाले भने उत्पादनको काम कसले गर्ने ? तसर्थ, उत्पादन नै पहिलो प्राथमिकता हुनुपर्छ।'

नेपाल उद्योग वाणिज्य महासंघको स्टार्टअप एन्ड इनोभेसन फोरमकी सभापति जुन माथेमाले सामाजिक सञ्जाल निष्क्रिय हुँदा स्टार्टअप, साना-मझौलादेखि ठुला उद्यम-व्यवसाय नै प्रभावित भएको बताइन्। 'फेसबुक, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालमार्फत आफ्ना सामग्री बिक्री गरेर त्यसैलाई स्वरोजगारको माध्यम बनाइरहेकालाई समस्या परेको छ,' उनले भनिन्, 'दसैं-तिहारको वेला छ, यो सबैभन्दा बढी व्यापार हुने वेला हो, यही वेला सामाजिक सञ्जाल बन्द हुँदा उनीहरूले व्यापार मात्रै होइन, व्यवसाय नै गुमाएका छन्। साना-ठुला सबै उद्यम-व्यवसायको प्रचारप्रचार रोकिएको छ, ग्राहकसँगको संवाद रोकिएको छ। खरिद, अर्डर र बुकिङको माध्यम विच्छेद भएको छ। नेपालमा ई-कमर्सको ट्रेन्ड बढ्दै गएपछि सरकारले विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ जारी गरिसकेको छ। ई-कमर्सलाई सूचीकरण गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ। सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्राममार्फत डस्ना बिक्री गर्दै आएका एक युवाले सरकारको पछिल्लो निर्णयले समस्यामा परेको बताए। 'मेरो काम यही हो, रोजगारी यही हो, रोजीरोटीको माध्यम नै यही हो,' नाम खुलाउन नचाहेका उनले भने, 'अहिले व्यापार ७५ प्रतिशतले नै घटेको छ, अलि-अलि भिपिएन युज गरेर बिक्री गरिरहेका छौं।'

स्टार्टअपदेखि ठुला व्यवसायसम्म नै ठप्प



● **जुन माथेमा**, सभापति, स्टार्टअप एन्ड इनोभेसन फोरम, नेपाल उद्योग वाणिज्य महासंघ

सामाजिक सञ्जाल निष्क्रिय गरिँदा जेन-जी पुस्ता र स्टार्टअपहरू मात्रै होइन। सम्पूर्ण उद्योग-व्यवसाय प्रभावित भएको छ। तर यसको यकिन तथ्यांक भने छैन। दसैं-तिहारको वेला छ, यो सबैभन्दा बढी व्यापार हुने वेला हो, यही वेला सामाजिक सञ्जाल बन्द हुँदा उनीहरूले व्यापार मात्रै होइन, व्यवसाय नै गुमाएका छन्। साना-ठुला सबै उद्यम-व्यवसायको प्रचारप्रचार रोकिएको छ, ग्राहकसँगको संवाद रोकिएको छ। खरिद, अर्डर र बुकिङको माध्यम विच्छेद भएको छ।

भ्युजमा कमी आई आम्दानी घट्छ



● **कमलकुमार विक**, कलाकार

युट्युबले पैसा रोक्दैन। तर, नेपालमा प्रतिबन्ध भएपछि भ्युजमा कमी आई आम्दानी प्रभावित हुन सक्ने भयो। हाम्रा दर्शक विदेशमा पनि छन्। त्यसअनुसार नेपालबाट भ्युज नआए पनि विदेशबाट भ्युज आउँछ। तर, नेपालमा युट्युबमा नचल्ने भएपछि हामीले बनाउने भिडियो युट्युबमा कसरी अपलोड गर्ने, त्यो भने चिन्ताको विषय बनेको छ। यसमा सरकारले सहजीकरण गरिदियोस् भन्ने चाहना छ।

पर्यटन प्रवर्द्धनमा असर गर्छ



हेमन्त राई, युट्युब कन्टेन्ट क्रिएटर

हामीलाई व्यक्तिगत रूपमा त असर पुग्ने नै भयो। त्योसँगै पर्यटन प्रवर्द्धनमा पनि असर पुग्ने भयो। मैले पर्यटकीय क्षेत्रकै कन्टेन्ट बनाएर युट्युबमा राख्ने गरेको थिएँ। यस्ता अन्य साथीहरू पनि छन्। त्यसले नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनमा धेरै सहयोग गरेको थियो। कन्टेन्ट क्रिएटर पनि व्यावसायिक रूपमा विकास भइरहेको थियो। गुणस्तरीय कन्टेन्टहरू सामाजिक सञ्जालमा आउने गरेका थिए, तर त्यो बाटो रोकियो।

लगानी खेर जाने जोखिम बढ्यो



प्रशान्त ओझा, सञ्चालक बाइनेप डटकम

हामी पनि नयाँ व्यवसायी नै हो। हामीजस्ता नयाँ व्यवसायीलाई बजार प्रवर्द्धन गर्न सामाजिक सञ्जालले धेरै नै सहयोग पुगेको थियो। तर, अहिले त्यो रोकियो। बजार प्रवर्द्धनका लागि फेसबुक र युट्युबको उपयुक्त विकल्प नै छैन। टिकटकसमेत उपयुक्त विकल्प होइन। दसैं नजिकिँदै गर्दा हामीले फेसबुकमार्फत गरिने विज्ञापनमा लगानी गरिसकेको अवस्था थियो। दसैंका लागि सामानहरू लिइसकेको अवस्था हो। तर, फेसबुक नै बन्द भएपछि त्यो लगानी त खेर जाने भयो नै। साथै, ल्याइसकेका सामान पनि बिक्री नहुने जोखिम बढ्यो।

संक्षेप

११.५२ अंकले घट्यो नेप्से



काठमाडौं/ आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ११.५२ अंकले ओरालो लागेको छ। नेप्सेका अनुसार आइतबार कारोबारमा परिसूचक ०.४२ प्रतिशतले घटेर २७०८.२५ अंकमा रोकिएको छ। सो दिन विभिन्न तीन सय ३४ कम्पनीका एक करोड ११ लाख २४ हजार आठ सय ४५ कित्ता सेयर ५८ हजार ८७ पटक चार अर्ब ४० करोड २७ लाख ६७ हजार २७१.७२ रुपैयाँमा कारोबार भएको छ। एक सय ७३ वटा कम्पनीको सेयर मूल्य घट्दा ७९ वटाको बढेको छ। आइतबार भएको कारोबारमा हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्य ९.९७ प्रतिशत, एनआइबिएल समृद्धि फन्ड-२ को ५.८३ प्रतिशत, युनिभर्सल पावर कम्पनीको ५.१२ प्रतिशतले घटेको छ। साथै, पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको सेयर मूल्य ४.६२ प्रतिशत, विकास हाइड्रोपावर कम्पनी लिमिटेडको ३.९२ प्रतिशतले ओरालो लागेको छ।

तोलामै १६ सयले बढ्यो सुनको मूल्य



काठमाडौं/ नेपाली बजारमा आइतबार पनि सुनचाँदीको मूल्य बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुन तोलाको एक हजार ६ सय रुपैयाँले बढेर प्रतितोला दुई लाख १२ हजार पुगेको छ। शुक्रबार सुन तोलाको दुई लाख १० हजार चार सयमा कारोबार भएको थियो। यस्तै, आइतबार चाँदीको मूल्य पनि बढेको छ। महासंघका अनुसार चाँदी तोलाको १० रुपैयाँले बढेर दुई हजार पाँच सय रुपैयाँमा कारोबार भइरहेको छ। यसअघि शुक्रबार चाँदी तोलाको दुई हजार चार सय ९० मा कारोबार भएको थियो।

निर्माण व्यवसायी संघ कञ्चनपुरमा अवस्थी



काठमाडौं/ निर्माण व्यवसायी संघ कञ्चनपुरको अध्यक्षमा पुष्पराज अवस्थी निर्वाचित भएका छन्। संघको १५औं कार्यसमिति चयनका लागि शनिबार सम्पन्न निर्वाचनबाट अध्यक्षमा अवस्थी निर्वाचित भएका हुन्। त्यसैगरी वरिष्ठ उपाध्यक्षमा देवबहादुर चन्द निर्वाचित भएका छन्। उपाध्यक्षमा यज्ञराज बैज, महासचिवमा देवीदत्त भट्ट विजयी भएका छन्। यसैगरी सहकोषाध्यक्षमा हेमबहादुर महरा निर्वाचित भएका छन्। सदस्यमा नवीन चन्द, दीपक कार्की, गणेश सुवेदी, चन्द्रसिंह कार्की, मनिराम रेग्मी, महेश जोशी र सन्तोष खत्री निर्वाचित भएका छन्।

प्रदेश संरचना निर्माणमा रुख कटान क्षतिपूर्तिबापत चार करोडको प्रतिबद्धता

मकवानपुर/ बागमती प्रदेश सरकारले प्रदेशको प्रशासनिक संरचना निर्माणका क्रममा वन क्षेत्रमा पर्ने रुख कटानको क्षतिपूर्तिस्वरूप करिब चार करोड रुपैयाँ वित्तीय प्रतिबद्धता दिने निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव स्वीकृत गर्दै उक्त रकम वन विकास कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए। यो रकम तत्काल उपलब्ध नगराइने, तर रुख कटानको स्वीकृति प्राप्त भएपछि जम्मा गरिनेछ।

प्रशासनिक संरचना निर्माणका लागि चयन गरिएको जग्गा नेपाल सरकारकै स्वामित्वमा रहेको वन क्षेत्रमा पर्छ। त्यसैले जग्गा खरिदमा थप खर्च गर्नुनपर्ने र केवल रुख कटान क्षतिपूर्तिको जिम्मेवारी मात्र प्रदेश सरकारको हुने उनले बताए। जग्गा प्राप्ति ऐनअनुसार सरकारी प्रयोजनका लागि सरकारी जग्गा लिन रकम तिर्नुनपर्ने प्रावधान छ। उनले भने, 'संरचना निर्माणमा अब कुनै कानुनी र स्रोत व्यवस्थापनको अवरोध रहनेछैन। रुख कटान क्षतिपूर्तिको स्रोत सुनिश्चित भएको छ, जसपछि भवन निर्माण प्रक्रिया अगाडि बढ्छ।'

बागमती प्रदेश सरकारले १० लाख रुपैयाँभन्दा माथिका योजना ठेक्का प्रक्रियाबाट गर्ने निर्णय गरेको छ। प्रदेशको आर्थिक गतिविधिलाई थप पारदर्शी र उत्तरदायी बनाउन 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई प्रदेश सभामा पेस गर्न स्वीकृति दिइएको हो।

पोल्ट्री फार्ममा आठ करोड लगानी, ६ करोडको कारोबार

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

डुडुवा गाउँपालिका- ६, लुहारनपुर्वाका अहमद कादरी बाँकेमा फस्टाउन सक्ने व्यवसायको खोजीमा रहँदा विभिन्न व्यावसायिक क्षेत्रको सर्वेक्षण गरेर कुखुरापालन व्यवसाय रोज्न पुगे। ०७२ सालमा एक हजार चल्लाबाट व्यवसाय सुरु गरेका उनीसँग अहिले ६० हजार कुखुरा र वातानुकूलित तीनवटा खोर छन्।

एक लाख रुपैयाँबाट सुरु गरेको कुखुरा व्यवसायमा अहिले उनको आठ करोड लगानी छ। उनले भने, 'सुरुमा लगानी डुब्छ कि भन्ने डर लागेको थियो। काम गर्दै जाँदा अनुभव भयो। सोचेजस्तो फाइदा नभए पनि घाटा भएन र लगानी बढाउँदै जान मन लाग्यो।'

डुडुवा गाउँपालिका- ६, लुहारनपुर्वामा पोल्ट्री फार्ममा चल्लालाई आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार तयार गरेका उनले गत आर्थिक वर्षमा ६ करोड रुपैयाँको कारोबार गरेको बताए। 'व्यवसायलाई व्यवस्थित बनाउन लगानी बढाउँदै जाँदा कुल लगानी आठ करोड रुपैयाँ पुगेको छ,' उनले थपे। चल्लाको खोरमा दाना



र पानी खुवाउने स्वचालित प्रविधि जडान गरेका छन्। उनले भने, 'मेसिन जडान भएपछि कुखुरामा रोग सर्ने खतरा पनि कम भएको छ। जनशक्ति र समयको समेत बचत भएको छ।' उनले कुखुरासँगै भैंसी, माछा र बाख्रापालन पनि गरेका छन्। १४ वटा मुर्रा भैंसी र एउटा मुर्रा जातको राँगापालन गरेका छन्। तीमध्ये सातवटाले दुध दिने गरेको उनले बताए। 'दैनिक ५० लिटर दुध बजारमा पठाउँछु। प्रतिलिटर सय रुपैयाँका दरले बिक्री भइरहेको छ,' उनले भने। त्यस्तै, उनले पाँचवटा पोखरीमा ४० हजार माछा र ७० वटा उन्नत जातका बाख्रापालन गरेको बताए। 'एकैसाथ धेरै व्यवसाय गर्न सकिने लागेपछि फरक-फरक ठाउँमा फरक-फरक व्यवसाय गरेको हु,' उनले भने।

खुला सीमाका कारण भारतीय कुखुरा सहजै भित्रिँदा नेपाली किसानले उत्पादन गरेको कुखुरा बिक्री गर्न समस्या परेको उनले गुनासो गरे। भारतीय कुखुराको मूल्य तुलनात्मक रूपमा सस्तो पर्ने उनले बताए। 'भारतीय कुखुराको मूल्य नेपालको तुलनामा प्रतिकिलो सय रुपैयाँ फरक पर्छ। बाँकेका अधिकांश मासु पसलमा भारतीय कुखुरा पुग्छ,' उनले भने, 'सस्तो पर्ने भएपछि यहाँका मासु पसलले तस्करी भएको कुखुराको मासु बिक्री गर्छन्। भारतमा सस्तो भएपछि बिक्री गर्न बाध्य भएर मूल्य घटाउनुको विकल्प रहँदैन।' प्रशासनले प्रयास गर्दासमेत नरोकिएपछि व्यवसायीहरू कुखुरा तस्करी रोक्न आफैं मैदानमा उत्रिने गरेको कुखुरा व्यवसायी मञ्च बाँकेका उपाध्यक्षसमेत रहेका कादरीले बताए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी

सडक डिभिजन, इलाम

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०५/२३

यस डिभिजनबाट मिति २०८२/०५/०३ मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं.: ०२-०८२-८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरू मध्ये न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएका तपसिल बमोजिमका बोलपत्रहरू स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	निर्माण कार्यको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक (मू.अ. कर र पि. एस. सहित)
1	RDILAM/ 337310113/ 082/83-04(Re)	Recurrent Maintenance Works along Harkate to Fikkal Section of Mechi Highway (Ch 71+000 to Ch 80+000), Fikkal Pashupatinagar Road(Ch 0+000 to Ch 3+500 and Ch 7+500 to Ch 10+750), Fikkal-Shree Antu-Chabbise Road(Ch 02+000 to Ch 15+000)	M/s Achyut Construction and Suppliers Pvt. Ltd., Jhapa	NRs. 21,88,894.97
2	RDILAM/ 337310113/082/ 83-06(Re)	Recurrent Maintenance along Puwa Khola- Ranke-Phidim Section (Ch 129+000 to Ch 150+000, Ch 172+000 to Ch 177+000) and Jorsal –Tamor Section (Ch 0+000 to Ch 9+000) of Mechi Highway	M/s Achyut Construction and Suppliers Pvt. Ltd., Jhapa	NRs. 60,40,896.38

डिभिजन प्रमुख

अलैंचीको उत्पादन २५% बढ्ने आकलन

झापामा **चिरञ्जीवी घिमिरे**

केही वर्षदेखि लगातार उत्पादनमा गिरावट आएको अलैंची यस वर्ष भने वृद्धि हुने अनुमान गरिएको छ। गत वर्षको तुलनामा करिब २५ प्रतिशत अलैंची उत्पादन वृद्धि हुने नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष निर्मल भट्टराईले जानकारी दिए। उनका अनुसार गत वर्ष नेपालमा चार हजार पाँच सय मेट्रिकटन अलैंची उत्पादन भएको थियो। यो वर्ष करिब ६ हजार मेट्रिकटन उत्पादन हुने अनुमान गरिएको छ।

सामान्यतया हरेक वर्ष असोज र कात्तिक महिनामा धेरै अलैंची बजारमा आइसक्छ। गत वर्षदेखि अलैंचीको मूल्य बढेका कारण पनि किसानले अलैंची खेतीमा मिहिनेत गर्दा उत्पादनमा वृद्धि भएको भट्टराईको भनाइ छ। 'गत वर्ष प्रतिमन ८० हजारबाट सुरु भएर एक लाख १० हजारसम्म मूल्य पुग्यो। त्यसले किसानमा उत्साह भरिएको छ। किसानले अलैंचीमा कम्पोस्ट मल हाले, आफैं पाइप किनेर टाढाबाट पनि पानी ल्याएर सिँचाइ गरे,' भट्टराई भन्छन्, 'किसानले यसपटक अलैंचीको गोडमेल पनि राम्रो गरेका छन्। मूल्य बढेपछि किसामा जागरुकता देखिएको छ। यसको परिणमस्वरूप अलैंचीको उत्पादन वृद्धि भएको छ।'

उनका अनुसार आउँदो वर्षदेखि भने अलैंचीको उत्पादन वृद्धि हुनेछ। किसानले नयाँ क्षेत्रफमा पनि अलैंचीको नयाँ बिरुवा लगाएको उनी बताउँछन्। 'अहिले किसानले नयाँ ठाउँमा बिरुवा लगाएका छन्। विगतमा उत्पादन दिन छाडेको र मासिएको ठाउँमा पनि बिरुवा लगाएका छन्। समग्रमा अलैंची रोप्ने क्रम बढेको छ,' उनले भने, 'अलैंची व्यवसायी महासंघले पनि पुनः अलैंचीको बिरुवा रोप्ने कार्यक्रम गरेको छ। जसमा उन्नत जातका र क्रस बिरुवा रोप्ने अभियान चलाएको छ। कृषि संस्कारमा विकास गर्दै वैज्ञानिक प्रविधिको अवलम्ब गरेर अलैंची खेती गर्न प्रवर्द्धन गरेको छ। नयाँ बिरुवाले करिब तीन वर्षमा उत्पादन दिन्छ। तसर्थ, आउने वर्षहरूमा क्रमशः अलैंची उत्पादन बढ्ने अपेक्षा गरेका छौं।'



गत वर्षको तुलनामा मूल्य घट्यो

गत वर्ष प्रतिमन एक लाख १० हजारसम्म पुगेर रोकिएको अलैंचीको मूल्य यस वर्ष केही घटेको छ। गत वर्ष एक दशकपछि सबैभन्दा धेरै मूल्य पुगेको थियो। यस वर्ष अलैंचीको गुणस्तरको आधारमा न्यून गुणस्तरको अलैंचीको मूल्य ८२ हजार प्रतिमन रहेको छ। यस्तै, मध्यमको प्रतिमन ८५ हजार र उच्च गुणस्तरको अलैंचीको मूल्य ९० हजारसम्म रहेको अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष भट्टराईले जानकारी दिए। यद्यपि, गत वर्ष पनि सिजनको सुरुवातमा यही मूल्य रहेको थियो। सिजनको अन्त्यमा मात्र एक लाख १० हजार प्रतिमन पुगेको उनी बताउँछन्। एक दशकअघि अलैंचीको मूल्य प्रतिमन एक लाख २० हजारसम्म पुगेको थियो। अलैंचीले राम्रो मूल्य पाएसँगै यसलाई 'कालो सुन'को उपनाम दिइएको थियो।

विगतमा १८ हजार हेक्टरमा अलैंची खेती लगाइएको थियो। यस वर्षदेखि त्यो क्षेत्र बढेर करिब २० हजार हेक्टर पुगेको निवर्तमान अध्यक्ष भट्टराईले जानकारी दिए। देशका ५२ जिल्लामा अलैंची खेती हुँदै आएको छ। अलैंची कृषक र व्यवसायीले झापाको बिर्तामोडलाई अलैंचीको राजधानी मान्दै आएका छन् भने पूर्वीनाका काँकडभिट्टाबाट अलैंचीको निर्यात हुँदै आएको छ। अलैंचीले बर्सेनि अर्बौं रुपैयाँ विदेशी रकम नेपाल भित्र्याउँदै आएको छ। आव ०८१/८२ मा काँकडभिट्टाबाट सात अर्ब ६७ करोड ४० लाख ३७ हजार मूल्यको अलैंची निर्यात भएको थियो।

टिसिएलको दसैँ-तिहार अभियान सुरु

दुई लाख नगद छुटदेखि पक्का उपहारसम्म

काठमाडौं/ टिसिएलको आधिकारिक वितरक सिजी इलेक्ट्रोनिक्सले दसैँ-तिहार अभियान सुरु गरेको छ। कम्पनीले 'ग्रेटनेस इन एभ्री मोमेन्ट, इन्स्पायर एभ्री सेलेब्रेसन' अभियान सुरु गरेको हो। यस विशेष योजनामार्फत टिसिएलले चाडपर्वको अवसरमा ग्राहकलाई खुसी दिने लक्ष्य राखेको छ। अभियानअन्तर्गत ग्राहकले दुई लाख आठ हजार दुई सयसम्मको आकर्षक नगद छुटका साथै पक्का उपहार पनि प्राप्त गर्न सक्नेछन्।



कम्पनीका अनुसार टिसिएलको स्लाइड-बाई-स्लाइड रेफ्रिजेरेटर किन्दा निःशुल्क वाटर डिस्पेन्सर पाउनेछन्। त्यस्तै, टिसिएलका वासिङ मेसिनको खरिदमा ६ केजी एरियल सरफ, एयर कन्डिसनर किन्दा निःशुल्क जडान सुविधा पाउनेछन्। यति मात्रै होइन, ४३ इन्च वा सोभन्दा ठुलो टिसिएल टिभीको खरिदमा नौ महिनाको नेटटिभीको निःशुल्क सदस्यतासमेत ग्राहकले प्राप्त गर्ने कम्पनीको भनाइ छ। यो अभियान १९ भदौदेखि सीमित अवधिका लागि नेपालभरिका सम्पूर्ण आधिकारिक सोरुम र विक्रेताहरूमा लागू हुने बताइएको छ।

टिसिएल विश्वकै अग्रणी उपभोक्ता इलेक्ट्रोनिक्स ब्रान्डमध्ये एक हो। स्मार्ट टेलिभिजन, रेफ्रिजेरेटर, वासिङ मेसिन, एयर कन्डिसनरलगायतका अत्याधुनिक उत्पादन, नवप्रवर्तन र गुणस्तरीय प्रविधिका लागि चिनिन्छ। त्यस्तै, सिजी इलेक्ट्रोनिक्स नेपालमा कन्ज्युमर डुराबल्स वितरण गर्ने कम्पनी हो। यसले अन्तर्राष्ट्रियस्तरका ब्रान्डलाई नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ।

शिवम् सिमेन्टको 'नो कम्प्रमाइज' अन्तर्गत तेस्रो भिडियो सार्वजनिक

काठमाडौं/ नेपाली सिमेन्ट उद्योग शिवम् सिमेन्टले आफ्नो ब्रान्ड क्याम्पेन 'क्वालिटीको मामलामा नो कम्प्रमाइज'अन्तर्गत तेस्रो भिडियो सार्वजनिक गरेको छ। भिडियोमा जीवनको एक-एक सेकेन्ड समयको महत्त्वलाई दर्साउन खोजिएको छ। एकजना साथी समयमै आफ्नो यात्राका लागि एयरपोर्ट पुगिसकेको र अर्को एकजना आफ्नो उडान समय डिले हुने भन्दै निर्धारित समयसम्म घरै बसेको देखाइएको छ। यसलाई समयसँग जोडेर 'समयको मामलामा नो कम्प्रमाइज' भन्ने सन्देश भिडियोमार्फत देखाइएको छ।



यसअघि कम्पनीले क्याम्पेनको पहिलो चरणमा ट्राफिक प्रहरीको जीवनमार्फत 'कर्तव्यको मामलामा नो कम्प्रमाइज' भन्ने सामाजिक सन्देशमूलक प्रचार भिडियो सामग्री सार्वजनिक गरेको थियो। त्यस्तै, दोस्रो भिडियोमा घरबेटी र भाडावालबिचको सम्झौतामा आधारित कथामार्फत 'सतर्कताको मामलामा नो कम्प्रमाइज'को सन्देश दिएको छ। कम्पनीको यो अभियान विज्ञापन मात्र नभएर समाजप्रतिको उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा केन्द्रित रहेको बताइएको छ। यस कम्पनीले स्थापनाकालदेखि नै ओपिसी सिमेन्ट उत्पादन तथा बिक्री गर्दै आएको छ।

एभरेष्ट बैंकको सिइओमा दोहोरिए खालिङ



काठमाडौं/ एभरेष्ट बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा सुदेश खालिङ दोहोरिएका छन्। बैंकको आइतबार बसेको सञ्चालक समितिको बैठकले खालिङलाई दोस्रो कार्यकालका लागि सिइओ नियुक्त गर्ने निर्णय गरेको छ। उनको दोस्रो कार्यकाल भने ८ असोजदेखि लागू हुनेछ। यसअघि उनी ०७८ असोजमा सिइओ नियुक्त भएका थिए। तीन दशकभन्दा बढी बैंकिङ क्षेत्रमा काम गरेको अनुभव सँगालेका खालिङ यस बैंकको पहिलो सिइओसमेत हुन्।

लुम्बिनी प्रदेशमा सिटिजन्स बैंकले गऱ्यो अन्तर्क्रिया



काठमाडौं/ सिटिजन्स बैंकले लुम्बिनी प्रदेशमा अन्तर्क्रिया कार्यक्रम गरेको छ। बैंकले आफ्ना प्रदेश प्रमुख, क्लस्टरहेड, शाखा प्रबन्धक तथा अन्य सहकर्मीमाझ 'लिडरसिप फर ट्रान्सफर्मेसन इन लुम्बिनी : अ सेमिनार अन ड्राइभिङ पर्फमेन्स एन्ड रिजनल एक्सिलेन्स' शीर्षकमा कार्यक्रम गरेको हो।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, नायब प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो। कार्यक्रममा गत आर्थिक वर्षको कार्यप्रगति समीक्षा एवं चालू आर्थिक वर्षका प्राथमिकतामा छलफल गर्दै केन्द्र र प्रदेशबिच सहकार्य सुदृढ गर्ने विषयमा गहिरो अन्तर्क्रिया भएको बैंकले जनाएको छ। बैंकले गत आवमा कर्जा, निक्षेप, खुद ब्याज आम्दानीजस्ता सूचकमा दोहोरो अंकको वृद्धि गर्दै कोषको लागत घटाउने, बेस रेट कम गर्ने तथा कर्जा जोखिम व्यवस्थापनमा उल्लेखनीय सुधार गर्ने सफलता हासिल गरेको छ।

कनेक्ट आइपिएसको 'शुभयात्रा' अफर

काठमाडौं/ भुक्तानी प्रदायक कम्पनी कनेक्ट आइपिएसले चाडपर्वमा 'शुभयात्रा' अफर ल्याएको छ। यसअन्तर्गत विभिन्न एयरलाइन्सको फ्लाइट तथा बस टिकटको भुक्तानी कनेक्ट आइपिएसबाट गर्दा आकर्षक क्यासब्याक तथा छुट पाउन सकिनेछ। अफर भने २२ भदौदेखि १८ असोजसम्म चल्नेछ। उक्त क्यासब्याक अफर बुद्ध एयर, श्री एयरलाइन्स, यती एयरलाइन्स र बस सेवा ट्राभल एन्ड टुरको टिकट भुक्तानीमा उपलब्ध हुनेछ।

बुद्ध एयरको टिकट खरिदमा ग्राहकले एक सय एक रुपैयाँ क्यासब्याकका साथै पाँचजना लक्की जोडीले माउन्टेन फ्लाइट टिकट जित्न सक्नेछन्। त्यस्तै, श्री एयरलाइन्सको टिकट खरिदमा पाँच सय एक रुपैयाँ क्यासब्याक, यती एयरलाइन्सको टिकटमा तीन सय रुपैयाँको छुटसँगै १० लक्की जोडीले माउन्टेन फ्लाइट जित्ने मौका प्राप्त गर्न सक्नेछन्। साथसाथै, बस सेवाबाट टिकट काटेर कनेक्ट आइपिएसमार्फत भुक्तानी गर्ने पहिलो एक हजार ग्राहकले ५१ रुपैयाँ क्यासब्याक प्राप्त गर्ने कम्पनीले जनाएको छ।

एनआइसीका ग्राहकले स्वस्तिक कार्डियोमा उपचार गर्दा छुट पाउने



काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकलाई धनगढी, कैलालीस्थित स्वस्तिक कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटलमा उपचार गर्दा विशेष छुट हुने भएको छ। यससम्बन्धी सम्झौतामा दुवै पक्षले हस्ताक्षरसमेत गरेका छन्। जसअनुसार बैंकका ग्राहकले उक्त हस्पिटलमा उपचार गरी डिजिटल भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

यस्तो छुट अस्पताल भर्ना हुनुपर्ने अवस्थामा जनरल बेड र क्याबिनमा छुट पाइनेछ। त्यसैगरी आइसियू, भेन्टिलेटर, जनरल सर्जरी, अर्थोपेडिक, गाइनोकोलोजी, ल्याप्रोस्कोपी, प्याथोलोजी टेस्ट, भिडियो एक्सरे, एक्सरे, इसिजी, इको, इन्डोस्कोपी तथा औषधिजस्ता सेवामा १५ प्रतिशत छुट हुने बताइएको छ।

यो सुविधा लिन ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड प्रयोग वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। उक्त हस्पिटलसँगको यस सहकार्यले ग्राहक महानुभावलाई स्वास्थ्य उपचारमा सहयोग हुनुका साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

मुक्तिनाथ क्यापिटल गंगा हेल्थ केयरको आइपिओ बिक्री प्रबन्धक



काठमाडौं/ मुक्तिनाथ क्यापिटल लिमिटेड गंगा हेल्थ केयर इन्डस्ट्री लिमिटेडको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) तथा बिक्री प्रबन्धक नियुक्त भएको छ। आइपिओ निष्कासनसम्बन्धी सम्झौतामा मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र गंगा हेल्थ केयरका अध्यक्ष सुरजप्रसाद खत्रीले हस्ताक्षर गरेका छन्।

गंगा हेल्थ केयरले आफ्नो जारी पुँजीको ३० प्रतिशत साधारण सेयर सर्वसाधारणमा निष्कासन गर्ने प्रक्रिया अगाडि बढाएको छ। नेपालमा गुणस्तरीय स्वास्थ्य सामग्री उत्पादन तथा बिक्री-वितरण गर्ने उद्देश्यका साथ ०५५ मा स्थापना भएको कम्पनी तिलोत्तमा नगरपालिका- १४, रुपन्देहीमा अवस्थित छ। कम्पनीले विभिन्न प्रकारका सर्जिकल सामग्री ड्रेसिङ ब्यान्डेज, एब्जर्बेन्ट कटन, एब्जर्बेन्ट गज, ब्यान्डेज थान, क्रेप ब्यान्डेज, डिस्पोजेबल मास्क तथा टेट्रा गजको उत्पादन गरिरहेको छ।

महिला उद्यमलाई नेपाल इन्भेस्टमेन्ट बैंकले सहुलियत कर्जा दिने



काठमाडौं/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले महिला उद्योगीलाई सहुलियत कर्जा प्रदान गर्ने भएको छ। बैंकले महिलाद्वारा सञ्चालित उद्यम र नयाँ उद्योग व्यवसाय सञ्चालन गर्न चाहनेलाई छुटसहित कर्जा प्रवाहका साथै वित्तीय साक्षरताको सेवा दिने भएको छ। यसका लागि बैंक र महिला उद्यमी महासंघबिच व्यावसायिक सम्झौता भएको छ।

बैंकले महिलालाई उद्यम क्षेत्रमा आकर्षित गरी व्यवसाय प्रवर्द्धन गर्न सम्झौता गरेको जनाएको छ। सम्झौतापत्रमा इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञवालीले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार महासंघ सदस्यलाई महिलाद्वारा सञ्चालित उद्यम र नयाँ उद्यमी बन्न चाहने विभिन्न विशेष बैंकिङ तथा वित्तीय सहयोग प्रदान गरिने उल्लेख छ। यस्तो सहयोग बैंकले देशभरका दुई सय ७५ वटै शाखाबाट प्रदान गरिने बैंकको भनाइ छ।

हार्दिक श्रद्धाञ्जली



जन्म : १९९९/०१/१७

स्वर्गारोहण : २०८२/०५/११

स्व. तोया लक्ष्मी भट्ट

यस संस्थाका सञ्चालक श्री पवन भट्टका पुजनीय माता

श्री तोया लक्ष्मी भट्टको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछौं।

ओम साई ह्युम पाईप प्रा. लि.

तारकेश्वर न.पा. ६, धर्मस्थली, काठमाण्डौ

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१-४५३६३२५, इमेलः khanikhola.hpcl@gmail.com, वेवसाइटः www.kkhpcl.com.np

को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला अवधि थप गरिएको बारेको सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **मिति २०८२ भाद्र ०३ गतेदेखि मिति २०८२ भाद्र २३ गतेसम्म** सम्म निष्काशन तथा बिक्री खुला गरिएकोमा कम्पनीको स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को दफा "र" मा भएको व्यवस्था अनुसार यस हकप्रद शेयरको बिक्री खुला अवधि **मिति २०८२ भाद्र ३१ गते बैंकिङ्ग समयसम्मका** लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा ।
३	कुमारी बैंक लिमिटेडको बाग्मती शाखा, ललितपुर ।
४	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको वेवसाइट www.kkhpcl.com.np., तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

सिटिजन्स क्यापिटल लिमिटेड

बाटुलेधर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७

Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नेपालटार, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितिपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सोबिकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८२/०६/०७ गते/स्थान : शाखा कार्यालय नेपालटार, काठमाडौं

बोलपत्र खोलिने मिति/समय : २०८२/०६/०९ गते, बिहीबार दिनको ३ बजे

क्र.सं.	ऋणीको विवरण
१.	**नाम : सफलता तरकारी पसल** नेपाल सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, काठमाडौं प्रा.फ.र.नं. ३-३५-३८८-४२/२०७७/७८ , दर्ता मिति : २०७७/११/२०, पान नं. ६१४५०३२२९, दर्ता मिति : २०७७/८/३० ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा वडा नं. ४, मिलन बस्ती, **प्रोप्राइटर : अनिता बानिया**
	जमानतकर्ताको विवरण
	१. नाम : अनिता बानिया ना.प्र.नं. ४४-०१-७२-००५४२, जि.प्र.का. गोरखा जारी मिति : २०७२/०२/१२ पतिको नाम : शंकर बानिया ससुराको नाम : धोज बहादुर बानिया ठेगाना : गोरखा जिल्ला, आरुपोखरी गा.वि.स. वडा नं. २ हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ४
	२. नाम : शंकर बानिया ना.प्र.नं. ४४१०५०/१०४०, जि.प्र.का. गोरखा जारी मिति : २०७०/१०/१२ बाबुको नाम : धोज बहादुर बानिया बाजेको नाम : कृष्ण बहादुर बानिया ठेगाना : गोरखा जिल्ला, आरुपोखरी गा.वि.स. वडा नं. २ हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ४
	धितोको विवरण
	अनिता बानियाको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, घुसेल गा.वि.स. वडा नं. ६/६ घ स्थित कित्ता नं. ८४ को क्षेत्रफल २८६.११ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : नेपालटार, काठमाडौं, फोन नं. ०१-४९८२७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल भदौ महिना २३ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : भैरहवा शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
पम्डोही घर्तिको बुहारी साहेब घर्तिको पत्नी रुपन्देही जिल्ला धकधई न.पा. वडा नं. ८ हाल, रोहिणी गा.पा. वडा नं. ३ बस्ने **सरोज घर्ति** (ना.प्र.नं. : ३७-०१-७०-०५४२९ जारी मिति र जिल्ला : २०७०/०४/०६, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
बिसनाथ घर्तिको नाति पम्डोही घर्तिको छोरा रुपन्देही जिल्ला धकधई वडा नं. ८ हाल, रोहिणी गा.पा. वडा नं. ३ बस्ने **साहेब घर्ति** (ना.प्र.नं. : ३७१००९/१/२३२८४ जारी मिति र जिल्ला : २०६४/०३/२४, रुपन्देही)

२) शाखा कार्यालय : भैरहवा शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
हवल्दार शेषको बुहारी हर्दिस शेषको पत्नी रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ३ बस्ने **सायरा शेष** (ना.प्र.नं. : ३७३०२३/१४८५ जारी मिति र जिल्ला : २०६३/१२/०२ रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) लाल बहादुर रानाको बुहारी राजु रानाको पत्नी रुपन्देही जिल्ला सि.न.पा वडा नं. ३ बस्ने **सपना कुमारी राना** (ना.प्र.नं. : ३७/२६६४३ जारी मिति र जिल्ला : २०६१/०६/१३, रुपन्देही)
२) अजितुला शेषको बुहारी अनिष शेषको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **मिना शेष** (ना.प्र.नं. : ३७ १०२३/४४००४ जारी मिति र जिल्ला : २०६७/१२/१७, रुपन्देही)

३) शाखा कार्यालय : झलारी शाखा — **कर्जा शीर्षक : महिला उद्यमसिल कर्जा**

ऋणीको विवरण		
नाम : **एन.वि. पोल्ट्री फर्म**	व्यवसायीको नाम : विपना कार्की	प्रमाण-पत्र नं. : ३२७
दर्ता गर्ने कार्यालय : शुक्लाफाँटा नगरपालिका को कार्यालय		दर्ता मिति : २०७३/११/२०
व्यसायको ठेगाना : कञ्चनपुर जिल्ला शु.न.पा. वडा नं. ११		स्थायी लेखा नं. : ६१५३८३९७६
व्यक्तिगत धनजमानीकर्ताको विवरण		
१) सकराम सिह साउदको नाति टेक बहादुर साउदको छोरा कञ्चनपुर जिल्ला झलारी वडा नं. ९ हाल, शुक्लाफाँटा न.पा. वडा नं. ११ बस्ने **नरेन्द्र साउद** (ना.प्र.नं. : ७५१००५/५८४१, जारी मिति र जिल्ला : २०६६/०६/२६, कञ्चनपुर)		
२) बहादुर सिह ऐरको नाति धन बहादुर ऐरको छोरा कञ्चनपुर जिल्ला झलारी वडा नं. ९ हाल, शुक्लाफाँटा न.पा. वडा नं. ११ बस्ने **जय बहादुर ऐर** (ना.प्र.नं. : १६८९१५, जारी मिति र जिल्ला : २०६२/०५/०२, कञ्चनपुर)		

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सोमबार २३ भदौ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

एसियाडमा खेल संख्या समयमै पठाउन मन्त्री चौधरीको निर्देशन



खेलकुदमन्त्री तेजुलाल चौधरीसँग नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिका पदाधिकारी ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिलाई अर्को वर्ष सेप्टेम्बरमा जापानमा हुने २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा नेपालको सहभागिता र खेलको संख्या समयमै पठाउन निर्देशन दिएका छन् । मन्त्री चौधरीले ध्रुवबहादुर प्रधान संयोजकत्वको तदर्थ समितिलाई आयोजक जापानसँग सहकार्य गर्न निर्देशन दिएका हुन् ।

> २०औँ एसियन खेलकुद प्रतियोगिताको आयोजक जापानले १६ असारमै खेलको संख्या पठाउन अन्तिम मिति तोकेको थियो, तर खेलकुदमन्त्री तेजुलाल चौधरीले तदर्थ समितिलाई नेपालको सहभागिता र खेलाडीको संख्या सुनिश्चित गर्न पत्र पठाउन भनेका छन्

'जापानमा हुने एसियाडमा नेपालको सहभागिता र खेलको संख्या पठाउने काम गर्नुस्,' मन्त्रालयमा आइतबार तदर्थ समितिका पदाधिकारीसँगको भेटमा उनले भने, 'आयोजक राष्ट्रले दिएको समयसीमाभित्रै पत्र पठाउनुस् ।' मन्त्री चौधरीले तदर्थ समितिलाई एसियाडको सुनिश्चितताका सम्बन्धमा निर्देशन दिए पनि आयोजक जापानले गत १६ असारसम्म खेलको संख्या पठाउने अन्तिम मिति तोकेको थियो । अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीले १६ असारमै ३० वटा खेल संख्या पठाएको थियो । सो लिस्टमा फुटबल र तेक्वान्दो समावेश थिएन ।

तदर्थ समितिले १७ असारमा नेपालस्थित जापानिज दूतावासको माध्यमबाट आयोजक जापान ओलम्पिक कमिटीलाई ३१ खेलको सूची पठायो । तर, आयोजक जापानले तदर्थ समितिले पठाएको खेल संख्या दर्ता नै गरेन । जापानले तदर्थ समितिलाई आधिकारिक एनओसीबाट मात्र खेल संख्या पठाउन भनेको थियो ।

जपानले आधिकारिक रूपमा एनओसीबाट खेलको सूची दर्ता गर्नुपर्ने नियम रहेको र सोहीअनुरूप आउन भनेको छ । 'एसियाडमा सहभागिता जनाउन ओलम्पिक कमिटीमार्फत खेल दर्ता गराउनुपर्छ । अन्य माध्यमबाट आएका खेलको सूची दर्ता हुँदैन,' खेलकुद मन्त्रालयलाई आयोजकले पठाएको इमेलमा भनिएको छ, 'एनओसीबाट आएको खेलको सूची मात्र आधिकारिक मानिनेछ । यसबाहेकका संस्थाले पठाएको सूची आधिकारिक मानिनेछैन ।'

अवैध सवारीसाधन फिर्ता गर्न निर्देशन

खेलकुदमन्त्री चौधरीले अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीका पदाधिकारीले सरकारी स्वामित्वमा रहेको सवारीसाधन अवैध रूपम प्रयोग गरिरहेकाले फिर्ता गराउन राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयकै कर्मचारीलाई कडा निर्देशन दिएका छन् । 'राज्यले मान्यता नदिएको र अवैधानिक एनओसीका पदाधिकारीले प्रयोग गरिरहेका सवारीसाधन फिर्ता ल्याउन निर्देशन भएको छ,' तदर्थ समितिका प्रवक्ता समिम मियाँ अन्सारीले भने, 'मन्त्रालयको निर्देशनअनुसार छिट्टै काम गर्छौं ।' आइओसी र ओसिएको मान्यता पाएको एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले दैनिक प्रयोग गरिरहेको सवारीसाधन एनओसीको भएको तदर्थ समितिका एक सदस्यले बताएका छन् । 'राज्यले स्वीकार नगरेको एनओसीका अध्यक्ष श्रेष्ठसवार गाडी एनओसीकै हो,' उनले भने, 'उनले व्यक्तिगतजस्तै प्रयोग गरिरहेका छन् । हामी छिट्टै फिर्ता गर्छौं ।' मन्त्री चौधरीले नेपाल ओलम्पिक कमिटीबाट पत्राचारमा भएका अवैध रूपमा कब्जा गरिएका अन्य चलअचल सम्पत्ति फिर्ता गर्न पनि कडा रूपमा निर्देशन दिएका छन् ।

ओसिएको कारबाहीपछि मन्त्री अग्रसर

ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले सरकारबाटै गठित तदर्थ समितिलाई लोगो र लेटरहेडसँगै सदस्यलाई कारबाही गरेपछि मन्त्री चौधरीले जानकारी लिने प्रयास गरेका हुन् । ओसिएले तदर्थ समितिका संयोजक तथा एनओसीका पूर्वअध्यक्षसमेत रहेका प्रधानलाई एनओसीको लेटरहेड तथा लोगो प्रयोग नगर्न चेतावनी दिएको छ ।

आगामी दिनमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीको लेटर प्रयोग गरे कारबाही हुने ओसिएले जनाएको थियो । गत साता ओसिएले तदर्थ समितिका सदस्य रवि राजकर्णिकार तथा निलेन्द्रराज श्रेष्ठलाई दुई वर्षसम्म कुनै पनि कार्यक्रममा सहभागी हुन नपाउने गरी प्रतिबन्ध लगाएको थियो । राजकर्णिकार नेपाल घोडचढी तथा श्रेष्ठ नेपाल ट्रायथलन संघका अध्यक्ष हुन् । यसअघि पनि ओसिएले यी दुवैलाई ९० दिनको कारबाही गरेको थियो ।

निर्णय कार्यान्वयनतर्फ

मन्त्री चौधरीसँग भएको छलफलमा तदर्थ समितिका नौ सदस्य टोली, राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ, खेलकुद मन्त्रालयका खेलकुद महाशाखाका प्रमुख सहसचिव रामचरित्र मेहताको उपस्थिति थियो । तदर्थ समितिका संयोजक प्रधान भने उपस्थित भएनन् । तदर्थ समितिमा एनओसीमा आबद्ध २३ संघका सदस्य छन् । ओलम्पिक कमिटीको कार्यसमितिबाट निर्णय भई परिषद् र मन्त्रालयमा पत्राचार भएका विषय यथाशक्य कार्यान्वयनका लागि परिषद् र मन्त्रालयका कर्मचारीलाई चौधरीले निर्देशन दिए ।

नेपाल ओलम्पिक कमिटीका गतिविधिलाई कानुनबमोजिम सक्रिय बनाउन राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयले खेल्नुपर्ने भूमिकाबारे समेत छलफल भएको मन्त्रालयले जनाएको छ । गत मंसिरमा श्रेष्ठले आफू तेस्रो कार्यकालका लागि अध्यक्ष हुन विशेष साधारणसभा बोलाएपछि सरकारले त्यसलाई खेलकुद ऐनविपरीत भएको भन्दै अवैधानिक कदम भनेको थियो । त्यसपछि सुरु भएको ओलम्पिक कमिटीको विवाद जटिल अवस्था छ ।

■ दोस्रो एभरेस्ट महिला भलिबल लिग

घरेलु टोली पोखराको खराब प्रदर्शन



लुम्बिनीले लिगमा लगातार तेस्रो जित निकाल्दा पोखराले भने तीनवटै खेल गुमायो

कास्कीमा रोहितराज पराजुली

साबिक उपविजेता ललितपुर क्विन्सले दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिगमा तेस्रो जित निकालेको छ । घरेलु टोली पोखरा निन्जाजले भने लगातार तेस्रो खेलमा हारको सामना गरेको छ । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा आइतबार भएको पहिलो खेलमा काठमाडौं स्पाइकर्सले मधेश युनाइटेडलाई ३-१ को सेटले हराउँदै पहिलो जित निकाल्यो । दुई खेल खेलेको काठमाडौंले यसअघिको खेल गुमाएको थियो ।

काठमाडौंले पहिलो सेट २६-२४ ले आफ्नो पक्षमा पारेको थियो । तर, दोस्रो सेटमा काठमाडौं २३-२५ ले पराजित भयो । १-१ को बराबरी अवस्थामा काठमाडौंले उत्कृष्ट पुनरागमन गर्दै त्यसपछिका दुई सेट आफ्नो पक्षमा पाऱ्यो । काठमाडौंले तेस्रो सेट २५-२३ र चौथो सेट २५-१९ ले जितेको थियो ।

लिगमा तीन खेल खेलेको मधेशले एकमा जित र दुईमा हारको सामना गरेको छ ।

दोस्रो खेलमा लुम्बिनी लाभाजले पोखरालाई ३-२ को सेटले पराजित गऱ्यो । पहिलो सेटमा पोखरा २५-१३ ले पछि परेको थियो । त्यसपछिका दुई सेट २३-२५ र १०-२५ ले पोखराले आफ्नो पक्षमा पारेको थियो । एक सेटले अग्रता लिएको पोखराले आफ्नो अग्रता रक्षा गर्न सकेन । त्यसपछिका दुई सेटमा पराजित हुँदा लिगमा तेस्रो हारको सामना गर्न पुग्यो ।

लुम्बिनीले पोखराविरुद्ध चौथो सेट २६-२८ र पाँचौं सेट १०-१५ ले आफ्नो पक्षमा पार्दै लिगमा अपराजित यात्रा जारी राख्यो । लुम्बिनीको लिगमा लगातार तेस्रो जित हो । प्रतियोगिताअन्तर्गत सोमबार पहिलो खेल कर्णाली र काठमाडौंबिच हुनेछ । ललितपुरले दोस्रो खेलमा लुम्बिनीको सामना गर्नेछ ।

साबालेन्काले जितिन् युएस ओपन



एजेन्सी/ विश्व नम्बर एक खेलाडी आर्यना साबालेन्काले अमेरिकन खेलाडी अमान्डा एनिसिमोभालाई २-० को सहज सेटमा पराजित गर्दै युएस ओपन उपाधि लगातार दोस्रोपटक जितेकी छिन् । न्युयोर्कमा आइतबार भएको महिला एकल फाइनलमा बेलारुसकी २७ वर्षीया साबालेन्काले ६-३, ७-६ (७-३) ले जितेकी हुन् । उपाधि जितेपछि साबालेन्काले खुसी मनाइन् । यस वर्ष उनी दुई ग्रान्डस्लामको फाइनलमा पराजित भएकी थिइन् । उनले दोस्रो सेटको टाइब्रेकरमा उत्कृष्ट प्रदर्शन गर्दै तेस्रो च्याम्पियनसिप प्वाइन्ट रक्षा गरेकी थिइन् ।

साबालेन्काले आफ्नो चौथो ग्रान्डस्लाम एकल उपाधि जितेकी हुन् । यस सिजनमा उनले डब्लुटिए टुरमा प्रभावशाली प्रदर्शन गरेकी थिइन् । तर, ग्रान्डस्लाममा उनको प्रदर्शन कमजोर रह्यो । यसअघि साबालेन्काले अस्ट्रेलियन ओपन २०२३ र २०२४ मा जितेकी थिइन् । तर, यस वर्ष उनी फ्रेन्च ओपनको फाइनलमा पराजित भइन् । आठौं वरीयताकी २४ वर्षीया एनिसिमोभाले दोस्रो खेलमा महत्त्वपूर्ण अंक गुमाएकी थिइन् ।

खेलाडी संघमा श्रेष्ठको निरन्तरता

नयाँ पत्रिका

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघको तेस्रो साधारणसभा तथा निर्वाचनबाट दीपक श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको छ । निर्वाचनबाट उपाध्यक्षमा आयषा शाक्य (तेक्वान्दो) र दीपक थापा (ब्याडमिन्टन) चयन भए । महासचिवमा शिवसुन्दर गोठे (टेबुलटेनिस), सचिवमा मन्देकाजी श्रेष्ठ (कराँते), कोषाध्यक्षमा आङबाबु लामा (उसु) निर्वाचित भएका छन् । श्रेष्ठसहित पदाधिकारीमा सबैले सोही पदमा निरन्तरता पाएका हुन् । सदस्यमा सन्तोषी श्रेष्ठ (एथलेटिक्स), जुनी राई (उसु), संजित डंगोल (जुडो), फूलमाया क्याप्छाकी (सुटिङ), अजित गुरुङ (बक्सिङ), संजिप लामा (फेन्सिङ), पुरुषोत्तम बज्राचार्य (टेबुलटेनिस), सुरेश चुनारा (कुस्ती) र मवीन्द्र भण्डारी (बास्केटबल) चयन भए ।


साधारणसभामा विभिन्न खेलका प्रतिनिधि तथा जिल्ला प्रतिनिधि गरी ५१ जनाको सहभागिता थियो । साधारणसभापछि बसेको पहिलो बैठकले विधानअनुसार थप एक उपाध्यक्ष र तीन सदस्य मनोनयन गरेको श्रेष्ठले बताए । उपाध्यक्षमा फुटबलका बिकेश कुथू, सदस्यमा प्रदीप खड्का (टेनिस), अनुजा कुलुङ राई (कबड्डी) र वीरबहादुर महरा (तेक्वान्दो)लाई मनोनीत गरिएको हो ।

संघ ०६० मा राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा दर्ता भएको हो । खेलकुद विकास ऐन, २०७७ लागू भएपछि ०७९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भई संघ क्रियाशील रहँदै आएको छ । संघले हरेक वर्ष उत्कृष्ट खेलाडी अवार्ड गर्दै आएको छ ।

■ एसियाली युथ कराँतेमा नेपाललाई दुई कांस्य



काठमाडौं/ नेपालले २३औँ एसियाली कराँते महासंघ (एकेएफ) यू-२२ कराँते च्याम्पियनसिपमा दुई कांस्य पदक जितेको छ । चीनमा भइरहेको च्याम्पियनसिपमा नेपालले दुईवटै पदक क्याडेटतर्फ हात पारेको हो । प्रतियोगितामा रेहान जावेदले पुरुष एकल कातामा कांस्य पदक हात पारे । मनीषाकुमारी बोहराले मुलुकलाई कांस्य दिलाइन् । उनले महिला ६० केजीमुनि तौल समूहमा कांस्य जितेकी हुन् ।



विश्वकप छनोटमा मेसीलाई उछिन्दै रोनाल्डोको अर्को कीर्तिमान

रोनाल्डोले शनिबार राति अर्मेनियाविरुद्ध दुई गोल गर्दै युरोपियन विश्वकप छनोट खेलमा ३८ गोल गरेका छन् । गत शुक्रबार मेसीले भेनेजुएलाविरुद्ध गोल गर्दै विश्वकप छनोटमा ३६ गोल गरेका थिए ।

एजेन्सी

फिफा विश्वकप फुटबल छनोटमा सर्वाधिक गोल गर्ने खेलाडीको कीर्तिमान ग्वाटेमालाका कार्लोस रुइजको नाममा छ । उनले विश्वकप छनोटमा कीर्तिमानी ३९ गोल गरेका छन् । कार्लोसलाई वर्तमान समयमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र अर्जेन्टिनी लियोनल मेसीले पछ्याइरहेका छन् । अझ मेसीभन्दा रोनाल्डो एक कदम अगाडि छन् । रोनाल्डोले युरोपियन विश्वकप छनोटमा अर्मेनियाविरुद्ध दुई गोल गर्दै ३८ गोल संख्या पुऱ्याएका छन् ।

अब उनले एक गोल गरे कार्लोसको कीर्तिमान बराबरी गर्नेछन् । दुई गोल गरे उनी विश्वकप छनोटमा सर्वाधिक गोल गर्ने खेलाडीका रूपमा रहनेछन् । ४० वर्षीय स्ट्राइकर रोनाल्डोकै उत्कृष्ट प्रदर्शनमा पोर्चुगलले अर्मेनियामाथि ५-० को ठुलो जित निकाल्यो । गत शुक्रबार मेसीले रोनाल्डोसँगै विश्वकप छनोटमा समान ३६ गोल संख्या पुऱ्याएका थिए । अन्तर्राष्ट्रिय फुटबलमा रोनाल्डोले १४० गोल गरेका छन् । मेसीले अर्जेन्टिनाबाट ११४ गोल गरेका छन् ।

रोनाल्डोको नजर छैटौं विश्वकप सहभागिता

रोनाल्डोले लगातार छैटौंपटक विश्वकप खेल्ने अभियानलाई बलियो बनाएका छन् । सन् २०२६ मा अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् । पोर्चुगल छनोट भए रोनाल्डोले छैटौंपटक विश्वकप खेल्नेछन् । संयोग कस्तो छ भने मेसी पनि छैटौं विश्वकप खेल्ने तयारीमा छन् । अर्जेन्टिना विश्वकपमा छनोट भइसकेको छ । रोनाल्डो अहिले ४० वर्षको उमेरमा पनि सक्रिय छन् । हालै उनले साउदी अरबको क्लब अल नासरसँग नयाँ सम्झौता गरेका छन् । गत वर्ष उनले पोर्चुगललाई युरोपियन नेसन्स लिग उपाधि दिलाएका थिए । फुटबल करिअरमा सबै उपाधि जितेका रोनाल्डोले अहिलेसम्म उचाल्न नसेको ट्रफी विश्वकप हो ।

इंग्ल्यान्डको शतप्रतिशत जित

युरोपियन छनोटमा इंग्ल्यान्डले शतप्रतिशत जित नतिजा निकालेको छ । भिला पार्कमा भएको खेलमा इंग्ल्यान्डले एन्डोरामाथि २-० को जित निकाल्यो । मुख्य प्रशिक्षक थोमस टुचेलको नेतृत्वमा इंग्ल्यान्डले लगातार चौथो जित दर्ता गरेको हो । खेलमा २५औँ मिनेटमा एन्डोराका डिफेन्डर क्रिस्टियन गार्सियाले आत्मघाती गोल गरेका थिए ।

खेलको ६७औँ मिनेटमा डेक्लान राइसले रिस जेम्सको पासमा हेडिङ गोल गरे । समूह 'के'मा इंग्ल्यान्ड ९ अंकसहित शीर्ष स्थानमा छ । अब इंग्ल्यान्डले मंगलबार बेलग्रेडमा सर्बियाविरुद्ध खेल्नेछ ।

खेल संक्षेप

अवार्डलाई नासा सेक्युरिटिजको साथ

काठमाडौं/ नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा हुने २२औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा नासा सेक्युरिटिज जोडिएको छ । २९ भदौमा पोखरामा हुने अवार्डमा नासा सेक्युरिटिज सेयर ट्रेडिङ पार्टनरका रूपमा जोडिएको हो । मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र नासाका प्रबन्ध निर्देशक मदन पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । पौडेलले नेपाली खेलकुदकै प्रतिष्ठित अवार्डमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताए । 'खेलाडीलाई सम्मान गर्ने उत्कृष्ट कार्यक्रममा सहकार्य गर्न पाउँदा उत्साहित छौं,' उनले भने ।

अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुप र प्रवर्धकमा पोखरा महानगरपालिका रहेका छन् । ०८१ को एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड १० विधालाई प्रदान गरिनेछ । त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड छन् । खेलाडीलाई जनमतबाट विजेता बनाउने विधाका रूपमा रहेको पिपल्स च्वाइसको मनोनयन सार्वजनिक भइसकेको छ ।

स्कुल लिगको ट्रफी सार्वजनिक

काठमाडौं/ नेपाल स्कुल फुटबल यू-१८ लिगको ट्रफी सार्वजनिक भएको छ । प्रतियोगिताका लागि अनावरण भएको ट्रफी २२ इन्च अग्लो र १३ किलो तौलको छ । यस वर्षको नेपाल स्कुल फुटबल यू-१८ लिगमा काठमाडौं उपत्यकाका प्रतिष्ठित आठ विद्यालयले सहभागिता जनाउनेछन् । उत्कृष्ट टोलीले यो ऐतिहासिक ट्रफी आफ्नो विद्यालयमा लैजाने अवसर पाउनेछ ।

लिग चरणका शीर्ष चार टोलीबिच प्लेअफ खेल हुनेछ । प्रतियोगितामा जेम्स थन्डरबोल्ट्स, डिएभी सुपर डाँफे, एलए स्नोलियोपार्डस्, काठमाडौं लोकयुग एफसी, चेल्सी फाल्कन्स, युलेन्स प्याथर्स, रातो बंगलो रेड पान्डाज र एफसी माउन्ट कन्जिरोवा विद्यालयको सहभागिता रहनेछ । विजेता टोलीलाई पाँच लाख भने उपविजेता टोलीले दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

कराँते महासंघद्वारा एरिका सम्मानित

काठमाडौं/ कराँते १ प्रिमियर लिगमा ऐतिहासिक कांस्य पदक विजेता एरिका गुरुङलाई नेपाल कराँते महासंघले आइतबार दुई लाख रुपैयाँसहित सम्मान गरेको छ । सो रकम सिल्क ग्रुपका रमेश शेर्पा र महासंघका पूर्वकोषाध्यक्ष किशोर भट्टराईले प्रायोजन गरेका हुन् । महासंघका अध्यक्ष युवराज लामाले एरिकालाई चेक हस्तान्तरण गरेका थिए । सोही अवसरमा कराँते प्रशिक्षक मण्डेकाजी श्रेष्ठलाई पनि सम्मान गरिएको थियो । मोरोक्कोको राबतमा भएको प्रतियोगिताको महिला ६८ केजीमाथि तौल समूहमा एरिकाले कांस्य पदक जितेकी थिइन् ।

कांस्य भिडन्तमा एरिकाले फ्रेन्च खेलाडी क्लेमेन्स पिएलाई ६-२ ले पराजित गरेकी थिइन् । यो प्रतियोगितामा पदक जित्ने एरिका एक मात्र नेपाली खेलाडी हुन् ।

रवीन्द्र बने रोहिणीको ब्रान्ड एम्बासडर

काठमाडौं/ रोहिणी इन्टरनेसनल एजुकेसन सर्भिसेजले मिक्स मार्सल आर्टस् (एमएए) फाइटर रवीन्द्र ढाँटलाई ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ । रोहिणीले रवीन्द्रलाई एक वर्षका लागि ब्रान्ड एम्बासडर बनाएको हो । दुई पक्षबिचको सम्झौता तीन वर्ष रहेको छ । सम्झौतापत्रमा रोहिणीका मार्केटिङ डाइरेक्टर दया थापा र रवीन्द्रले हस्ताक्षर गरे ।

रवीन्द्रले एमएमएका १० खेलमध्ये नौ खेलमा जित निकालेका छन् । उनले डेढ महिनाअघि भारतको नोयडामा भएको एमएफएन १७ मा बान्टमवेटमा भारतकै नम्बर एक खेलाडी चुंग्रेन कोरेनलाई हराउँदै उपाधि जितेका थिए । 'मैले जति फाइट खेल्न सिकें, त्यति बोल्न सिकेको छैन । मलाई साथ दिनुभएकोमा रोहिणीलाई धन्यवाद,' रवीन्द्रले भने, 'जुन दिन मैले प्रशिक्षकलाई भेटें, त्यसपछि मेरो लाइफ परिवर्तन भयो । हाम्रो आगामी यात्रामा साथ दिने प्रतिबद्धता व्यक्त गर्नुभएकोमा रोहिणीलाई धेरै धन्यवाद ।' डाइरेक्टर थापाले पनि रवीन्द्रसँग सहकार्य गर्न पाउनु हर्ष र गौरव भएको बताए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com